# महानिर्देशकको मन्तव्य

सरकारलाई प्राप्त हुने राजस्व चुहावटलाई नियन्त्रण गर्ने प्रमुख उद्देश्यका साथ स्थापित यस विभागको कार्यक्षेत्र विस्तार र मौजुदा अवस्थालाई समेत समेटी आर्थिक वर्ष ०७१/७२ को विभाग तथा मातहत क्षेत्रीय कार्यालयहरूको कार्य प्रगतिलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३९ बमोजिम वार्षिक प्रतिवेदनको रुपमा प्रकाशन गर्न पाउँदा हर्षित छु।

प्रस्तुत प्रतिवेदन यस विभाग एवं मातहत कार्यालयहरूबाट कार्य सम्पादनको सिलसिलामा प्रयोग हुने भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन, राजस्व चुहावट ऐन एवं विदेशी विनिमय (नियमति गर्ने) ऐन बमोजिम भएका कसुरहरुको अनुसन्धानबाट नेपाल सरकारलाई प्राप्त राजस्व, धरौटी लगायत विभाग एवं कार्यालयहरुलाई भएको वार्षिक वजेट विनियोजन एवं खर्च सम्बन्धी तथ्याङ्क संकलन एवं विश्लेषण गरी तयार गरिएको छ।

यो प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न विभाग एवं क्षेत्रीय कार्यालयहरुका सबै कर्मचारी मित्रहरू धन्यवादका पात्र हुनुहुन्छ । यो प्रतिवेदन तयारीदेखि प्रकाशन कार्यसम्म विशेष योगदान दिनुहुने निर्देशक तीर्थराज खनाल, नायव सुब्बा पोषण बहादुर थापा, कम्प्युटर अपरेटर चना श्रेष्ठप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

यो प्रतिवेदनमा कुनै त्रुटी फेला परे आगामी वर्षको प्रतिवेदन तयारी गर्दा सच्याउन पाउने गरी सकारात्मक सुझावका लागि पनि हार्दिक आग्रह गर्दछु।

धन्यवाद।

..........................

(बालकृष्ण घिमिरे)

महानिर्देशक

# विषय - सूची

**भाग - एक : विषय प्रवेश** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ परिचय ........ १
१.३ विभागको सोच ........ २
१.४ उद्देश्य ........ २
१.५ रणनीति ........ २
१.६ कार्यक्षेत्र ........ ३
१.७ कानूनी अधिका र क्षेत्र ........ ३
**भाग - दुई : संगठन संचरना, जनशक्ति र कार्यसम्पादन प्रणाली** ........ ७
२.१ विद्यमान संगठन संरचना ........ ७
२.२ जनशक्ति ........ ८
२.३ कार्यसम्पादन प्रणाली ........ ८
(क) उजुरी वा सूचनाको सङ्कलन ........ ८
(ख) सूचना विश्लेषण ........ ९
(ग) विस्तृत अनुसन्धान र छानबिन ........ ९
(घ) मुद्दा दायर र फैसला ........ १०
(ङ) फैसला कार्यान्वयन ........ १०
**भाग - तीन : आर्थिक वर्ष ०६९/७० को प्रगति स्थिति** ........ ११
३.१ विभाग तथा क्षेत्रीय कार्यालयहरूको वर्तमान (आ.व. ०६९/७०) बजेटको अवस्था ........ ११
३.२ विभागको राजस्व सङ्कलनको स्थितिः ........ ११
(क) मूल्य अभिवृद्धि करतर्फ ........ १२
(ख) आयकरतर्फ ........ १२
(ग) अन्तःशुल्कतर्फ ........ १२
(घ) भन्सारतर्फ ........ १२
(ङ) विदेशी विनिमयतर्फ ........ १२
(च) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनतर्फ ........ १३
३.३ मुद्दा फछ्र्यौटसम्बन्धी विवरण ........ १३
३.४ आन्तरिक ढुवानीका साधन चेकजाँचको स्थिति ........ १४

३.५ आर्थिक वर्ष ०६९/७० मा गरिएका मुख्य-मुख्य सुधारात्मक कार्यहरू ................................ १४
(क) संगठनात्मक संरचना सुधार ........................................................................ १४
(ख) जनशक्तिको थप व्यवस्था ............................................................................ १५
(ग) कर्मचारी आचार संहिता .............................................................................. १५
(घ) राजस्व अनुसन्धान विभागको केन्द्रीय सूचना प्रणाली (DRI-CIS) .......................... १५
(ङ) Vehicle Tracking System लागू गर्ने ............................................................ १५
(च) उच्चस्तरीय अनुगमन समितिद्वारा निरीक्षण/भ्रमण ............................................ १६
(छ) द्रुत गस्ती (Flying Squad) परिचालन ............................................................ १६
(ज) विज्ञ टोली गठन ...................................................................................... १६
३.६ विदेशी विनिमय सम्बन्धी ............................................................................. १७
३.७ प्रमुख कार्यहरू ........................................................................................... १७
३.८ आर्थिक वर्ष ०६९।७० को वजेट वक्तव्यमा उल्लिखित विभाग सम्वद्ध बुँदागत प्रगति विवरण . १८
३.९ राजस्व अनुसन्धान विभागबाट आ.व. ०६९।७० मा गरिएका अनुसन्धानहरू (मुख्य-मुख्य फर्महरू) .. १९
३.१० आ.व. ०६९।७० को बजेट तथा कार्यक्रम ............................................................ २०
३.११ आ.व. ०६९/७० को बेरुजु फछ्र्यौटको स्थिति ..................................................... २०
**भाग – चार संगठन संरचना र जनशक्ति** ............................................................ २१
४.१ विभाग र अन्तर्गत क्षेत्रीय कार्यालयहरूको मौजूदा दरवन्दी विवरण .................................. २१
४.२. राजस्व अनुसन्धान विभागको सांगठनिक संरचना ........................................................ २२
४.३. विभागको कर्मचारीको दरवन्दी तेरिज ..................................................................... २३
४.४. क्षेत्रीय कार्यालयहरू ........................................................................................ २३
(क) पूर्वाञ्चल क्षेत्रीय कार्यालय, इटहरी, सुनसरी ....................................................... २४
(ख) मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, बारा ...................................................... २६
(ग) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवल, रुपन्देही .................................................. २८
(घ) मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, कोहलपुर, बांके ............................. ३०
**भाग – पाँचः विभाग तथा क्षेत्रीय कार्यालयहरूको प्रगति विवरण** ........................................ ३२
५.१ सूचना संकलन ............................................................................................. ३२
५.२. केन्द्रीय सूचना प्रणालीको विकास (DRI-CIS) स्थापना ................................................ ३३
५.३. प्रवर्द्धनात्मक कार्यक्रम .................................................................................... ३३

५.४ कार्यगत लक्ष्य र प्रगति विवरण ........ ३३
५.५ क्षेत्रीय कार्यालयहरूको प्रगति स्थिति ........ ३४
(क) राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, इटहरी ........ ३४
(ख) राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैया ........ ३८
(ग) राजस्व अनुसन्धान पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, बुटवल ........ ४६
(घ) राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, कोहलपुर ........ ५०
**भाग – छ : विद्यमान समस्या तथा समाधानका उपायहरू** ........ ५४
६.१ विद्यमान समस्या ........ ५४
(क) कानूनी समस्या ........ ५४
(ख) संस्थागत ⁄ संरचनात्मक समस्या ........ ५४
(ग) मानव संशाधन विकाससम्वन्धी समस्या ........ ५५
(घ) सूचना प्रणालीसम्बन्धी समस्या ........ ५५
(ङ) संगठनात्मक समस्या ........ ५५
(च) प्रकृयागत समस्या ........ ५६
(छ) स्रोत साधन सम्बन्धी समस्या ........ ५७
६.२ समस्या समाधानका उपायहरू ........ ५७
**भाग – सात : आगामी गन्तव्य** ........ ५९
७.१ राजस्वको विद्यमान अवस्था ........ ५९
७.२ कार्यसम्पादन स्तर एवम् सुधारका सोचहरू ........ ५९
(क) राजस्व चुहावटका नवीन क्षेत्रहरूको पहिचान र नियन्त्रणका सम्भाव्य उपायको खोजी ... ६०
(ख) कार्य सञ्चालन निर्देशिका (Standard Operating Procedure) बनाउने ........ ६०
(ग) FAQ लाई अद्यावधिक गर्ने ........ ६०
(घ) सुराकी खर्च परिचालन कार्यविधि, २०६८ को पारदर्शी कार्यान्वयन ........ ६०
(ङ) मालबस्तुको ओसार-पसार तथा चेकजाँच सम्बन्धी जानकारी पुस्तिका, २०६८ को कार्यान्वयन .. ६१
(च) विभागबाट क्षेत्रीय कार्यालयको Online अनुगमन ........ ६१
(छ) DRI-CIS को Upgrading गर्ने ........ ६१
(ज) गस्ती परिचालन गर्ने ........ ६२
अनुसूचीहरू ........ ६६

# भाग - एक
# विषय प्रवेश

## १.१ विषय प्रवेश

राज्यको स्थापना कालदेखि नै जनकल्याण र सुरक्षा प्रवन्धन कार्यको प्रारम्भ भएका हो । यसरी जनकल्याण र सुरक्षा व्यवस्था मिलाउनका लागि त्यसै बेलादेखि राजस्व संकलन कार्यको प्रारम्भ भएको हो । पर्याप्त राजस्व संकलन हुन नसके अपेक्षित सेवा तथा सुविधा प्रदान गर्न राज्य असमर्थ हुन्छ । त्यसैले राजस्व संकलन कार्यलाई चुस्त दुरुस्त र चुहावटरहित तुल्याउनु वाञ्छनीय हुन्छ । राजस्व सङ्कलनमा हुने चुहावटका कारण राज्यको दरिलो र प्राथमिक श्रोतमा संकुचन आउन सक्ने र स्रोत संकुचनले राज्यका आर्थिक, सामाजिक एवम् अन्य दायित्व निर्वाहमा समस्या उत्पन्न हुन्छ । राज्यको स्रोत अपचलनको प्रमुख कारकको रुपमा स्वीकार गरिने राजस्व चुहावटले आर्थिक गतिविधिमा ह्रास एवम् लगानीमैत्री वातावरणमा समेत प्रतिकूल अवस्था सृजना हुन्छ । राज्यको स्रोत व्यवस्थापन, राजस्व परिचालन एवम् राज्यको दायित्व निर्वाहमा राजस्व चुहावट नियन्त्रण र त्यस उपरको अनुसन्धानका माध्यमबाट स्रोत परिचालनको क्षमतामा अभिवृद्धि गरी उचित प्रतिफलको बाटोमा अगाडि बढ्नु आवश्यक देखिन्छ ।

देशमा विद्यमान गरिबी, अशिक्षा, वेरोजगारीका कारण मानिस जीवन यापनका लागि जस्तोसुकै पेशा तथा व्यवसाय अपनाउन समेत तयार रहने गरेको पाइन्छ । वर्तमान प्रविधिको विकास तथा त्यसको सदुपयोग सँगसँगै दुरुपयोगमा समेत बढोत्तरी भइरहेको छ । यिनै कुराका अलावा हाम्रो दक्षिणी मित्र राष्ट्र भारतसँगको खुला सिमानाले पनि राजस्व चुहावट नियन्त्रणमा चुनौती श्रृजना गरेको छ । यसको प्रभावकारी नियन्त्रण अत्यावश्यक भएको महसुस गरी राज्यले विविध उपायहरू अवलम्बन गर्दै आएको छ । यी उपायहरूको सही कार्यान्वयनमार्फत नै तत्कालीन र दीर्घकालीन दायित्व निर्वाहका लागि आवश्यक श्रोतको पूर्ति गर्न सकिन्छ । राजस्व चुहावट आर्थिक अपराध भएको कारण यसले सामाजिक, सांस्कृतिक र राजनीतिक प्रभाव पनि पार्ने हुँदा यसको नियन्त्रणका लागि संरचनागत र कानूनी पक्षलाई सबल तुल्याउनु आवश्यक देखिन्छ ।

## १.२ विभागको चिनारी

नेपाल सरकारले राजस्व सङ्कलन कार्यमा हुने चुहावटलाई कसरी न्यून अंकमा झार्न सकिन्छ भन्ने उपायको खोजीका क्रममा राजस्व चुहावट रोकथाम र नियन्त्रणका लागि २०५० सालसम्म अर्थ मन्त्रालय मातहत राजस्व अनुसन्धान महाशाखा गठन गरी सोही महाशाखामार्फत राजस्व चुहावट न्यूनीकरण कार्य हुँदै आएकोमा यसलाई थप प्रभावकारी र क्रियाशील बनाउने उद्देश्यका साथ छुट्टै विभागको रुपमा वि.सं.२०५० सालमा राजस्व अनुसन्धान विभागको गठन भएको हो । राजस्व चुहावटको क्षेत्र व्यापक बन्दै गएको, चुहावटको प्रकृति र प्रवृत्ति नयाँ ढंगबाट बिस्तारित र रुपान्तरित हुँदै गएको सन्दर्भलाई हृदयंगम गरी राजस्व चुहावटको नियन्त्रण कार्यमा प्रभावकारिता ल्याउने उद्देश्यबाट राजस्व अनुसन्धान विभाग स्थापना गरी तदनुरुप जिम्मेवारी प्रदान गर्न वाञ्छनीय भएकोले कर र गैरकर राजस्वको चुहावटको संभावनालाई न्यूनीकरण गर्न, राजस्व अनुसन्धानको क्षेत्रमा विशिष्टीकरण कायम गरी राजस्व सङ्कलनको कार्यलाई प्रभावकारी तुल्याउन विभाग क्रियाशील रहेको छ ।

राजस्व चुहावट नियन्त्रणको समष्टिगत कार्यमा सहजीकरण र प्रभावकारिता ल्याउन, विभागको कार्यक्षेत्रमा स्पष्टता कायम गरी कार्यगत विशिष्टता हासिल गर्न र राजस्व चुहावट नियन्त्रण गर्न राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को तर्जुमा भई कार्यान्वयन भइरहेको छ । यो कानूनी व्यवस्थाले विभागको कार्यक्षेत्रलाई स्पष्टता प्रदान गरेको छ ।

## १.३ विभागको सोंच

विभागको दीर्घकालीन सोच देहाय बमोजिम रहेको छ;
"आर्थिक अपराधमुक्त क्षेत्र र राजस्व अभिवृद्धिको वातावरण
उच्च, फराकिलो एवम् दीगो अर्थतन्त्रको विकासमा योगदान ।"

## १.४ उद्देश्य

राजस्व अनुसन्धान विभाग प्रचलित नेपाल कानूनले आफूलाई प्रदान गरेको अधिकार र कर्तव्यको पूर्ण पालना गरी प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गर्दै पारदर्शी एवम् स्वच्छ अर्थतन्त्रको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवम् व्यावसायिक राजस्व प्रशासनको संस्थागत विकासमार्फत राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणका लागि निम्नानुसारका उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ :-

- द्रुततर आर्थिक विकासका लागि अधिकतम राजस्व सङ्कलनको आधार तयार गर्ने,
- राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने,
- स्वच्छ र पारदर्शी अर्थतन्त्र निर्माणको लागि योगदान गर्ने,
- राजस्व चुहावट र आर्थिक अपराध सम्वद्ध अनुसन्धान कार्यलाई गति प्रदान गरी राजस्व नीति तथा कानूनको तादाम्यताको स्तर अभिवृद्धि गर्ने,
- विदेशी विनिमयको अवैध ओसारपसार तथा कारोबारको अनुसन्धान तथा प्रभावकारी नियन्त्रण गर्ने,
- स्वच्छ, स्वःस्फूर्त र अवरोधरहित व्यावसायिक क्रियाकलापको प्रवर्द्धनमार्फत लगानीमैत्री वातावरणको निर्माण गर्ने ।

## १.५ रणनीति

निर्दिष्ट सोचतर्फ उन्मुख भई उपरोक्त उद्देश्य परिपूर्तिका लागि विभागले आफ्नो कार्यसम्पादन गर्दा देहायका रणनीतिहरू अवलम्वन गर्ने गर्दछः-

- **प्रवर्द्धनात्मक उपाय (Promotional Measures)** : प्रचारप्रसार, गोष्ठी, सेमिनार, अन्तरक्रिया, जागरण अभियान, संस्थागत सुदृढीकरण, कार्यप्रणाली र कार्यविधिमा सुधार,
- **निरोधात्मक उपाय (Preventive Measures)** : नियम-कानूनको परिपालना, गस्ती परिचालन, आचारसंहिता निर्माण एवम् पालन,
- **उपचारात्मक उपाय (Curative Measures)** : छापा मार्ने, कब्जा गर्ने, जफत गर्ने, दण्डित गर्ने, क्षतिपूर्ति लिने, लिलामबिक्री गर्ने आदि ।

## १.६ कार्यक्षेत्र

मूल रुपमा राजस्व अनुसन्धान विभागले राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ र नियमावली, २०७० को परिधिभित्र रही आफ्ना क्रियाकलापहरू सञ्चालन गरेको छ । यद्यपि, कार्यसम्पादनका सिलसिलामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३, अन्तःशुल्क ऐन, २०५८, अन्तःशुल्क नियमावली, २०५८, भन्सार ऐन, २०६४, भन्सार नियमावली, २०६४ का अतिरिक्त विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ लाई समेत अनुसरण गरी प्रत्यायोजित अधिकारका आधारमा देहाय अनुसारको कार्यसम्पादन गर्दै आएको छ :-

- कर तथा गैरकर राजस्व चुहावटउपर अनुसन्धान गर्ने,
- विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान गर्ने,
- भन्सार जाँचपास भई आएका सामानहरू चेकजाँच गरी भन्सार महसुल तिरे/नतिरेको वा कम तिरेको यकिन गरी आवश्यक कारवाही गर्ने,
- आन्तरिक वा बाह्य ओसार-पसारलाई व्यवस्थित गर्न स्थलगत अनुगमन गर्ने,
- मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने वा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुहरूको कारोबार गर्नेले मू. अ. कर तिरे/नतिरेको अनुसन्धान गरी कारवाही गर्ने,
- व्यापार विचलन भई अनधिकृत रुपमा पैठारी वा निकासी हुने मालवस्तुउपर नियन्त्रण गर्ने,
- राजस्व चुहावट भएको वा हुन लागेको सूचनाको आधारमा प्रारम्भिक अनुसन्धान गरी थप अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाउने वा विस्तृत अनुसन्धान गरी अदालतमा मुद्दा दायर गर्ने,
- राजस्व चुहावट नियन्त्रण, अनुसन्धान तथा सो उपर कारवाही गर्ने,
- राजस्व प्रशासनको आधुनिकीकरण तथा सुदृढीकरणको लागि नीतिगत पृष्ठपोषण गर्ने ।

## १.७ कानूनी अधिकारक्षेत्र

राजस्व अनुसन्धान विभागलाई आफ्नो कार्यसम्पादनका लागि राजस्व प्रशासन सम्वद्ध देहायका कानूनहरूको प्रयोग गर्ने अधिकार प्रदान गरिएको छ :-

**बाकस – १**

**राजस्व अनुसन्धान विभागले कार्यसम्पादनका क्रममा प्रयोग गर्ने नेपाल कानूनहरू**

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
- विदेशी विनिमय (नियमित गर्ने) नियमावली, २०२०
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- भन्सार ऐन, २०६४
- भन्सार नियमावली, २०६४
- अन्तःशुल्क ऐन, २०५८
- अन्तःशुल्क नियमावली, २०५९

**(क) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७०**

राजस्व अनुसन्धान विभागको कार्य र कार्यक्षेत्रलाई स्पष्टता दिई विभागको अनुसन्धानात्मक, नियन्त्रणात्मक र प्रवर्द्धनात्मक कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने आधार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७० ले प्रदान गरेका छन् । सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्दै देशको आर्थिक विकासलाई द्रुततर रुपमा अगाडि बढाउन राजस्व चुहावटलाई प्रभावकारी नियन्त्रण गरी अधिकाधिक राजस्व परिचालन गर्न प्रस्तुत ऐनले विभागलाई अधिकार प्रदान गरेको छ । मूलतः कर तथा गैरकर राजस्व क्षेत्रमा हुने चुहावटको संभावनालाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गर्न ऐनले विभागलाई अधिकार सम्पन्न तुल्याएको छ । यो ऐनमार्फत राजस्व चुहावटको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा राजस्व चुहावटउपर मुद्दा दायर गर्ने अधिकार समेत विभागले प्राप्त गरेको छ ।

**बाकस – २**

**राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ का परिच्छेदगत प्रमुख प्रावधानहरू**

- ६ वटा परिच्छेदहरू र ४२ वटा दफाहरू रहेको यस ऐनको प्रस्तावनामा "राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण र रोकथाम गरी राजस्व सङ्कलनमा वृद्धि गर्न वाञ्छनीय भएको" भन्ने उल्लेख ।
- परिच्छेद १ मा प्रारम्भिक (नाम र परिभाषाहरू) रहेको ।
- परिच्छेद २ मा राजस्व चुहावट नियन्त्रणसम्बन्धी व्यवस्था रहेको ।
- परिच्छेद ३ मा विभागीय कारवाहीसम्बन्धी व्यवस्था रहेको छ भने परिच्छेद ४ खारेज गरिएको छ ।
- परिच्छेद ५ मा मुद्दासम्बन्धी कारवाही र कसूरसम्बन्धी व्यवस्था रहेको ।
- परिच्छेद ६ मा विविध व्यवस्था रहेको ।
- परिच्छेद २ मा राजस्व चुहावट नियन्त्रणसम्बन्धी व्यवस्था : यस परिच्छेदमा राजस्व चुहावट गर्न नहुने, के कस्तो कार्य गरेमा राजस्व चुहावट भएको मानिने, कर्मचारीले के गर्दा भ्रष्टाचार भएको मानिने आदि व्यवस्थाहरू उल्लेख गरिएको छ । साथै, विभागको अधिकार क्षेत्र र राजस्व चुहावटको सूचना दिनेसम्बन्धी व्यवस्था भएको छ ।
- परिच्छेद ३ मा अनुसन्धान तथा तहकिकातको व्यवस्था रहेको ।
- विभागले सूचना वा जानकारी पाएपछि अनुसन्धानको कार्य प्रारम्भ गरी ३० दिनभित्र अनुसन्धान कार्य सम्पन्न गर्नुपर्ने र थप ३० दिन म्याद थप गर्न सकिने व्यवस्था छ । साथै, अनुसन्धान तथा तहकिकातसम्बन्धी विभागको अधिकारको विस्तृत उल्लेख गरिएको छ । यसअन्तर्गत कागजात र लिखत माग्ने, कसूरको आरोप लागेको व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने, वयान लिने आदि व्यवस्था उल्लेख छ । वयान लिइसकेपछि त्यस्तो व्यक्तिलाई आवश्यकतानुसार थुनामा राख्ने वा खोजेको बखत हाजिर हुन आउने गरी छाड्न सकिने व्यवस्था यसमा उल्लेख छ । यस परिच्छेदमा अनुसन्धान अधिकृत तोक्न सक्ने र अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकारको बारेमा समेत विस्तृत व्यवस्था रहेको छ ।
- परिच्छेद ५ मा मुद्दासम्बन्धी कारवाही र कसूरसम्बन्धी देहायको व्यवस्था रहेको ।
  - मुद्दा दायर गर्ने,
  - मुद्दा नेपाल सरकार वादी हुने,
  - हदम्याद,
  - चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन गर्नुपर्ने,
  - दण्ड सजाय,
  - वाधा विरोध गर्नेलाई सजाय,
- परिच्छेद ६ : विविध व्यवस्था रहेको ।

## (ख) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमावली, २०२०

विदेशी विनिमयको प्रयोगलाई व्यवस्थित र नियमित गरी आर्थिक अपराधमुक्त राज्य निर्माणका सिलसिलामा उक्त ऐनले प्रत्याभूत गरेको व्यवस्था कार्यान्वयन गर्ने जिम्मेवारी यस विभागलाई रहेको छ । विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम विदेशी मुद्राको अपचलन, गैरकानूनी ओसारपसारको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने अधिकार प्राप्त यस विभागले आफै वा नेपाल प्रहरी, भन्सार कार्यालय तथा अन्य निकायबाट दाखिला भएको विदेशी विनिमय अपचलनसम्बन्धी अभियोगमा विस्तृत अनुसन्धान गर्ने गरेको छ ।

## (ग) मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३

मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नुपर्ने वा दर्ता भई कारोबार गरेकाले मूल्य अभिवृद्धि कर छली गर्ने वा कम तिर्ने वा तिर्दै नतिर्ने उद्देश्यबाट गरेका क्रियाकलापहरू नियन्त्रण गर्ने सिलसिलामा त्यस्ता कारोबारको अनुसन्धान तथा तहकिकात गर्न नेपाल सरकारले मू. अ. कर ऐन, २०५२ को दफा ३ बमोजिम विभागका पदाधिकारीलाई कर अधिकृतको रुपमा कामकाज गर्न अधिकार प्रत्यायोजन गरेको छ । ऐनको व्यवस्था बमोजिम प्राप्त प्रत्यायोजित अधिकार प्रयोग गर्न पाउने अधिकारीले मू. अ. कर निर्धारण गरी आदेश जारी गर्ने हुँदा कर निर्धारणमा सहजता आएको छ । यद्यपि मू.अ.कर ऐन बमोजिम कर निर्धारण (Management Assessment) गरिएकोमा निर्धारित करको अभिलेख सम्बन्धित करदाताको खातामा प्रविष्टि गर्न नसक्दा कार्यगत एवम् प्राविधिक जटिलता भएको छ । साथै करदाताको दायित्व अद्यावधिक नहुने जोखिम समेत रहिरहने अवस्था छ ।

## (घ) भन्सार ऐन, २०६४ र नियमावली, २०६४

भन्सार चोरी पैठारी नियन्त्रण गरी स्वच्छ र मर्यादित आर्थिक गतिविधिका लागि भन्सार ऐन, २०६४ को प्रावधानलाई कार्यान्वयन गर्ने अधिकार यस विभागलाई रहेको छ । भन्सार विन्दुबाट विधिपूर्वक प्रवेश गरे बाहेकका अन्य तवरबाट देशमा प्रवेश गरेका मालवस्तु नियन्त्रण गर्न, जफत गर्न र तत्सम्बन्धी मुद्दा फैसला गर्न भन्सार ऐन, २०६४ को दफा ८४ ले दिएको अधिकार प्रयोग गरी यस विभाग र अन्तर्गतका तोकिएको अधिकृतस्तरको कर्मचारीलाई भन्सार अधिकृतको रुपमा कामकाज गर्न पाउने गरी नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भएको छ । विभाग र अन्तर्गतका निकायहरूले आफ्नो कार्यसम्पादनका सिलसिलामा प्रस्तुत ऐन प्रयोग गरी भन्सार चोरी पैठारीको अनुसन्धान तथा कारवाहीमा वृद्धि भई भन्सार चोरी पैठारी नियन्त्रण तथा भन्सार चोरी पैठारीउपरको कारवाहीबाट राजस्व सङ्कलनमा समेत अनुकूल प्रभाव पर्नुका साथै फछ्र्यौट गर्न बाँकी भन्सार ऐन, २०१९ बमोजिम दर्ता भएका मुद्दा फछ्र्यौटको लागि पनि अधिकार प्रत्यायोजन हुँदै आएको छ ।

### (ङ) अन्तःशुल्क ऐन, २०५८ र नियमावली, २०५८

अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन र बिक्री वितरण गर्दा प्रचलित अन्तःशुल्क ऐन बमोजिम तिर्नुपर्ने अन्तःशुल्क छलेको वा कर छल्ने नियतबाट कुनै कार्य गरेकोमा त्यस्तो गतिविधि उपर अनुसन्धान गर्न अन्तःशुल्क ऐन, २०५८ को दफा ५ बमोजिम नेपाल सरकारबाट यस विभागका अधिकृत तथा क्षेत्रीय कार्यालयका प्रमुखलाई सोही ऐनको दफा ६ बमोजिम अधिकार क्षेत्र तोकी अन्तःशुल्कसम्बन्धी अनुसन्धान गर्ने अधिकार प्रदान गरिएको छ । नेपाल सरकारबाट प्रत्यायोजित यो अधिकारले अन्तःशुल्क लाग्ने कारोबारमा भएको राजस्व चुहावटसम्बन्धी अनुसन्धानमा तिब्रता ल्याउन, अन्तःशुल्क छली गर्ने प्रवृत्तिमा नियन्त्रण गरी राजस्व असुलीमा सकारात्मक प्रभाव पारेको छ ।

# भाग - दुई

# संगठन संरचना, जनशक्ति र कार्यसम्पादन प्रणाली

## २.१ विद्यमान संगठन संरचना

जनहितकारी राज्य सञ्चालनको प्राथमिक श्रोतहरूमध्यको प्रमुख श्रोतको रुपमा रहेको राजस्व सङ्कलनका क्रममा गरिने कर छली गर्ने प्रवृत्तिलाई निरुत्साहित र न्यूनीकरण गर्नका लागि अनुसन्धानमूलक र नियन्त्रणमूलक कार्य गर्न दक्ष र तत्क्षेत्रमा जानकार रहेका जनशक्तिको व्यवस्था हुनुपर्ने आवश्यकतालाई महसुस गरी नेपाल सरकारले वर्तमान आर्थिक गतिविधिको लेखाजोखा गरी आवश्यकता, औचित्यता, प्रभाकारिता र विशिष्टीकरण समेतलाई अनुसरण गर्दै यस विभाग र अन्तरगत रहने गरी ४ वटा क्षेत्रीय कार्यालयहरूको गठन गरी सांगठनिक संरचना समेत स्वीकृत गरेको छ । विभागको कार्यबोझ, आर्थिक अपराधको स्वरुपमा आएको विविधता, सीमाविहीन आर्थिक गतिविधिको प्रसङ्ग जस्ता कारणले गर्दा विभागको कार्यक्षेत्र एवम् कार्य स्वरुपमा समेत विविधता र व्यापकता आएको छ । यसै क्रममा २०६७ साल माघ १८ गते नेपाल सरकार (मन्त्रिपरिषद्) बाट राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्य गर्न एकीकृत स्वरुपको राजस्व तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन भई तदनुरुपको दरबन्दी समेत स्वीकृत भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८/३/१ को निर्णयबाट छुट्टै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना भई त्यसले कार्य प्रारम्भ गरेको हुँदा यस विभागको नाम पुनः राजस्व अनुसन्धान विभाग नै कायम भएको छ ।

यस विभाग र अन्तर्गतका तोकिएका पदाधिकारीहरूलाई नेपाल सरकारबाट भन्सार ऐन, २०६४ मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ अनुरुप क्रमशः भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको समेत अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन हुँदै आएको छ । यस विभागलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार जुनसुकै निकाय र विषयका विज्ञ/विशेषज्ञ तथा कर्मचारी परिचालन गर्नसक्ने अधिकार प्राप्त छ । शुरुमा कर राजस्वको चुहावट सम्बन्धमा मात्र अनुसन्धान र नियन्त्रण गर्ने जिम्मेवारी पाएको यस विभागलाई आ.व. ०६५/६६ देखि गैरकर राजस्वको समेत अनुसन्धान तहकिकात र कारवाही गर्ने थप जिम्मेवारी दिइएको छ । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत तोकिएका कार्यहरू सम्पन्न गर्ने प्राथमिक जिम्मेवारी यस विभागलाई सुम्पिएको छ । यसरी समग्र राजस्व चुहावट र विदेशी विनिमय अपचलनको अनुसन्धान, तहकिकात र नियन्त्रणका लागि यस विभागलाई जिम्मेवार बनाइएको पाइन्छ ।

स्वीकृत संगठन संरचनाअनुसार यस विभाग मातहतका ४ वटा कार्यालयहरू (इटहरी, पथलैया, वुटवल र कोहलपुर) लाई क्षेत्रीय कार्यालयको रुपमा नामाकरण गरिएको छ । यी क्षेत्रीय कार्यालयहरू अन्तर्गत चारआली-झापा, बर्दिबास-महोत्तरी, वर्दघाट-नवलपरासी, चन्द्रौटा-कपिलवस्तु र अत्तरिया-कैलाली गरी ५ वटा चेकपोष्टहरू स्वीकृत भएका छन् । केन्द्रीयस्तरको विभाग, क्षेत्रीय कार्यालयहरू तथा चेकपोष्टमार्फत विभागले राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धानको कार्य गर्दै आएको छ ।

## २.२ जनशक्ति

प्रचलित नेपाल कानून अनुसार आफूलाई तोकिएको कार्यसम्पादन गर्नका लागि राजस्व अनुसन्धान विभाग तथा क्षेत्रीय कार्यालयहरू सहित विभागअन्तरगत हाल कूल १८० जना कर्मचारीहरूको दरबन्दी रहेको छ । विभागको प्रमुखमा राजपत्रांकित प्रथम श्रेणीको महानिर्देशक रहने व्यवस्था छ । निजको अतिरिक्त राजपत्रांकित प्रथम श्रेणीकै एक जना उप-महानिर्देशक र नेपाल प्रशासन सेवा, राजस्व समूह तर्फका राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक-६, सामान्य प्रशासन समूहका राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक-१, लेखा समूहका राजपत्रांकित द्वितीय श्रेणीका उप-सचिव (लेखा)-१, राजस्व समूह राजपत्रांकित तृतीय श्रेणीका शाखा अधिकृत-१०, सा.प्र.रा.प. तृतीय श्रेणीका शाखा अधिकृत-३, लेखा समूहतर्फको राजपत्रांकित तृतीय श्रेणीको लेखा अधिकृत-१, न्याय सेवा सरकारी वकिल समूहतर्फका राजपत्रांकित तृतीय श्रेणीको जिल्ला न्यायाधिवक्ता-१, कम्प्युटर अधिकृत-६, कम्प्युटर इन्जिनीयर-१ र राजपत्र अनंकित र श्रेणीविहीनतर्फ ५५ जना गरी विभागमा जम्मा ८७ जना कर्मचारीहरूको दरबन्दी रहेको छ ।

विभाग मातहत पूर्वाञ्चल क्षेत्रको लागि सुनसरीको इटहरी, मध्यमाञ्चल क्षेत्रको लागि बाराको पथलैया, पश्चिमाञ्चल क्षेत्रको लागि रुपन्देहीको बुटवल र मध्य तथा सुदूर पश्चिमाञ्चलका लागि बाँकेको कोहलपुरमा एक/एक क्षेत्रीयस्तरका कार्यालयहरू रहेका छन् । ती सबै कार्यालयहरूको प्रमुखमा राजपत्रांकित द्वितीय श्रेणी, राजस्व समूहका उप-सचिवस्तरका प्रमुख अनुसन्धान अधिकृत र अन्य अधिकृत तथा सहायक कर्मचारीहरूको दरबन्दी रहेको छ । क्षेत्रीय कार्यालयहरूतर्फ अधिकृतस्तरका २८ जना र सहायक ६५ गरी जम्मा ९३ जनाको दरबन्दी रहेको छ । विभागमा मात्र ८७ जनाको दरबन्दी रहेको छ । क्षेत्रीय कार्यालयहरूको संगठन संरचना र दरबन्दी विवरण अनुसूची-२ मा दिइएको छ । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार विभागले अन्य विषयका विशेषज्ञ र कर्मचारीहरूलाई काजमा झिकाई काममा लगाउन सक्ने व्यवस्था गरेको हुँदा काज तथा करारमा रहने कर्मचारीको संख्यामा थप घट हुनसक्ने देखिन्छ । संगठन संरचना र जनशक्तिसम्बन्धी विस्तृत विवरण अध्याय-४ मा प्रस्तुत गरिएको छ ।

## २.३ कार्यसम्पादन प्रणाली

यस विभागले सम्पादन गर्ने कार्यलाई व्यवस्थित र पारदर्शी बनाउने उद्देश्यले विभागको कार्यसम्पादन प्रणालीलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :-

### (क) उजुरी वा सूचनाको सङ्कलन

विभाग र क्षेत्रीय कार्यालयहरूको सूचना सङ्कलनका स्रोतहरू मूलतः २ प्रकारका रहेका छन् ।

- **बाह्य स्रोत** : सुराकी, पत्रकार, पत्रपत्रिका, रेडियो, टी.भी.जस्ता सञ्चारका माध्यमहरू, सरोकार समूहहरू, नेपाल सरकारका अन्य विभाग, मन्त्रालयहरू, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आदिबाट प्राप्त सूचना र विभिन्न व्यक्तिहरू/ संस्थाहरूबाट प्राप्त सूचनाहरू, विभिन्न वेवसाईटहरू आदि ।

- **<u>आन्तरिक स्रोत</u>:** स्थलगत अध्ययन, विभागकै कर्मचारी, विभाग र क्षेत्रीय कार्यालय अर्न्तगतका चेकपोष्टहरू, बजार तथा राजमार्ग अनुगमनबाट प्राप्त सूचनाहरू, नियमित/आकस्मिक र द्रुत गस्ती परिचालनबाट प्राप्त सूचनाहरू तथा आकस्मिक परीक्षणको क्रममा विभागले अपनाएका अन्य रणनीतिहरू र अनुसन्धानको क्रममा उपलब्ध भएका कागजातहरू ।

## (ख) सूचना विश्लेषण

विभिन्न श्रोतहरूमार्फत प्राप्त सूचनाहरूलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्ने गरिन्छ । विश्लेषण गर्ने सन्दर्भमा सूचनाको सत्यता तथा आधिकारिकता जाँच गरी आरोपित व्यक्ति/फर्मको सम्बन्धमा अन्य विभिन्न क्षेत्रबाट सूचना संकलन गरी विश्लेषण गर्ने गरिन्छ ।

## (ग) विस्तृत अनुसन्धान र छानबिन

आवश्यकता र औचित्यताको आधारमा निम्न कार्यहरू मध्ये केही वा सबै वा अरु थप कार्यहरू गरिन्छ ।

- उद्योग विभाग, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय र घरेलु तथा साना उद्योग विभागमा सम्पर्क गरी आवश्यक कागजात मगाइन्छ ।
- नेपाल राष्ट्र बैंकमार्फत वा सोझै विभागद्वारा कारोबारको प्रकृति र आकार अध्ययन गर्न बैंक खाता विवरणसम्बन्धी कागजात मगाइन्छ ।
- आन्तरिक राजस्व कार्यालयमार्फत कर विवरण र अन्य कागजात मगाइन्छ ।
- घरजग्गा जस्ता अचल सम्पत्तिको सूचना प्राप्त गर्न र रोक्का गर्न भूमिसुधार तथा व्यवस्थापन विभागमार्फत सम्बन्धित जिल्ला भूमिसुधार कार्यालय र मालपोत कार्यालयहरूमा पत्राचार गरिन्छ ।
- थुनछेक वा पक्राउ गर्नुपर्ने भएमा प्रहरी कार्यालयमा पत्राचार गरिन्छ ।
- आवश्यकताअनुसार अन्य निकायसँग सम्पर्क गरी अनुसन्धान कार्य अगाडि बढाइन्छ ।
- कारोबार स्थलमा छापा मार्ने र उपलब्ध कागजातको आधारमा करदाताको वयान र अनुसन्धान गर्ने गरिन्छ ।
- विभागमा जडित DRI-CIS (Department of Revenue Investigation-Central Information System) अनुसारको कम्प्युटर प्रविष्ट प्रणालीबाट प्राप्त सूचनाको प्रयोग गरिन्छ ।
- अनुसन्धान र छानविन पश्चात् भन्सार महसुल छलेको पाइएमा भन्सार ऐन/नियम, मू.अ.कर छलेकोमा मूल्य अभिवृद्धि कर ऐन/नियम र अन्तःशुल्क छलेको पाइएमा अन्तःशुल्क ऐन/नियम अनुसारको विधिवत प्रकृया पु¥याई क्रमशः भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको अधिकार प्रयोग गरी महसुल तथा कर निर्धारण र असुलउपर गरिन्छ । आयकर निर्धारणको हकमा भने सोको कार्यक्षेत्र रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइन्छ । तत्कालै कारवाही टुङ्गो लगाई राजस्व असुलीमा समेत सघाउ पुग्ने प्रकृतिका केशहरूमा उक्त ऐनहरू अन्तर्गत प्रत्यायोजित अधिकारबाट कारवाही गरिन्छ ।

- कानूनी व्याख्यामा द्विविधा र अन्तरविरोध भएका गैरकर राजस्वसम्बन्धी मामिलाहरू तथा राजस्व चुहावटका विशेष प्रकृतिका मुद्दाहरू राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गर्ने गरिएको छ । जसको पुनरावेदन पुनरावेदन अदालतमा लाग्दछ । भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क ऐनअन्तर्गतको अधिकार प्रत्यायोजन पश्चात् ती ऐन अनुसार भएको कारवाहीबाट राजस्व असुली र कानूनको परिपालनामा तत्काल सकारात्मक प्रभाव परेको महसुस गरिएको छ ।
- विदेशी मुद्रा अपचलन भएका अधिकांश केशहरू प्रहरीमार्फत पक्राउ भई अनुसन्धानका लागि आउने र अनुसन्धान पूरा भएपछि जिल्ला न्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्ने गरिन्छ ।

### (घ) मुद्दा दायर र फैसला

विस्तृत अनुसन्धान र छानबिनपश्चात् विभाग आफैले कर निर्धारण र फैसला गर्नेमा आफैले गर्ने र अदालतमा पठाउनु पर्नेमा सम्बन्धित अदालतमा मुद्दा दायर गर्न पठाइन्छ ।

### (ङ) फैसला कार्यान्वयन

लिलाम, क्षतिपूर्ति, बिगो, दण्ड-जरिवाना, कमिशन, राजस्व असुली यसअन्तर्गत पर्दछन् । विभाग आफैले फैसला गर्ने केशहरूमा कर/राजस्व असुलउपर गरी जरिवाना तिराउने र अदालतको फैसलाको हकमा अदालतको आदेशअनुसार फैसला कार्यान्वयन गर्ने र गराउने कार्य गरिन्छ ।

# भाग – तीन

# आर्थिक वर्ष ०७०/७१ को प्रगति स्थिति

## ३.१ विभाग तथा क्षेत्रीय कार्यालयहरूको वर्तमान (आ.व. ०७०/७१) बजेटको अवस्था

राजस्व अनुसन्धान विभागको लागि आर्थिक वर्ष ०७०/७१ मा चालु खर्चतर्फ र पूँजीगत खर्चतर्फ रु.४,१०,००,०००।- बजेट प्रस्ताव भएको छ । ४ वटा क्षेत्रीय कार्यालयहरूका लागि चालु खर्चतर्फ रु.६,१३,७५,०००।- पूँजीगत खर्चतर्फ रु.१,६८,६०,०००।- बजेट व्यवस्था भएको छ ।

### (क) राजस्व अनुसन्धान विभाग

आ.व.०७०।७१ मा चालू खर्चतर्फ रु.७,७४,५३,०००।- बजेट व्यवस्था भएकोमा रु.६,६१,००,१४९।६८ खर्च भएको छ । पूँजीगततर्फ रु.४,१०,००,०००।- बजेट भएकोमा रु. १,७०,५९,२४९।२८ खर्च भएको छ । पूँजीगततर्फ भएका प्रमुख कार्यहरूको विवरण निम्नानुसार रहेको छः-

| | | | |
|---|---|---|---|
| १. | Data Centre तथा सफ्टवेयर निर्माण | - | रु.९५,६८,१५२।७५ |
| २. | फर्निचर खरिद | - | रु.९,३४,७४२।६९ |
| ३. | मेशिनरी औजार खरीद | - | रु.३९,९९,९९९।२५ |
| ४. | Shed निर्माण | - | रु.९५,६८,१५२।७५ |

### (ख) क्षेत्रीय कार्यालयहरू

आ.व.०७०।७१ मा चालु खर्चतर्फ रु.६,१३,७५,०००।- बजेट व्यवस्था भएकोमा रु.५,८१,०९,७१९।३२ खर्च भएको र पूँजीगततर्फ रु.१,६८,६०,०००।- बजेट व्यवस्था भएकोमा रु.१,१४,७८,८०४।०६ खर्च भएको छ । पूँजीगततर्फका प्रमुख कार्यहरू देहायबमोजिम छन् :-

| | | | |
|---|---|---|---|
| १. | क्षेत्रीय कार्यालय, इटहरीको भवन मर्मत | - | रु.७३,७३,१४२।८६ |
| २. | फर्निचर खरीद | - | रु.२१,६४,५४१।२० |
| ३. | मेशिनरी औजारखरीद | - | रु.१,९४,१२०।- |

# आर्थिक वर्ष ०७०/७१ को प्रगति स्थिति

## ३.२ विभागको राजस्व सङ्कलनको स्थितिः

राजस्व अनुसन्धान विभाग र मातहतका क्षेत्रीय कार्यालयहरूले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण), मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार, विदेशी विनिमय, तथा आय करतर्फ गरेका कामकारवाहीहरूको विवरण देहायबमोजिम छन् । यससम्बन्धी एकीकृत विवरण अनुसूची - ३ मा संलग्न छ भने सवारी/ढुवानीका साधन लिलाम वा बिक्रीबाट यस आ.व.मा भएको राजस्व संकलनको विवरण पनि अनुसूची - १ मा दिइएको छ ।

### (क) मूल्य अभिवृद्धि करतर्फ

आर्थिक वर्ष ०७०/७१ मा विभाग र मातहतका कार्यालयबाट विभिन्न करदाताहरूको कारोबारको आकस्मिक निरीक्षण गरी खरीद बिक्री तथा मौज्दातको विवरणलगायत कारोबारको सम्बन्धमा छानबिन गर्दा मौज्दात खाताले देखाएको भन्दा कम मौज्दात रहेको, बिक्री विजक जारी नगरी करयोग्य वस्तु तथा सेवा बिक्री गरेको, मूल्य अभिवृद्धि कर ऐन नियम उल्लंघन गरी कारोबार गरेका लगायत कसूरमा विभिन्न फर्महरूबाट रु.१२,१२,३३,०००।- मूल्य अभिवृद्धि कर निर्धारण एवम् असुलउपर गरिएको थियो । विशेषतः न्यून मूल्याङ्कन घोषणा, आन्तरिक ओसारपसारबाट चुहावट र वास्तविक कारोबारको बिल नदिने प्रवृत्ति, नियमनकारी निकायबाट प्रयाप्त अनुगमन नहुनु तथा न्यून जनचेतनाजस्ता कारणहरूले अन्तःशुल्क, भन्सार र मूल्य अभिवृद्धि कर राजस्वको चुहावट भएको विभागको अनुभव रहेको छ । कतिपय अवस्थामा चरणवद्ध कारोबारहरू लुकाउने प्रयास गरिएको विभागको अनुसन्धानबाट देखिएको छ ।

### (ख) आयकरतर्फ

यस आर्थिक वर्षमा विभिन्न करदाताहरूको कारोबारको आकस्मिक निरीक्षण गरी मू.अ.करसम्बन्धी खरीद बिक्री तथा मौज्दातको विवरणलगायत कारोबारको छानबिन गरी आयकर निर्धारणको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरूलाई लेखी पठाइएको देखियो । आयकरतर्फको कर निर्धारण विभाग आफैले नगरी आयकर ऐन, २०५८ को प्रावधानअनुसार आन्तरिक राजस्व कार्यालयमा पठाउने गरिएको छ । यस आ.व.मा विभाग तथा मातहतका कार्यालय समेतबाट आयकरतर्फ रु.५७,७१,०००।- धरौटी स्वरुप असुल उपर गरिएको थियो ।

### (ग) अन्तःशुल्कतर्फ

विभिन्न करदाताहरूको कारोबारको आकस्मिक निरीक्षण गरी खरीद बिक्री तथा मौज्दातको विवरणलगायत कारोबारको सम्बन्धमा छानबिन गर्दा अन्तःशुल्क ऐन तथा नियमबमोजिम कारवाही एवम् अन्तःशुल्क निर्धारणबाट रु.१,४६,७३,०००।- असुलउपर गरिएको छ । सुर्ती र सुर्तीजन्य पदार्थहरूको उत्पादनमा ठूलो मात्रामा अन्तःशुल्क छली भएको पाइएको छ ।

### (घ) भन्सारतर्फ

यस आर्थिक वर्षमा विभिन्न भन्सार नाकाबाट जाँचपास भएका विभिन्न सवारी साधन तथा आकस्मिक परीक्षण तथा अनुसन्धानका अतिरिक्त भन्सार तथा गैरभन्सार नाकाहरूमा गरिएको चेकजाँच, छानबिन तथा निरीक्षणको क्रममा भन्सार ऐन, २०६४ बमोजिम भन्सार राजस्व छलि भएको आधारमा गरिएको कारबाहीबाट महसुल तथा जरिवाना समेत रु.४१,६१,९६,०००।- असुल भएको छ । विशेषतः परिमाणको न्यून घोषणा, आयातित सामानको गलत घोषणा र वर्गीकरण फरक गरी भन्सार महसुल छल्ने गरेको पाइएको छ । उपरोक्त बमोजिम राजस्व असुलीको विस्तृत विवरण अनुसूची-३ मा दिइएको छ ।

### (ङ) विदेशी विनिमयतर्फ

यसआर्थिक वर्षमा विभिन्न व्यक्ति तथा फर्महरूउपर विदेशी विनिमय अपचलन गरेको कसूरमा छानबिन तथा आवश्यक अनुसन्धान प्रक्रिया पूरा गरी त्यस्ता फर्म तथा व्यक्तिहरूउपर विगो

रु.८,२२,४१,०५४।१२ को दावीसहित सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ । सो मध्ये केही प्रमुख विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ । विशेषतः भा.रु.५००।- र १,०००।- दरका नोटहरू नेपालमा चलन चल्ती गर्न, गराउन नपाइने भएकोले धेरै मुद्दाहरू यससँग सम्बन्धित छन् । नेपाल राष्ट्र बैंकको परिपत्रअनुसार ती नोटहरू नेपालभित्र चलन चल्तीमा ल्याउन प्रतिबन्धित छ । अज्ञानतावस, भूलवस र सूचना/प्रचार प्रसारको कमीका कारण धेरै सर्वसाधारण नेपाली र भारतीयहरू समेत यस कसूरअन्तर्गत कारवाहीमा परेका छन् । सम्बन्धित उच्चस्तरीय निकायबाट यस सम्बन्धमा थप व्यवस्थापन गर्नेतर्फ कदम चाल्नुपर्ने अन्यथा धेरै सर्वसाधारणले कारवाही भोग्नुपर्ने अवस्था रहेको विभागले महसुस गरेको छ । यससम्वन्धी विस्तृत विवरण अनुसूची-२ मा दिइएको छ ।

### (च) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनतर्फ

आर्थिक वर्ष ०७०/७१ मा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत कुनै पनि मुद्दा दायर नभएको ।

## ३.३ मुद्दा फछ्र्यौटसम्बन्धी विवरण

आर्थिक वर्ष ०७०/७१ मा यस विभागमा गत वर्षबाट जिम्मेवारी सरी आएका, नयाँ दर्ता भएका र फछ्र्यौट भएका मुद्दाहरूको विवरण तालिका नं. १ मा दिइएको छ ।

### तालिका नं. १ : मुद्दा फछ्र्यौटसम्बन्धी स्थिति

**(क) विदेशी विनिमयतर्फ**

| | |
|---|---|
| आ. व. ०६९/७० बाट जिम्मेवारी सरी आएको | ७९ |
| आ. व. ०७०/७१ मा दर्ता भएको | ८० |
| **जम्मा** | **१५९** |
| आ. व. २०७०/७१ मा अदालतमा मुद्दा दायर भएको | ७ |
| मुद्दा नचलाउने निर्णय | २ |
| आ.व. ०७१/७२ को लागि जिम्मेवारी सरेको | १५० |

**(ख) भन्सारतर्फ (विभाग र अन्तरगतका कार्यालयहरू समेत)**

| | |
|---|---|
| आ. व. ०६९/।७० बाट जिम्मेवारी सरी आएको | ११२ |
| आ. व. ०७०/७१ मा दर्ता भएको | ८३१ |
| **जम्मा** | **९४३** |
| आ. व. ०७०/७१ मा फछ्र्यौट भएको | ७८८ |
| **जम्मा बाँकी** | **१५५** |

## ३.४ आन्तरिक ढुवानीका साधन चेकजाँचको स्थिति

भन्सार कार्यालयहरूबाट जाँचपास भई छुटेको मालवाहक ढुवानीका साधनहरूको चेकजाँच र सोबाट छलिएको राजस्व असुलउपर गर्ने कार्य नियमित रुपमा हुँदै आएको छ । भन्सार बिन्दुबाट आएका ढुवानीका साधनहरूमा समेत राजस्व चुहावटको मात्रा न्यून हुन सकेको छैन । खुला सीमानाको कारण दक्षिणतर्फबाट चोरी पैठारी भई नेपाल भित्रिने र ती चोरी पैठारीका सामानहरू विभिन्न वहानामा देशको अन्यत्र भागमा ढुवानी गरी पठाउने गर्दा राजस्व छली ठूलो मात्रामा हुने गरेको यथार्थता छ । यस विभाग अन्तर्गतका विभिन्न क्षेत्रमा रहेका क्षेत्रीय कार्यालयहरू र ती अन्तरगतका चेकपोष्टहरू चेकजाँच कार्यमा सक्रियताका साथ लागेका भए तापनि राजस्व चुहावट अपराध आशातित रुपमा न्यून हुन सकेको छैन । राजस्व अनुसन्धान विभागबाट बेला-बेलामा खटिने द्रुत गस्ती टोली तथा आकस्मिक गस्ती टोलीबाट समेत ढुवानीका साधानहरू कब्जामा लिई चेकजाँच पश्चात् गर्नुपर्ने कारवाही गरी छलिएको महसुल तथा राजस्व असुलउपर गर्ने कार्य हुँदै आएको छ ।

**बाकस - ३**

**आ. व. ०७०/७१ मा सवारी/ढुवानीका साधन लिलाम र बिक्रीको विवरण**

प्रहरीद्वारा चोरी पैठारीको अभियोगमा विभागमा दाखिला गरेका र विभाग आफैले कव्जामा लिएका सवारी साधनहरू विभागले लिलाम गरी राजस्व असुल गर्ने गरेको छ । आ.व. ०७०/७१ मा सवारी/ढुवानीका साधन लिलाम बिक्रीबाट प्राप्त राजस्व रकम रु.१,३७,५०,१००।- असुलउपर भएको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा छ ।

## ३.५ आर्थिक वर्ष ०७०/७१ मा गरिएका मुख्य-मुख्य सुधारात्मक कार्यहरू

विभागको सांगठनिक पुनर्संरचना, जनशक्ति, आचार संहिताको कार्यान्वयन, तालिम, गोष्ठी, भौतिक पूर्वाधार, बजेट व्यवस्था, द्रुतगस्ती परिचालनलगायतका क्षेत्रमा भए गरेका सुधारलाई संक्षेपमा तल उल्लेख गरिएको छः-

### (क) संगठनात्मक संरचना सुधार

बीस वर्ष अगाडि स्थापना भएको विभागले शुरुका वर्षहरूमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार कार्य गर्दै आएको भए तापनि पछिल्ला वर्षहरूमा राजस्व असुलीमा समेत सहयोग पुऱ्याउने उद्देश्यले क्रमशः विदेशी विनिमय ( नियमित गर्ने) ऐन, २०१९, भन्सार ऐन, २०६४, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ को अधिकार समेत यस विभागले प्रयोग गर्ने गरी नेपाल सरकारद्वारा प्रत्यायोजन भएको छ । गैरकर राजस्व चुहावटको अनुसन्धान तथा तहकिकात गर्ने थप जिम्वेवारी पनि यस विभागमा रहेको छ ।

बढ्दो जिम्मेवारी पूरा गर्न संगठन संरचना र कर्मचारी दरबन्दीमा पुनरावलोकन गरी विभाग एवम् कार्यालयहरूको सांगठनिक संरचनाको पुनरावलोकन गर्न एक चरण संगठन-व्यवस्थापन सर्वेक्षण सम्पन्न भइसकेकोमा निजामती सेवा ऐन, २०४९ मा भएको तेस्रो

संशोधन तथा आ.व. ०७०/७१ को वजेट वक्तव्यको बुँदा नम्बर ३९४ मा भएको व्यवस्थाका कारण विस्तृत सर्वेक्षण आवश्यक भएको महसुस गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी विज्ञबाट प्रतिवेदन प्राप्त भएको छ । त्यसलाई  अन्तिम रुप दिएर स्वीकृतिका लागि पठाउने तयारीमा विभागमा रहेको छ ।

**(ख) जनशक्तिको थप व्यवस्था**

विभागको कूल दरबन्दी ८७ र अन्तर्गतका क्षेत्रीय कार्यालयहरूको दरबन्दी ९३ समेत गरी हाल विभागअर्न्तगत जम्मा १८० दरबन्दी रहेको छ । सोच अनुसारको प्रगति हासिल गर्न विभागको कार्यसम्पादनमा आवश्यक मात्रामा कर्मचारीहरू नपुग भई कर्मचारीको अभाव रहेको छ भने राजस्व अनुसन्धान विभागको उद्देश्य र कार्य प्रकृति भन्दा बाहिरका अन्य कर्मचारीहरूलाई  फाजिल र काजमा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयबाट पठाउने प्रवृत्तिको कारण केही समस्याहरू सिर्जना भएको अवस्था छ ।

**(ग) कर्मचारी आचार संहिता**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २३(३) अनुसार हुने गरी सदाचार, निष्पक्ष, तटस्थ, पारदर्शी, इमान्दार र स्वच्छ कर्मचारी प्रशासन नभएसम्म समग्र कर्मचारी वर्ग कामप्रति जिम्मेवार नबन्ने, उत्तरदायित्वप्रति उदासिन रहने, कार्य वातावरणमा उत्प्रेरणाको कमीले कार्यसम्पादनमा पनि प्रतिकूल असर पर्न जाने भएकोले यस विभाग र मातहतका कर्मचारीहरूको लागि आचार संहिता जारी गरिएको छ । आचार संहिताको प्रभावकारी कार्यान्वयनले कर्मचारीको व्यवहारमा परिवर्तन आई उनीहरूबाट सम्पादित कार्य पारदर्शी र सेवाग्राहीलाई छिटो छरितो एवम् गुणस्तरीय सेवा प्रदान गर्न सकिने भई सुशासनको मार्गमा अघि बढ्न सहयोग पुग्ने  देखिन्छ ।

**(घ) राजस्व अनुसन्धान विभागको केन्द्रीय सूचना प्रणाली (DRI-CIS)**

एसियाली विकास बैंकको Support to Anti-Corruption Institutions आयोजनाअन्तर्गत अमेरिकी डलर ४५,१६५.०० बराबरको प्राविधिक सहयोगमा यस विभागमा Department of Revenue Investigation Central Information System (DRI-CIS) स्थापना र सञ्चालन भएको छ । यस DRI-CIS ले ओसार पसार हुने मालबस्तुको अभिलेख राख्नमा सहयोग पुऱ्याएको छ । क्षेत्रीय कार्यालयहरूमा प्रविष्टि भएका कारोबारका विवरणहरू विभागको केन्द्रीय इकाईले सङ्कलन गर्दछ । यस आयोजनाअन्तर्गत सूचना सञ्जाल स्थापनाको अतिरिक्त विभिन्न स्थानमा स्थायी रुपमा होर्डिङ्ग बोर्डहरू राखी राजस्व चुहावट नियन्त्रणको प्रचार-प्रसार गरिएको छ । आगामी आ.व.मा यस DRI-CIS लाई Web-based बनाई प्रणालीमा प्रवृष्टि गरेर मात्र मालबस्तु ढुवानी गर्न पाइने व्यवस्था गर्ने योजना छ । यो व्यवस्था लागू भई यसको कार्यान्वयन पश्चात् भन्सार चोरी पैठारीमा उल्लेख्य नियन्त्रण हुने अपेक्षा गरिएको छ ।

### (ङ) Vehicle Tracking System लागू गर्ने

यस प्रणाली अनुसार सबै मालवाहक ढुवानीका साधनहरूको Online Monitoring गर्नको लागि ढुवानी साधनमा जडान गरिने Vehicle Tracking Device (GPS Device) जडान गर्नु पर्नेछ । यसबाट विभिन्न स्थानबाट प्रत्येक दिन छुटेको मालवाहक ढुवानी साधनहरूको बिद्युतीय माध्यमबाट अनुगमन गरी विभागले आफ्नो अनुसन्धान तथा नियन्त्रणका गतिविधि सहज रुपमा सञ्चालन गर्न सक्नेछ । यस सम्बन्धी विधि र प्रक्रिया, संभाब्यता, लागत आदिको बारेमा आगामी आ.व.मा अध्ययन गरिने कार्यक्रम रहेको छ ।

### (च) उच्चस्तरीय अनुगमन समितिद्वारा निरीक्षण/भ्रमण

यस विभागका महानिर्देशकको अध्यक्षतामा गठित उच्चस्तरीय राजस्व चुहावट नियन्त्रण अनुगमन समितिले आफ्ना सदस्यहरूका साथ विभिन्न समयमा विभिन्न भन्सार नाकाहरूको निरीक्षण भ्रमण गरी जिल्लास्तरीय राजस्व चुहावट नियन्त्रण समिति र जिल्ला तथा नगर उद्योग वाणिज्य संघका पदाधिकारीहरूसँग आवश्यक छलफल र अन्तरक्रिया गरी चुहावट नियन्त्रणका थप उपाय बारे सल्लाह र सुझाव प्रस्तुत गरेको छ ।

### (छ) द्रुत गस्ती (Flying Squad) परिचालन

आ. व. ०७०/७१ मा राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान गर्ने उद्देश्यले स्थलगत रुपमा द्रुत गस्ती परिचालन गरिएको थियो । विभिन्न समयमा नारायणी नदी पूर्व-मेचीसम्म र नारायणी नदी पश्चिम-महाकालीसम्म द्रुत गस्ती खटाइएको र उक्त टोलीहरूले राजमार्गहरूमा सवारी/ढुवानीका साधनहरूमा ढुवानी भएका शंकास्पद मालवस्तु एवम् सामान चेकजाँच तथा उद्योग तथा व्यापारिक कारोबारहरूमा आकस्मिक रुपमा चेकजाँच गरी शंकास्पद कारोबारका कागजातहरू अनुसन्धानको लागि काब्जामा लिई क्षेत्रीय कार्यालयहरू तथा यस विभागबाट कारवाही गरिएको थियो । साथै काठमाडौं उपत्यका प्रवेश गर्ने वैकल्पिक मार्गहरू, अरनिको लोकमार्गलगायतका स्थानहरूमा आकस्मिक, नियमित तथा रात्रीकालीन गस्ती परिचालन गरिएको थियो ।

### (ज) विज्ञ टोली गठन

राजस्व अनुसन्धान विभागले मुलुकको राजस्व चुहावट सम्वद्ध विषयको अनुसन्धान, तहकिकात र मुद्दा दायर गर्ने अधिकार पाएको छ । आर्थिक अपराध सम्वद्ध विषयमा अनुसन्धान गर्ने विभागको कार्यकुशलता र दक्षतामा मात्र चुहावट नियन्त्रणको कार्यले गति प्राप्त गर्न सक्छ । राजस्व चुहावटको क्षेत्र व्यापक बन्दै गएको परिवेशमा आर्थिक गतिविधि पनि प्राविधिक बन्दै गएको छ । प्राविधिक जटिलताद्वारा निर्देशित राजस्व अनुसन्धानको कार्यलाई गति प्रदान गर्न सम्बन्धित व्यवसायको प्राविधिक पक्षको पनि जानकारी हुनु जरुरी भएको हुँदा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम क्षेत्रगत रुपमा विशेषज्ञहरूको मौजुदा सूची (Standing List) तयार गर्ने र सोही सूचीबाट Case को प्रकृतिका आधारमा Case Wise प्रचलित कानूनबमोजिम वार्ताद्वारा

परामर्श लिने व्यवस्था गर्नु आवश्यक भएकोले निम्नानुसार क्षेत्रको विषेशज्ञ सेवाको लागि एक Roster तयार गर्ने सोच अगाडि बढाइएको ।

| | | | |
|---|---|---|---|
| १ | जलविद्युत्, | ६ | चार्टर्ड एकाउण्टेट, |
| २ | दूरसञ्चार सेवा, | ७ | हवाई सेवा, |
| ३ | मदिरा र मदिराजन्य, | ८ | कमोडिटी मार्केट, |
| ४ | बैंकिङ्ग, | ९ | सफ्टवेयर, |
| ५ | बीमा, | १० | वैदेशिक अध्ययन, रोजगार आदि । |

## ३.६ विदेशी मुद्रा अपचलन सम्बन्धी

विदेशी विनिमयसम्वन्धी गत आ.व.बाट जिम्मेवारी सरी आएको मुद्दा ७९ थान र यस आ.व.को दर्ता मुद्दा ८० गरी जम्मा १५९ मध्ये सम्बन्धित जिल्ला अदालतमा ७ वटा मुद्दा दायर भएको, २ वटा महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचलाउने निर्णय भएको र बाँकी अनुसन्धानको क्रममा रहेका छन् । यससम्बन्धी विस्तृत विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ ।

## ३.७ सम्पादित प्रमुख कार्यहरू

- राजस्व चुहावट नियन्त्रणसम्बन्धी पत्रपत्रिका, विद्युतीय माध्यम आदिबाट प्रचार प्रसार गरिएको ।
- नियमित रुपमा नारायणीपूर्व र पश्चिम तथा काठमाडौं उपत्यकामा आकस्मिक तथा नियमित गस्ती परिचालन गरिएको ।
- विभाग तथा क्षेत्रीय कार्यालयहरूको लागि मेशीनरी खरीद गरी वितरण गरिएको ।
- अन्तरविभागीय सूचना सञ्जाल निर्माणको लागि कार्य भइरहेको, सरोकारवाला निकायहरू उद्योग वाणिज्य महासंघ, च्याम्वर अफ कमर्श तथा अन्य विषयगत संघहरूसँग नियमित छलफल र अन्तरक्रिया गरिएको ।
- राजस्व अनुसन्धान विभागले नीतिगत, संरचनागत, प्रक्रियागत, प्रविधि तथा पूर्वाधार विकासका योजनावद्ध सुधारको थालनी गरेको छ ।

## ३.८ आर्थिक वर्ष ०७०।७१ को वजेट वक्तव्यमा उल्लिखित विभाग सम्वद्ध बुँदागत प्रगति विवरणः-

| सि.नं. | कार्यक्रम | क्रियाकलाप | प्रगति |
|---|---|---|---|
| १.आ.व.०७०/७१ को वजेट वक्तव्यको बुँदा नं. ३५९ सँग सम्बन्धित | मालवस्तुको ओसारपसार गर्ने ढुवानीकर्ताले ढुवानी साधन गन्तव्यतर्फ पठाउनु अगावै आपूर्तिकर्ता र खरीदकर्ता, मालवस्तुको विवरण, परिमाण एवम् मूल्य सम्बन्धी विभिन्न सूचनाहरू अन लाईन कम्प्युटर सूचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्ट गर्ने व्यवस्था गर्न यस विभागमा केन्द्रिय सूचना प्रणालीको निर्माण गर्ने । | • मौजुदा सूचना प्रणालीको अवस्था विश्लेषण गर्ने,<br>• सूचना प्रणालीलाई Web-based बनाउने,<br>• मालवस्तु ढुवानीकर्तालाई आपूर्तिकर्ता र खरीदकर्ता मालवस्तुको विवरण, परिमाण एवम् मूल्य सम्बन्धी विभिन्न सूचना Upload गर्न छुट्टै User name र Password उपलब्ध गराउने । | • Hardware procurement का लागि Tender document तयार भई तत्काल टेण्डर सूचना प्रकाशित गरी Data Centre निर्माण गर्ने कार्य सम्पन्न भएको । |
| २.आ.व.०७०/७१ को वजेट वक्तव्यको बुँदा नं. ३५९ सँग सम्बन्धित | मालवस्तु ओसारपसारमा प्रयोग हुने सबै ढुवानीका साधनहरूमा तिनीहरूको भू-अवस्थिति देखाउने यन्त्र जडान गर्ने व्यवस्था गरी ढुवानीका साधनहरूलाई कम्प्यूटर प्रणालीको माध्यमबाट अनलाइन अनुगमन गर्ने व्यवस्था मिलाइने । | • Vehicle Tracking System को संचालन गर्न आवश्यक पूर्वाधार तयार गर्ने र चरणवद्ध रुपमा कार्यन्वयनमा ल्याउने । | • Vehicle Tracking System को विभिन्न विकल्पका बारेमा World Bank, IFC बाट एक प्रतिवेदन तयार भएको, सो प्रतिवेदनका बारेमा IFC र निजी क्षेत्रका सरोकारवालासँग साथै यससँग सम्बन्धित क्षेत्रका विज्ञहरूसँग समेत छलफल भएको । |
| ३.आ.व.०७०/७१ को वजेट वक्तव्यको बुँदा नं. ३९० सँग सम्बन्धित | न्यून विजकीकरण गरी मालवस्तु पैठारी हुने कारणले बजारमा समेत सोही अनुसार न्यून विजकीकरण भई कर छली हुने अवस्था देखिएकोले यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्न यस विभागबाट समेत त्यस्ता मालवस्तु खरिद गर्ने व्यवस्था मिलाउने । | • न्यून विजकीकरण भएका मालवस्तुहरू खरिद गरी लिलाम गर्ने | • न्यून विजकीकरण भएका मालवस्तुहरूको खरीद गरी लिलाम विक्री गर्ने प्रकृया, २०७० स्वीकृत भई कार्यान्वयनमा आइसकेको । |
| ४.आ.व.०७०/७१ को वजेट वक्तव्यको बुँदा नं. ३९१ सँग सम्बन्धित | सीमा क्षेत्रबाट हुने चोरी निकासी पैठारी, राजस्व चुहावट तथा अवैध मालवस्तुको ओसारपसार नियन्त्रण गर्न अन्तर विभागीय समन्वय कायम गरी अभियानकै रुपमा कार्यक्रम अगाडि बढाइने । | • उच्चस्तरीय राजस्व चुहावट नियन्त्रण अनुगमन समितिलाई सकृय तुल्याई नियमित र आकस्मिक रुपमा स्थलगत अनुगमन गरी सुधार प्रक्रियालाई अगाडि बढाउने ।<br>• सरकारी तथा निजी क्षेत्रका अन्य सम्बद्ध निकाय तथा संघ संस्थाहरूसँग आपसी छलफल र अन्तरक्रिया संचालन गर्ने ।<br>• अर्थ मन्त्रालय अन्तर्गतको अन्तर विभागीय समितिको बैठकलाई निरन्तरता दिई थप प्रभावकारी बनाउने । | • उच्चस्तरीय राजस्व चुहावट नियन्त्रण अनुगमन समितिद्वारा देशका सबै क्षेत्रका भ्रमण गरी चुहावट नियन्त्रण प्रयासलाई जारी गरिएको ।<br>• निजी क्षेत्रका संघसंस्था र निकायहरूसँग नियमित छलफल भएको |
| ५. आ.व.०७०/७१ को वजेट वक्तव्यको बुँदा नं. ३९४ सँग सम्बन्धित | काठमाण्डौ उपत्यका भित्रको आर्थिक गतिविधिको अनुगमन गरी चुहावट नियन्त्रण गर्न चालु आर्थिक वर्षभित्र यस विभाग अन्तर्गत छुट्टै संरचना तयार गर्ने । | • यस विभाग र अन्तर्गतका कार्यालयहरू समेतको O&M Survey सम्पन्न गर्ने ।<br>• काठमाण्डौ उपत्यका भित्रको आर्थिक गतिविधिको अनुगमन गरी चुहावट नियन्त्रण गर्न छुट्टै संरचनाको स्थापना गर्ने । | • यस विभाग र अन्तर्गतका कार्यालयहरू समेतको संगठन व्यवस्थापन तथा सर्वेक्षणको प्रतिवेदन तयार भइसकेको । |

## ३.९ विभागबाट आ.व.०७०।७१ मा अनुसन्धानहरू गरिएका मुख्य-मुख्य १० फर्महरू

**तालिका नम्बर - २**

| सि.नं. | फर्मको नाम | उजुरीको स्रोत | असुल गरिएको/ कर निर्धारण गरिएको रकम(रू.) | कारवाहीको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्ष्मीनारायण बस्त्रालय, चितवन | आन्तरिक उजुरी | ४५,८०८,८२३।०० | २०७०।५।१४ | मू.अ.कर निर्धारण गरी आयकर निर्धारणको लागि सम्बन्धित आ.रा.का. पठाइएको |
| २ | जय बजरंग ट्रेड सेन्टर, धनुषा | आन्तरिक उजुरी | १,८५७,८५४।०० | २०७१।२।९ | अन्त:शुल्क |
| ३ | गोर्खा टोवाको ईण्डष्ट्रिज प्रा.लि. | आन्तरिक उजुरी | १,४६६,४०४।०० | २०७१।३।६ | मू.अ.कर र अन्त:शुल्क निर्धारण गरिएको |
| ४ | उत्तम ईंटा उद्योग | थानकोट चेकपोष्ट | १३,६५३,६६९।०० | २०७०।१२।०७ | थप आय कायम गरी आयकर निर्धारणका लागि आ.रा.का. भैरहवा पठाइएको |
| ५ | गोदावरी फ्लोर मिल, धनगढी | आन्तरिक उजुरी | १,०२१,७७८।०० | २०७१।२।५ | मू.अ.कर |
| ६ | पि.ई.ए. एशोसियसन प्रा.लि. | आन्तरिक छानविन | ८०९,२५८।०० | २०७१।०१।०५ | मू.अ.कर |
| ७ | केमिकल हाउस | आकस्मिक निरीक्षण | ६४३,१३०।०० | २०७०।७।५ | ,, |
| ८ | न्यू विवेक ईन्टरप्राइजेज | आन्तरिक उजुरी | ५९८,०९१।०० | २०७०।०७।२७ | ,, |
| ९ | वि.वि.के. इण्टरप्राइजेज | आकस्मिक चेकजाँच | ४६५,२१०।०० | २०७०।०७।१० | भन्सार, थप मूल्य, मू.अ.कर |
| १० | अंशु नेपाल प्रा.लि. | आन्तरिक छानविन | ३३८,१६२।०० | २०७०।०४।१८ | मू.अ.कर |
| **जम्मा रू.** | | | **६६,६६२,३७९।००** | | |

## ३.११ आ. व. ०७०।७१ को बजेट तथा कार्यक्रम

### (क) बजेट

**तालिका नम्बर - ३**

| निकाय | ब. शि. नं. | रकम रु. |
|---|---|---|
| राजस्व अनुसन्धान विभाग | ३०५०२२३ | ७,७४,५३,००० |
| | ३०५०२२४ | ४,१०,००,००० |
| | **जम्मा** | **११,८४,५३,०००** |
| क्षेत्रीय कार्यालयतर्फ | ३०५०२३३ | ६,१३,७५,००० |
| | ३०५०२३४ | १,६८,६०,००० |
| | **जम्मा** | **७,८२,३५,०००** |
| **कूल जम्मा** | | **१९,१२,८८,०००** |

(ख) **सम्पन्न गरिएका मुख्य-मुख्य कार्यक्रमहरू**

**तालिका नम्बर- ४**

| सि. नं. | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १. | फर्निचर खरिद | ९,३४,७४२।६९ |
| २. | मेशिनरी औजार खरिद | ३९,९९,९९९।२५ |
| ३. | Data Centre तथा सफ्टवेयर निर्माण | ९५,६८,१५२।७५ |
| ४. | Shed निर्माण | ९५,६८,१५२।७५ |

## ३.११ आ.व. ०७०/७१ मा भएको बेरुजु फछ्र्यौटको स्थिति

बेरुजु फछ्र्यौट आर्थिक अनुशासनको प्रमुख सूचक हो । गत वर्षहरूबाट जिम्मेवारी सर्दै आएको बेरुजु र यस वर्ष थप भएको समेत बेरुजु फछ्र्यौट गर्ने कार्य चुनौतीपूर्ण हुँदा-हुँदै पनि विभाग उक्त आ.व.को बेरुजु फछ्र्यौट गर्न सफल भएको छ । यस अर्थमा विभागको कार्यसम्पादनको स्तर उच्च मान्न सकिन्छ । विभाग तथा क्षेत्रीय कार्यालयहरूको बेरुजुको स्थिति विस्तृत रुपमा भाग-५ (पाँच) मा उल्लेख गरिएको छ ।


# भाग - चार
# संगठन संरचना र जनशक्ति

राजस्व अनुसन्धान विभाग र अन्तर्गतका क्षेत्रीय कार्यालयहरू समेतमा कूल १८० दरबन्दी रहेकोमा सोमध्ये विभागमा मात्र ८७ दरबन्दी रहेको छ। यस विभागको मौजुदा संगठन संरचना र कर्मचारीको दरबन्दीमा सहजता नभएको अवस्था रहेको हुँदा पुनः O & M survey को लागि अर्थ मन्त्रालयबाट सैद्धान्तिक स्वीकृति प्राप्त भई कार्य भइरहेको छ । हालको संगठन संरचना र कर्मचारीको अवस्था देहायबमोजिमको छ :-

## ४.१ विभाग र अन्तर्गत क्षेत्रीय कार्यालयहरूको मौजूदा दरबन्दी विवरण

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | विभाग | क्षे.का. | जम्मा |
| १. | म. नि. | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | ० | १ |
| २. | उ.म.नि. | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | ० | १ |
| ३. | निर्देशक | रा.प्र.द्वि. | प्रशासन | राजस्व | ६ | ० | ६ |
| ४. | निर्देशक | रा.प.द्वि | प्रशासन | सा.प्र. | १ | ० | १ |
| ५. | उ.स. | रा.प.द्वि. | प्रशासन | लेखा | १ | ० | १ |
| ६. | प्र.अ.अ. | रा.प.द्वि. | प्रशासन | राजस्व | ० | ४ | ४ |
| ७. | शा.अ./अ.अ. | रा.प.तृ. | प्रशासन | राजस्व | १० | १८ | २८ |
| ८. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र | ३ | ० | ३ |
| ९. | जि.न्या.व. | रा.प.तृ. | न्याय | स.व. | १ | ० | १ |
| १०. | ले.अ. | रा.प.तृ. | प्रशासन | लेखा | १ | ४ | ५ |
| ११. | क. अधिकृत | रा.प.तृ. | विविध | विविध | ६ | २ | ८ |
| १२. | क. ईन्जीनियर | रा.प.तृ. | ईन्जिनियरीङ्ग | कम्प्युटर | १ | ० | १ |
| १३. | ना.सु. | रा.अनं. प्र. | प्रशासन | राजस्व | २५ | २६ | ५१ |
| १४. | ना.सु. | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ४ | ० | ४ |
| १५. | ना.सु. | रा.अनं. प्र. | न्याय | स.व. | १ | ४ | ५ |
| १६. | ले.पा. | रा.अनं. प्र. | प्रशासन | लेखा | १ | ० | १ |
| १७. | क. अपरेटर | रा.अनं. प्र. | विविध | विविध | ० | २ | २ |
| १८. | टा.ना.सु. | रा.अनं. प्र. | प्रशासन | प्रशासन | २ | ० | २ |
| १९. | सह-लेखापाल | रा.अनं. द्वि. | प्रशासन | लेखा | ० | ० | ० |
| २०. | खरिदार | रा.अनं. द्वि. | प्रशासन | राजस्व | ० | ६ | ६ |
| २१. | ह.स.चा. | श्रेणीविहीन | इन्जीनियर | मेकानिकल | ७ | ९ | १६ |
| २२. | का.स. | श्रेणीविहीन | प्रशासन | सा.प्र. | १५ | १८ | ३३ |
| | **कूल जम्मा** | | | | **८७** | **९३** | **१८०** |

## ४.२. राजस्व अनुसन्धान विभागको सांगठनिक संरचना




- विभिन्न विषयका विशेषज्ञहरू (Economist, CA, IT Export, Forensic Scientist, Criminologists, ML Export, Legal Export, Financial Export आदि) आवश्यकता अनुसार पुल दरबन्दीमा काज वा करारबाट परिचालन गरिने ।
- राजस्व प्रहरीको रुपमा सशस्त्र प्रहरी बल परिचालन गरिएको ।

## ४.३. विभागको कर्मचारीको दरबन्दी तेरिज

| सि.नं. | पद | श्रेणी/सेवा/समूह | पद संख्या |
|---|---|---|---|
| १. | महानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ |
| २. | उप-महानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ |
| ३. | निर्देशक | रा.प.द्वि. (राजस्व) | ६ |
| ४. | निर्देशक | रा.प.द्वि. (सा. प्र.) | १ |
| ५. | निर्देशक | रा.प.द्वि. (लेखा) | १ |
| ६. | शाखा अधिकृत | रा.प.तृ. (राजस्व) | १० |
| ७. | शाखा अधिकृत | रा.प.तृ. (प्रशासन) | ३ |
| ८. | जिल्ला न्यायाधिवक्ता | रा.प.तृ.(सरकारी वकिल) | १ |
| ९. | लेखा अधिकृत | रा.प.तृ. (लेखा समूह) | १ |
| १०. | कम्प्युटर इन्जिनियर | रा.प.तृ. (विविध) | १ |
| ११. | ना.सु. (राजस्व) | रा.प.अनं.प्र. | २५ |
| १२. | ना.सु. (सा. प्र.) | रा.प.अनं.प्र. | ४ |
| १३. | ना.सु.(स. व.) | रा.प.अनं.प्र. (सरकारी वकील) | १ |
| १४. | कम्प्युटर अधिकृत | रा.प.तृ. (विविध) | ६ |
| १५. | लेखापाल | रा.प.अनं.प्र. | १ |
| १६. | खरीदार | रा.प.अनं.द्वि. | २ |
| १७. | हलुका सवारी चालक | श्रेणीविहीन | ७ |
| १८. | कार्यालय सहयोगी | श्रेणीविहीन | १५ |
| **जम्मा :** | | | **८७** |

## ४.४. क्षेत्रीय कार्यालयहरू

राजस्व अनुसन्धान विभागअन्तर्गत ४ वटा क्षेत्रीय कार्यालयहरू रहेका छन् । क्षेत्रीय कार्यालयलाई अझ सुदृढ बनाई कार्यसम्पादन स्तर उकास्न अत्यावश्यक भएकोले साविकका इकाई कार्यालयहरूलाई क्षेत्रीय कार्यालय नामाकरण गरी सोहीअनुसारको आवश्यक जनशक्ति व्यवस्था गरिएको छ । पूर्वाञ्चल क्षेत्रीय कार्यालय, इटहरीले चारआली चेकपोष्टको समेत प्रशासन गर्दछ भने मध्यमाञ्चल क्षेत्रीय कार्यालयले बर्दिबास चेकपोष्टको प्रशासन गर्नेछ । त्यसैगरी, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवलले बर्दघाट, चिडीयाखोला र चन्द्रौटा चेकपोष्टको प्रशासन समेत गर्नेछ । मध्य तथा सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, कोहलपुरले अत्तरिया चेकपोष्टको प्रशासन गर्नेछ । क्षेत्रीय कार्यालय र मातहत रहने चेकपोष्टहरूको प्रस्तावित संगठन संरचना तथा दरबन्दी तेरिजको विस्तृत विवरण निम्नअनुसार रहेको छ :-

## (क) राजस्व अनुसन्धान पूर्वाञ्चल क्षेत्रीय कार्यालय, इटहरी, सुनसरी




**सामान्य परियच**

स्थापना : राजस्व चुहावट नियन्त्रणको कार्यमा सहजीकरण र प्रभावकारिता ल्याउन राजस्व अनुसन्धान विभाग पूर्वाञ्चल इकाई कार्यालयको रुपमा वि.सं. २०५० मा स्थापना भै २०६९ सालदेखि पूर्वाञ्चल क्षेत्रीय  कार्यालयको रुपमा कार्य संचालन हुँदै आएको यस कार्यालय इटहरी-५ स्थित आफ्नै भवनमा रहेको ।

स्थान : इटहरी न.पा. वडा नं. ५

क्षेत्रफल : ०-६-१५ (६ कट्ठा १५ धुर)

इमेलको ठेगाना : itahari@dri.gov.np

फोन नं. : ०२५-५८२६०४, ०२५-५८५०९७, ०२५-५८०६३५, ०२३-४६०६४४

फ्याक्स नं. : ०२५-५८०६३५

**गोदाम संख्या :**

सेड घर : टीनको

संख्या : १ (एक)

क्षमता : १२x२० फीटको

भवन संख्या :

बैंकिङ्ग सेवा : राष्ट्रिय वाणिज्य बैंक, इनरुवा, सुनसरी

भारतीय सीमाबाट दुरी : दक्षिणतर्फ जोगवनी २९ कि.मि., पूर्वतर्फ पानी टैंकी १०० कि.मि., पश्चिमतर्फ सिराहाको सीमा जयनगर करिव १५० कि.मि., राजविराजको सीमा कुनौली करिव ८० कि.मि. र सुनसरीको सीपमा वीरपुर करिव ४० कि.मि. ।

सीमावर्ती भारतीय बजारको नाम : पानीटैंकी, जोगवनी, विरपुर, जयनगर, कनौली

कार्यालयबाट सदरमुकामको दूरी : २० कि.मि. (इनरुवा)

कार्यलय प्रमुख : प्रमुख अनुसन्धान अधिकृत श्री गौरीशंकर उपाध्याय

## कार्यालयको संगठन संरचना

**प्रमुख अनुसन्धान अधिकृत**
(रा.प.द्वितीय, राजस्व)– १

**राजस्व प्रहरी**

(सशस्त्र प्रहरी नायब उपरीक्षकसहित प्रहरीहरू)

**चारआली चेकपोष्ट**

| | |
|---|---|
| अनुसन्धान अधिकृत (राजस्व) | - १ |
| ना.सु. | - १ |
| खरीदार | - १ |
| का.स. | - १ |
| जम्मा | ४ |

**सूचना, परिचालन तथा अनुगमन शाखा**

| | |
|---|---|
| अनुसन्धान अधिकृत (राजस्व) | - १ |
| ना.सु. | - १ |
| जम्मा | - २ |

**अनुसन्धान तथा मुद्दा शाखा**

| | |
|---|---|
| अनुसन्धान अधिकृत (राजस्व) | - २ |
| लेखा अधिकृत | - १ |
| कम्प्युटर अधिकृत | - १ |
| ना.सु. (राजस्व) | - २ |
| ना.सु. (सरकारी वकील) | - १ |
| खरीदार | - १ |
| ह.स.चा. | - २ |
| का.स. | - ३ |
| जम्मा | - १३ |

## दरबन्दी तेरिजः

| सि. नं. | पद | **श्रेणी/सेवा/समूह** | पद संख्या | कार्यरत |
|---|---|---|---|---|
| १. | प्रमुख अ. अधिकृत | रा.प.द्वि. (राजस्व) | १ | १ |
| २. | अनुसन्धान अधिकृत | रा.प.तृ. (राजस्व) | ४ | ४ |
| ३. | लेखा अधिकृत | रा.प.अनं. प्रथम (लेखा) | १ | १ |
| ४. | कम्प्युटर अधिकृत | रा.प.अनं. प्र (विविध) | १ | १ |
| ५. | ना.सु. | रा.प.अनं. प्रथम (राजस्व) | ४ | ४ |
| ६. | ना.सु. | रा.प.अनं. प्रथम (स.व.) | १ | १ |
| ७. | खरीदार | रा.प.अनं. द्वि. (राजस्व) | २ | २ |
| ८. | हलुका सवारी चालक | श्रेणीविहीन | २ | २ |
| ९. | कार्यालय सहयोगी | श्रेणीविहीन | ४ | ४ |
| **जम्मा :** | | | २० | २० |

**नोटः** थप हुने ह. स. चा. र का. स. पदहरू सेवा करारमा लिने ।

## (ख) राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, बारा

**सामान्य परियच**



स्थापना : वि.सं. २०५०

स्थान : गढिमाई न.पा. वडा नं. १, पथलैया, बारा

क्षेत्रफल : करिव ४ कट्ठा

इमेलको ठेगाना :

pathalaya@dri.gov.np

फोन नं. : ०५३-५२०२८८

फ्याक्स नं. : ०५३-५२०२८८

**गोदाम संख्या :**

सरकारी :

संख्या : १ (एक)

**गोदाम संख्या :**

सेड घर : नभएको

क्षमता : गोदामको संख्या कम भएको

भवन संख्या : ४ वटा (१६ कोठा)

बैंकिङ्ग सेवा : राष्ट्रिय वाणिज्य बैंक, पथलैया, बारा एवं एभरेष्ट बैंक, सिमरा, बारा ।


भारतीय सीमाबाट दुरी : २२ किलोमिटर

सीमावर्ती भारतीय बजारको नाम : रक्सौल

कार्यालयबाट सदरमुकामको दूरी : ३५ किलोमिटर

कार्यलय प्रमुख : प्रमुख अनुसन्धान अधिकृत श्री सन्तोष श्रेष्ठ

# कार्यालयको संगठन संरचना




# दरबन्दी तेरिज

| सि. नं. | पद | **श्रेणी/सेवा/समूह** | पद संख्या | कार्यरत |
|---|---|---|---|---|
| १. | प्रमुख अ. अधिकृत | रा.प.द्वि. (राजस्व) | १ | १ |
| २. | अनुसन्धान अधिकृत | रा.प.तृ. (राजस्व) | ५ | ५ |
| ३. | लेखा अधिकृत | रा.प.तृ. (लेखा) | १ | १ |
| ४. | कम्प्युटर अधिकृत | रा.प.तृ. (विविध) | १ | १ |
| ५. | ना.सु. | रा.प.अनं. प्रथम (राजस्व) | ८ | ८ |
| ६. | ना.सु. | रा.प.अनं. प्रथम (स.व.) | १ | १ |
| ७. | खरीदार | रा.प.अनं. द्वि. (राजस्व) | २ | १ |
| ८. | हलुका सवारी चालक | श्रेणीविहीन | ३ | ३ |
| ९. | कार्यालय सहयोगी | श्रेणीविहीन | ५ | ५ |
| **जम्मा :** | | | **२७** | **२६** |

**नोटः** थप हुने ह. स. चा. र का. स. पदहरू सेवा करारमा लिने ।

## (ग) राजस्व अनुसन्धान पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, बुटवल, रुपन्देही

**सामान्य परियच**




स्थापना : वि.सं. २०५०

स्थान : वुटवल

क्षेत्रफल : १४२५.८ वर्ग मिटर

इमेलको ठेगाना :

butwal@dri.gov.np

फोन नं. : ०७१-५४१०१७

फ्याक्स नं. : ०७१-५४१०१७

**गोदाम संख्या :**

सरकारी :

संख्या : १ (एक)

सेड घर : नभएको

क्षमता : अन्दाजी २ ट्रक सामान अटाउने (एउटा भवनको भुईं तलामा २ कोठालाई गोदामको रुपमा प्रयोग गरिएको)

भवन संख्या : ३

बैंकिङ्ग सेवा : राष्ट्रिय वाणिज्य बैंक, भैरहवा शाखा ।

भारतीय सीमाबाट दुरी : २६ कि.मि.

सीमावर्ती भारतीय बजारको नाम : सुनौली

कार्यालयबाट सदरमुकामको दूरी : २१ कि.मि.

कार्यलय प्रमुख : प्रमुख अनुसन्धान अधिकृत श्री मित्रलाल रेग्मी

## कार्यालयको संगठन संरचना

**प्रमुख अनुसन्धान अधिकृत**
**(रा.प.द्वितीय, राजस्व)**– १

**राजस्व प्रहरी**

- राजस्व प्रहरी नायव उपरीक्षकसहित प्रहरीहरू

**सूचना, परिचालन तथा अनुगमन शाखा**

| | | |
|---|---|---|
| अनुसन्धान अधिकृत (राजस्व) | - | २ |
| ना.सु. | - | ३ |
| जम्मा | - | ५ |

**अनुसन्धान तथा मुद्दा शाखा**

| | | |
|---|---|---|
| अनुसन्धान अधिकृत (राजस्व) | - | १ |
| लेखा अधिकृत | - | १ |
| ना.सु. | - | १ |
| ना.सु. (सरकारी वकील) | - | १ |
| कम्प्युटर अपरेटर | - | १ |
| ह.स.चा. | - | २ |
| का.स. | - | ३ |
| जम्मा | - | १० |

**वर्दघाट चेकपोष्ट**

| | | |
|---|---|---|
| अनुसन्धान अधिकृत (राजस्व) | - | १ |
| ना.सु. | - | २ |
| का.स. | - | १ |
| जम्मा | - | ४ |

**चन्द्रौटा चेकपोष्ट**

| | | |
|---|---|---|
| अनुसन्धान अधिकृत (राजस्व) | - | १ |
| ना.सु. | - | २ |
| का.स. | - | १ |
| जम्मा | - | ४ |

## दरबन्दी तेरिजः

| **सि.नं.** | **पद** | **श्रेणी/सेवा/समूह** | **पद संख्या** | कार्यरत | फाजिल |
|---|---|---|---|---|---|
| १. | प्रमुख अ. अधिकृत | रा.प.द्वि. (राजस्व) | १ | १ | |
| २. | अनुसन्धान अधिकत | रा.प.तृ. (राजस्व) | ५ | ५ | |
| ३. | लेखा अधिकृत | रा.प.तृ. (लेखा) | १ | १ | |
| ४. | ना.सु. | रा.प.अनं. प्रथम (राजस्व) | ८ | ८ | |
| ५. | ना.सु. | रा.प.अनं. प्रथम (स.व.) | १ | १ | |
| ६. | कम्प्युटर अप्रेटर | रा.प.अनं. प्र. (विविध) | १ | १ | |
| ७. | हलुका सवारी चालक | श्रेणीविहीन | २ | २ | |
| ८. | कार्यालय सहयोगी | श्रेणीविहीन | ५ | ५ | |
| **जम्मा :** | | | २४ | २४ | |

**नोटः** थप हुने ह. स. चा. र का. स. पदहरू सेवा करारमा लिने ।

## (घ) राजस्व अनुसन्धान मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, कोहलपुर, बांके




स्थापना : वि.सं. २०५२

स्थान : कोहलपुर नगरपालिका वडा नं. ३, बाँके

क्षेत्रफल : ६ कट्ठा

इमेलको ठेगाना : iro_kohalpur@yahoo.com, kohalpur@dri.gov.np

फोन नं. : ०८१-५४०००४, ०८१-५४००८१, ०८१-५४०२३९

फ्याक्स नं. : ०८१-५४१९०७

**गोदाम संख्या :**

सरकारी सेड घर : १ वटा

संख्या : १ (एक)

क्षमता : ३ वटा साना सवारी अट्ने

भवन संख्या : १ वटा

बैंकिङ्ग सेवा : राष्ट्रिय वाणिज्य बैंक, नेपालगञ्ज, बाँके

भारतीय सीमाबाट दुरी : १८ कि.मि. ।

सीमावर्ती भारतीय बजारको नाम : रुपडिया, जिल्ला बहराइच, उत्तर प्रदेश

कार्यालयबाट सदरमुकामको दूरी : २० कि.मि. (इनरुवा)

कार्यलय प्रमुख : प्रमुख अनुसन्धान अधिकृत श्री नारद गौतम

## कार्यालयको संगठन संरचना

**प्रमुख अनुसन्धान अधिकृत**
**(रा.प.द्वितीय, राजस्व)–१**

**राजस्व प्रहरी**

- प्रहरी नायव उपरीक्षकको नेतृत्वमा रहने प्रहरीहरू

**सूचना, परिचालन तथा अनुगमन शाखा**

अनुसन्धान अधिकृत (राजस्व)-२
ना.सु. - २
जम्मा - ४

**अनुसन्धान तथा मुद्दा शाखा**

अनुसन्धान अधिकृत (राजस्व)- १
लेखा अधिकृत - १
कम्प्युटर अधिकृत - १
ना.सु. - २
ना.सु. (सरकारी वकील) - १
खरीदार - १
ह.स.चा. - २
का.स. - ३
जम्मा - १२

**अत्तरीया चेकपोष्ट**

अनुसन्धान अधिकृत (राजस्व)- १
ना.सु. - २
खरीदार - १
का.स. - १
जम्मा - ५

## दरबन्दी तेरिजः

| सि.नं. | पद | श्रेणी/सेवा/समूह | पद संख्या | कार्यरत | फाजिल |
|---|---|---|---|---|---|
| १. | प्रमुख अ. अधिकृत | रा.प.द्वि. (राजस्व) | १ | १ | |
| २. | अनुसन्धान अधिकत | रा.प.तृ. (राजस्व) | ४ | ४ | |
| ३. | लेखा अधिकृत | रा.प.तृ. (लेखा) | १ | १ | |
| ४. | कम्प्युटर अधिकृत | रा.प.तृ. (विविध) | १ | १ | |
| ५. | ना.सु. | रा.प.अनं. प्रथम (राजस्व) | ६ | ६ | |
| ६. | ना.सु. | रा.प.अनं. प्रथम (स.व.) | १ | १ | |
| ७. | हलुका सवारी चालक | श्रेणीविहीन | २ | २ | |
| ८. | कार्यालय सहयोगी | श्रेणीविहीन | ४ | ४ | |
| **जम्मा :** | | | २२ | २२ | |

**नोटः** थप हुने ह. स. चा. र का. स. पदहरू सेवा करारमा लिने ।

# भाग – पाँच
# विभाग तथा क्षेत्रीय कार्यालयहरूको प्रगति विवरण

## ५.१ सूचना संकलन

सुरुका दिनहरूमा राजस्व चुहावट नियन्त्रणका लागि राजस्व अनुसन्धान विभागअन्तरगतका तत्कालीन इकाई कार्यालयहरूले राजमार्गमै ढाट राखी चेकजाँच र सूचना संकलन गर्दै आएकोमा आ. व. ०६५/६६ को बजेट वक्तव्यबाट राजमार्गका ढाट हटेपछि सूचना सङ्कलनका क्षेत्रमा केही परिवर्तनहरू गरिएको छ । विशेषत: गैर स्थलगत सूचना सङ्कलन प्रणालीलाई व्यवस्थित गर्ने प्रयास गरिएको छ । प्रमुख व्यवस्थाहरू देहायअनुसार छन् :-

- राजस्व चुहावटसम्बन्धी सूचना प्राप्त गरी कारवाही गर्न २४ सै घण्टा खुल्ला रहने गरी विभागमा नियन्त्रण कक्ष (Control Room) स्थापना गरिएको छ भने सूचना प्राप्त गर्न फोन नं.५०१००८५ र नि:शुल्क फोन नं. १६६०-०१-५५००० र फ्याक्स नं. ५५४२०२३ तथा इमेल info@dri.gov.np को व्यवस्था गरिएको छ । राजस्व चुहावटसम्बन्धी जानकारी पाउने जो कोहीले सूचना दिनसक्ने गरी विभागले सार्वजनिक रुपमा आह्वान गरेको छ । त्यस्तो सूचनाको गोप्यता कायम गरिने व्यवस्था समेत मिलाइएको छ ।
- वस्तु तथा सेवाको कारोबार गर्ने बिक्रेताले आफ्नो कारोबारको अनिवार्य रुपले कर विल/विजक जारी गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले अनिवार्य रुपमा विजक जारी गर्नुपर्ने छ । यसको कार्यान्वयनको लागि विभागबाट कारोबारस्थलमा छापा मार्ने, आकस्मिक गस्ती तथा द्रुत गस्तीको परिचालनद्वारा कडाइका साथ अनुगमन गरिने व्यवस्था मिलाइएको छ ।
- व्यापारिक प्रयोजनका मालसामानहरू ढुवानी गर्दा त्यस्ता ढुवानीकर्ताहरूले आफूले ढुवानी गरेको मालसामानको ढुवानी घोषणापत्र र भन्सार प्रज्ञापनपत्र/मू.अ.कर विल/विजक/चलान (स्टक ट्रान्सफर) आदि कागजात साथैमा लिई हिंड्नु पर्ने व्यवस्था गरिएको छ ।
- मालवाहक ढुवानीका साधनहरूले यात्रुहरू ओसारपसार गर्न र यात्रुवाहक सवारी साधनहरूले व्यापारिक प्रयोजनका मालसामान ढुवानी गर्न नहुने एवम् निजी नम्बर प्लेटका गाडीहरूले आफ्नो बाहेक व्यापारिक प्रयोजनका मालसामानहरू ढुवानी गर्न नपाइने व्यवस्था मिलाइएको छ ।
- आन्तरिक ओसारपसारको लागि आन्तरिक राजस्व विभागले जारी गरेको निर्देशिकाबमोजिमका प्रमाणित कागजात ढुवानी साधनका साथै, लिई हिंड्नु पर्नेछ ।
- विभागअन्तर्गतका सबै क्षेत्रीय कार्यालयहरूमा CC (Close Circuit) क्यामेरा जडान गरी विभागबाट प्रत्यक्ष रुपमा अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।
- नेपाल सरकारको आर्थिक विकास र संवृद्धि एवम् सुशासनको कार्ययोजना अनुसारका नीतिगत तथा कानूनी सुधार, व्यवस्थापकीय सुधार, प्रणालीगत सुधार, सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि, भौतिक पूर्वाधार सुधार, विस्तृत अनुसन्धानसम्बन्धी कारवाहीका क्षेत्रमा तोकिएका कार्यगत तथा वित्तीय र भौतिक प्रगति अपेक्षित रुपमा हासिल भएका छन् ।

**५.२. केन्द्रीय सूचना प्रणालीको विकास** (DRI-CIS) **स्थापना :** Department of Revenue Investigation – Central Information System (DRI-CIS) सूचना सङ्कलन र चोरी पैठारी नियन्त्रणको दृष्टिले ज्यादै महत्वपूर्ण प्रयास हो । विभागबाट DRI-CIS को स्थापना गरी यसलाई सूचना सञ्जालको माध्यमबाट क्षेत्रीय कार्यालयहरूसँग जोड्ने र संकलित विल/विजकहरूको कम्प्यूटर प्रविष्टिको अद्यावधिक व्यवस्था गरी कम्प्यूटरकृत सूचना प्रणाली विकास गर्न एशियाली विकास बैंकको प्राविधिक सहयोगमा केन्द्रीय सूचना प्रणाली स्थापना गरिएको हो । विभाग मातहतका क्षेत्रीय कार्यलयहरूबाट नियमित रुपमा संकलित विल/विजकहरू DRI-CIS मा प्रविष्टि गरी अनुसन्धानको लागि उपयोग गरिएको छ ।

## ५.३. प्रवर्द्धनात्मक कार्यक्रम

विभागले अपनाएका ३ वटा रणनीतिअन्तर्गतको प्रवर्द्धनात्मक रणनीति (Promotional Strategy) प्राथमिकताको विषय रहेको छ । राजस्व परिचालन र चुहावट नियन्त्रण कार्यलाई प्रचार प्रसारको माध्यमबाट उद्योगी, व्यापारी र सर्वसाधारण समक्ष पुऱ्याउन र कानूनको परिपालना गर्ने/गराउने कार्यमा आवश्यक जनजागरण बढाउन निम्नानुसारको कार्यक्रम सञ्चालन गरिएको थियो :-

- राजस्व चुहावट नियन्त्रणलाई सूचनाको माध्यमबाट नियन्त्रण गर्न विभिन्न सरकारी तथा निजी सञ्चार माध्यमहरू मार्फत सन्देशमूलक सूचनाहरू प्रशारण गरिएको ।
- नियमित रुपमा पत्रपत्रिकामा सूचना प्रचार प्रसार गरिएको ।
- काठमाडौं र उपत्यकाबाहिरका प्रमुख स्थानहरूमा होर्डिङ्ग बोर्डहरू राखिएको ।

## ५.४ कार्यगत लक्ष्य र प्रगति विवरण

यस आर्थिक वर्ष ०७०/७१ मा आन्तरिक उत्पादन, निकासी, पैठारी गर्ने ढुवानी साधनहरूको आकस्मिक चेकजाँच गर्ने, विभिन्न स्रोतबाट प्राप्त सूचनाका आधारमा वस्तु तथा सेवा प्रदान गर्ने फर्म तथा व्यवसायीहरूको कारोबारस्थल तथा गोदाममा छापामार्ने, द्रुत गस्ती परिचालन गर्ने, मातहतका कार्यालयहरूको निरीक्षण र सुधार गर्ने जस्ता मासिक कार्यगत लक्ष्य निर्धारण गरी सोहीअनुसार कार्यसम्पादन गरिएकोमा लक्षित उद्देश्य अनुसार नै कार्यसम्पादन भएको थियो ।


## राजस्व सङ्कलनतर्फको प्रगति स्थिति

यस आर्थिक वर्ष ०७०/७१ मा विभाग तथा कार्यालयहरू समेतबाट कुल राजस्व रु.६३,८५,५६,०००।- असुल/मागदावी भएको छ । यस आर्थिक वर्षमा भएको राजस्व असुलीको विवरण अनुसूची-३ मा समावेश गरिएको छ ।

## आ.व. ०७०/७१ मा विभागको संक्षिप्त प्रगति स्थितिः

### (क) विभागको राजस्व संकलनको स्थिती : (धरौटी समेत)

| क्र.सं. | राजस्व शीर्षक | राजस्व (रू. हजारमा) |
|---|---|---|
| १. | भन्सार महशुल | ३४२३२७ |
| २. | मू. अ. कर | ६६२२५ |
| ३. | अन्तःशुल्क | १००४९ |
| ४. | आयकर | ० |
| ५. | विदेशी विनिमय | ३०००० |
| ६. | अन्य | १५०९ |
| | **जम्मा रु. हजारमा** | **४५०११०** |




### (ख) आ.ब.०७०/७१ मा वरामद अवैध विदेशी मुद्राको विवरण

यस आ.व.मा कूल नेपाली मुद्रा रु. ३ करोड बराबरको धरौटी प्राप्त तथा देहाय बमोजिमको विदेशी मुद्रा जफत थियो ।

- भारतीय रुपैयाँ - ६९,३६,७२५.००
- यू.यस.डलर - ७,२२,०५०.००
- यू.ए.ई. दिराम - १५,६३८.००
- ब्राजिलीयन क्रुजाडो - १८,५००.००
- जापानी यन - ७२,८८,०००.००
- चाइनिज यूआन - ३,१५,०५७.००
- हङ्कङ्ग डलर - ३५,३५०.००
- साउदी रियल - १६,८५०.००
- यूरो - ३,०९,२०५.००
- ईण्डोनेशियाको मुद्रा - २२६.००
- म्यानमारको मुद्रा - ३६,५००.००
- अष्ट्रेलियन डलर - १६,५४५.००
- पाउण्ड स्टर्लिङ्ग - १९,२७०.००
- थाई भाट - १५,५२०.००
- फ्रेन्च फ्रेंक - ६,०६०.००
- क्यानेडियन डलर - ३,६३०.००
- मलेसियन रिंगेट - १,८०६.००
- सिंगापुर डलर - १,७६३.००

- अन्य - १,६९९.०० • नेपाली रुपैयाँ - ४१,३४,०००.००

### (ग) आ.व. ०७०/७१ को सुन चोरी पैठारी विवरण

| सि.नं. | मिति | सुनको विवरण | परिमाण | विगो बमोजिमको जरिवाना | विगो बमोजिमको जरिवाना असुल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७०।७।४ | २ | के.जी. | ९,५१६,४६१.०० | - | अभियुक्त कारागार चलान भएको |
| २ | २०७०।९।२९ | ०.५ | ,, | २,२८९,०९५.०० | २,२८९,०९५.०० | |
| ३ | २०७०।१०।६ | ०.६३५३८ | ,, | २,५०८,०८९.०० | २,५०८,०८९.०० | |
| ४ | २०७१।२।४ | ४ | ,, | १८,०७२,७०३.०० | १८,०७२,७०३.०० | |
| ५ | २०७१।२।४ | ४.८३ | ,, | २१,८२२,७८८.०० | २१,८२२,७८८.०० | |
| ६ | २०७१।२।११ | १ | ,, | ४,५०१,०२९.०० | - | अभियुक्त कारागार चलान भएको |
| ७ | २०७१।२।११ | ०.३३७ | ,, | १,५५२,६०४.०० | १,५५२,६०४.०० | |
| ८ | २०७१।३।१८ | १.८६१ | ,, | ८,६४८,०६७.०० | ८,६४८,०६७.०० | |
| ९ | २०७१।३।२२ | २.५६ | ,, | १०,८४६,१७९.०० | १०,८४६,१७९.०० | विदेशी नागरिकबाट वरामद भएको सुनको गहना |
| **जम्मा** | | **१७.७२३३८** | **के.जी.** | **७९,७५७,०१५.००** | **६५,७३९,५२५.००** | |


### (घ) आ.व. ०७०/७१ को द्रुत गस्ती परिचालन

- नारायणी पूर्व - ५
- नारायणी पश्चिम लुम्बिनी अञ्चल समेत - २
- धादिङ्ग र चितवन जिल्ला - ३
- गण्डकी अञ्चल - २
- सुदूर पश्चिम - २
- भेरी अञ्चल - १
- बाग्मती अञ्चल - ३
- नुवाकोट - १
- तातोपानी - ६
- रसुवा - ३

**जम्मा - २८ पटक**

## (ङ) राजस्व असुली सम्बन्धी तीन आ.व.को तुलनात्मक स्थिति : (धरौटी समेत)

| सि.नं. | राजस्व शीर्षक | राजस्व रू. ०००मा | | |
|---|---|---|---|---|
| | | आ.व.०६८।६९ | आ.व.०६९।७० | आ.व.०७०।७१ |
| १ | भन्सार महसुल | ५९,२५६ | ७०,०७९ | ३४२,३२७ |
| २ | मू.अ.कर | ५९,९२२ | २१,०५६ | ६६,२२५ |
| ३ | अन्त:शुल्क | ९,८८३ | ११,२५८ | १०,०४९ |
| ४ | आयकर | १८,६४४ | १,७६१ | ० |
| ५ | राजस्व चुहावट | ६,०८४ | ४३,४६८ | ० |
| ६ | विदेशी विनिमय | २२,७३० | ३२,१५४ | ३०,००० |
| ७ | गैरकर र अन्य | ९,२६२ | ३,०२२ | १,५०९ |
| जम्मा | | १८५,७८१ | १८२,७९७ | ४५०,११० |




## ५.५ क्षेत्रीय कार्यालयहरूको प्रगति स्थिति

विभागअन्तर्गतका ४ वटा क्षेत्रीयस्तरका कार्यालयहरूको आर्थिक वर्ष ०७०/७१ को प्रगति स्थिति देहाय बमोजिमका तालिकाहरूमा उल्लेख गरिएको छ।

### (क) राजस्व अनुसन्धान पूर्वाञ्चल क्षेत्रीय कार्यालय, इटहरी, सुनसरी

**१.राजस्वको असुली**


| सि.नं. | राजस्व शीर्षक | राजस्व रु. | कैफियत |
|---|---|---|---|
| १. | भन्सार महसुल | २०,२८०,४३८।०० | |
| २. | मू.अ.कर | १५,९०४,६४९।०० | |
| ३. | अन्त:शुल्क | ४२१,३५३।०० | |
| ४. | आयकर | ५,०१४,२५५।०० | |
| ५. | गैरकर र अन्य | २२,५९०।०० | |
| जम्मा | | ४१,६४३,२८५।०० | |



## २.गत तीन वर्षको राजस्व असुलीको तुलनात्मक विवरण

| सि.नं. | राजस्व शीर्षक | आ.व.०६८/६९ | आ.व.०६९/७० | आ.व.०७०/७१ | कैफियत |
|---|---|---|---|---|---|
| १. | भन्सार महसुल | ३३,९२५,३५१।०० | १४,५५३,८१३।०० | २०,२८०,४३८।०० | |
| २. | मू.अ.कर | ९,६७०,३८२।०० | १९,५६७,९१९।०० | १५,९०४,६४९।०० | |
| ३. | अन्त:शुल्क | ३,४३०,३००।०० | ५,३०५।०० | ४२१,३५३।०० | |
| ४. | आयकर | २,०९५,८१०।०० | ६३०,१४८।०० | ५,०१४,२५५।०० | |
| ५. | गैरकर र अन्य | १८१,८००।०० | १३३,२००।०० | २२,५९०।०० | |
| जम्मा | | ४६,२१६,३४३।०० | ३४,८९०,३८६।०० | ४१,६४३,२८५।०० | |

**गत तीन वर्षको राजस्व असुलीको तुलनात्मक विवरण**



## ३. मुद्दाको विवरण

| सि.नं. | विवरण | आ.व. | | | कैफियत |
|---|---|---|---|---|---|
| | | ०६८/६९ | ०६९/७० | ०७०/७१ | |
| १. | जिम्मेवारी सरेको | ३९ | ६६ | १३ | |
| २. | आ.व. को दर्ता संख्या | २३२ | ८८ | १३७ | |
| ३. | कुल दर्ता संख्या | २७१ | १५४ | १५० | |
| ४. | फछ्र्यौट भएको संख्या | २०५ | १४१ | १०९ | |
| ५. | फछ्र्यौट हुन बाँकी संख्या | ६६ | १३ | ४१ | |

## ४. बेरुजु विवरण

| आ.व. | विनियोजन | राजस्व | धरौटी | फछ्र्यौट भएको | जम्मा प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| ०६८/६९ | - | - | - | - | - | बेरूजु नभएको |
| ०६९/७० | - | - | - | - | - | |
| ०७०/७१ | - | - | - | - | - | |
| जम्मा | - | - | - | - | - | |

## ५.अनुसन्धान गरी कारबाही गरिएका ९ वटा प्रमुख फर्महरूको विवरण

| सि.नं. | फर्म वा व्यक्तिको नाम | मालवस्तुको नाम | असुल गरिएको राजस्व रु. | राजस्व शीर्षक |
|---|---|---|---|---|
| १. | मारुती सिमेन्ट | सिमेन्ट उत्पादन र विक्रि वितरण | ३,४८३,९१५।०० | मू.अ.कर, अन्त:शुल्क |
| २. | सि.म्याक्स फुड प्रा.लि. | मासु | २,६४७,७८४।०० | आयकर |
| ३. | चन्चल मनिहारी पसल | मनिहारी सामग्री | ४३६,०७१।०० | मू.अ.कर |
| ४. | वंशल हार्डवेयर | हार्डवेयर सामग्री | ७१३,३५४।०० | मू.अ.कर |
| ५. | सिटी अटो डिष्ट्रिव्यूटर्स | अटो पार्टस | ४३६,०७१।०० | मू.अ.कर |
| ६. | अमन हार्डवेयर ट्रेड सेन्टर | हार्डवेयर सामग्री | ४५१,४६८।०० | मू.अ.कर |
| ७. | न्यू शिव इन्टरप्राइजेज | कपडा | १,६३९,७०४।०० | मू.अ.कर |
| ८. | साकेत ट्रेडर्स | खुद्रा व्यापार | ४१८,८१०।०० | मू.अ.कर |
| ९. | जय बालाजी ट्रेडर्स | ड्राई फुड | ९१५,७७२।०० | मू.अ.कर |
| **जम्मा** | | | ११,१४२,९४९।०० | |

## ६. ढुवानी साधनहरूको चेकजाँचको स्थिति

| कार्यालयको नाम | भन्सार बिन्दुबाट आएका सवारी तथा ढुवानी साधन चेकजाँच | आन्तरिक ओसारपसारका ढुवानी साधनको चेकजाँच | निकासी भएका सवारी साधनको चेकजाँचको स्थिति | गोदाम तथा कारोबार स्थलको चेकजाँच |
|---|---|---|---|---|
| विराटनगर र मेची | ४६ | ३४ | ० | १७ |

## ७. कार्यगत लक्ष्य प्रगतिको विवरण

| सि.नं. | आकस्मिक गस्ती | राजमार्ग अनुगमन | सीमाक्षेत्र अनुगमन | बजार अनुगमन | लोकमार्ग अनुगमन |
|---|---|---|---|---|---|
| १. | १४१ पटक | १५१४२ कि.मी. | ३४ पटक | ३९ पटक | १४१ पटक |

## ८. अन्य निकायहरूसँगको सूचना आदान प्रदानको विवरण

- अनुसन्धानका लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालय र भन्सार कार्यालयहरूबाट आवश्यक सूचना आदान-प्रदान गरिएको ।

## ९. DRI-CIS को वर्तमान अवस्था

- विल इन्ट्री गर्ने गरिएको ।
- आ.व. ०६९/७० मा १२०७३४ विल/बीजक/प्रज्ञापनपत्र CIS मा इन्ट्री भएको ।

## १०. कार्यालयको प्रमुख समस्या र चुनौतीहरु

- कार्यालय भवन र कोठा तथा आवासको अभाव ।
- जफत मालवस्तु र सवारी साधन थन्क्याउने स्थानको अभाव ।
- राजस्व चुहावटको परिवर्तित प्रवृत्तिअनुसार जनशक्तिको दक्षता अभिवृद्धि नहुनु ।
- राजस्व चुहावट नियन्त्रणमा संलग्न निकायहरूबीच समन्यको कमी ।


## ११. सुझावहरु

- गोदाम, सुरक्षा गार्ड भवन तथा आवास भवन निर्माणको लागि थप विनियोजन गर्नुपर्ने ।
- कार्यालयमा तत्कालै कम्तीमा १० के.भि.ए.को जेनेरेटरको व्यवस्था गर्नुपर्ने ।
- कर्मचारीहरूलाई अनुसन्धानको लागि दक्षता अभिवृद्धिगर्ने व्यवहारिक तालिम निरन्तर दिनुपर्ने ।
- केन्द्रीयस्तरको सूचना प्रणाली (भन्सार, आ.रा.वि.,रा.अ.वि.) Inter Linkage गर्दै चुहावट नियन्त्रणका लागि उपयोग गर्नुपर्ने ।

## (ख) राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, बारा


### १. राजस्वको असुली

| सि.नं. | राजस्व शीर्षक | राजस्व रु. हजारमा | कैफियत |
|---|---|---|---|
| १. | भन्सार महसुल | १०९,४४९।०० | |
| २. | मू.अ.कर | १४,१२८,०११।०० | |
| ३. | अन्त:शुल्क | २,२२१,०६७।०० | |
| ४. | आयकर | ० | |
| ५. | गैरकर र अन्य | ० | |
| | जम्मा | १६,४५८,५२७।०० | |




### २. गत तीन वर्षको राजस्व असुलीको तुलनात्मक विवरण

| सि.नं. | राजस्व शीर्षक | आ.व.०६८।६९ | आ.व.०६९।७० | आ.व.०७०।७१ | कैफियत |
|---|---|---|---|---|---|
| १. | मू.अ.कर | २०,२८०।०० | ३८,४५५।०० | १४,१२८।०१ | |
| २. | आयकर | १०,३३८।०० | २६,२६८।०० | २,२२१।०७ | |
| ३. | भन्सार महसुल | ९३,४७६।०० | २७,७०८।०० | १०९।४५ | |
| ४. | अन्त:शुल्क | ३२,००७।०० | २,९७८।०० | 0 | |
| ५. | गैरकर र अन्य | २,७३७।०० | २८२।०० | 0 | |
| जम्मा | | १५८,८३८।०० | ९५,६९१।०० | १६,४५८।५३ | |




| | मू.अ.कर | आयकर | भन्सार महसुल | अन्त:शुल्क | गैरकर र अन्य |
|---|---|---|---|---|---|
| आ.व.०७०।७१ | १४,१२८।०१ | २,२२१।०७ | १०९।४५ | ० | ० |
| आ.व.०६९।७० | ३८,४५५।०० | २६,२६८।०० | २७,७०८।०० | २,९७८।०० | २८२।०० |
| आ.व.०६८।६९ | २०,२८०।०० | १०,३३८।०० | ९३,४७६।०० | ३२,००७।०० | २,७३७।०० |

## ३. मुद्दाको विवरण

| आ.व. | जिम्मेवारी सरेको | आ.व. को दर्ता संख्या | कुल दर्ता संख्या | फछ्र्यौट भएको संख्या | फछ्र्यौट हुन बाँकी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| ०६८/६९ | २३ | ३३९ | ३६२ | ३२८ | ३४ | |
| ०६९/७० | ३४ | २४२ | २७६ | २५४ | २२ | |
| ०७०/७१ | २२ | ३२८ | ३५० | २७९ | ७१ | |

## ४. बेरुजु विवरण

| आ.व. | विनियोजन | राजस्व | धरौटी | फछ्र्यौट भएको | जम्मा प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| ०६८/६९ | ० | ० | ० | ० | ० | |
| ०६९/७० | ० | ० | ० | ० | ० | |
| ०७०/७१ | ० | ० | ३३,९१,३१०।०० | ० | ० | स.प.को लागि कारवाही भएका |

## ५. अनुसन्धान गरी कारबाही गरिएका १० ठूला फर्महरूको विवरण

| सि.नं. | फर्म वा व्यक्तिको नाम | मालवस्तुको नाम | असुल गरिएको राजस्व रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री दिपक ट्रेडिंग, बर्दिबास | हार्डवेयरको कारोवार | ३,२८४,३२०।०० | |
| २. | जगदम्बा स्टील प्रा.लि., सिमरा | फलामो स्टील उत्पादन | ३,२६६,१३४।०० | |
| ३. | श्री विनोद ट्रेडर्स, धनुषा | विविध सामानको खरिद विक्री | २,०३७,४७४।०० | |
| ४. | गणपति वनस्पती प्रा.लि, सिमरा | वनस्पती र पशुजन्य तेल घिउ उत्पादन | १,३१३,२२०।०० | |
| ५. | लवकुश खाद्य उद्योग, धनुषा | मैदा, आटा उत्पादन गर्ने | ४९३,४३०।०० | |
| ६. | पञ्चमुखी इन्टरप्राइजेज, महोत्तरी | विविध खाद्य सामाग्रीको कारोवार | ४८६,८५१।०० | |
| ७. | विश्वकर्मा सिमेन्ट प्रा.लि., वीरगंज | सिमेन्ट उत्पादन | ४५२,१८१।०० | |
| ८. | जगदम्बा ट्रेड लिंक, जनकपुर | हार्डवेयरको कारोवार | ४२६,२८९।०० | |
| ९. | रिलायन्स केवल वायर इ.प्रा.लि., धनुषा | विजुलीका सामान उत्पादन | ३८९,७५४।०० | |
| १०. | श्री प्रदिप पोलिथिन ई., वीरगंज | प्लाष्टिक सामान उत्पादन | ३८४,१३४।०० | |
| जम्मा | | | १२,५३३,७८७।०० | |

## ६. ढुवानी साधनहरूको चेकजाँचको स्थिति

| आ.व. | चेकजांचको संख्या | सिल भएको | सिल नभएको |
|---|---|---|---|
| ०६९/७० | १५५ | ८५ | ७० |
| ०७०/७१ | १५७ | ६४ | ९३ |

## ७. कार्यगत लक्ष्य प्रगतिको विवरण

| सि.नं. | आकस्मिक गस्ती | राजमार्ग अनुगमन | सीमाक्षेत्र अनुगमन | बजार अनुगमन |
|---|---|---|---|---|
| १. | | | | |

## ८. अन्य निकायहरूसँगको सूचना आदान-प्रदानको विवरण

- अर्थ मन्त्रालय र अन्तरगतका विभागको वेभसाइटहरूबाट कर तथा गैरकरसम्बन्धी अध्यावधिक सूचना प्राप्त गर्ने गरेको ।
- आन्तरिक राजस्व विभागको Portal बाट करदातासम्बन्धी सूचना प्राप्त गर्ने गरेको ।
- सुरक्षा निकाय तथा स्थानीय निकायहरूसँग सूचनाको आदान-प्रदान गरी राजस्व चुहावट नियन्त्रण गरिएको ।
- विभिन्न व्यक्ति, संस्थाहरूबाट लिखित, मौखिक तथा बिद्युतीय सञ्चार माध्यममार्फत सूचनाहरू सङ्कलन गर्ने गरेको ।

## ९. DRI-CIS को वर्तमान अवस्था

- कमजोर भौतिक अवस्था,
- पर्याप्त जनशक्तिको कमी,
- आवश्यक साधनहरू जस्तै :- कम्प्यूटर, यू.पि.एस. को अपर्याप्तता Power Back नहुँदा काममा समस्या,
- इन्टरनेट सुविधा भरपर्दो नहुनु,
- IT शाखा नहुनु,
- तालिमको व्यवस्था नहुनु ।

## १०. कार्यान्वयनको सन्दर्भमा देखिएका समस्याहरु

यस कार्यालयले कार्यायोजना बमोजिम कार्यसम्पादन गर्ने क्रममा विभिन्न कानूनी एवं व्यवहारिक समस्याहरुको सामना गर्दै आएको छ । ती समस्याहरु मध्ये नीतिगत समस्याहरु र कार्यगत समस्याहरुलाई पृथक गरी प्रस्तुत गरिएको छ ।

### क) भन्सारसंग सम्बन्धित समस्याहरु

- सामानको जांचपास गर्दा न्यून विजकीकरण गरी घोषणा गर्ने अर्थात वास्तविक कारोवार मूल्यको घोषणा नगर्ने ।
- गलत घोषणा गर्ने जस्तै: विजक भन्दा कम परिमाणको घोषणा, एउटा सामानलाई अर्को सामान भनिने, गलत संकेत नं. लगाउने, उत्पादक मुलुक (Country of Origin) को गलत घोषणा गर्ने आदि ।
- सामानको घोषणा नै नगरी पैठारी गरिएको सामानसंग मिसाएर ल्याउने ।
- बैकिङ्ग प्रणाली भन्दा अन्य माध्यमबाट भुक्तानी गर्ने ।
- सामानको भारतीय विक्रेताको नक्कली विल बनाउने ।
- Place of Discharge को गलत घोषणा ।
- भन्सार तिरिएको सामानमा र चोरी पैठारी भएको सामान मिसाएर नक्कली कर बिजक बनाएर संगै लैजाने र सामान गन्तव्यमा पुगेपछि कर बिजक नष्ट गर्ने ।
- भन्सार क्षेत्रबाट निस्केका ढुवानी साधनमा समेत जांचपास नभएकासामान फेलापार्ने गरेकोले भंसारक्षेत्र तथा यार्ड वरपर भन्सार कर्मचारीबाट निगरानीको कमी ।
- एउटै प्रज्ञापनपत्र तथा विजकबाट पटक पटक सामान ओसारपसार गर्ने ।
- चोरी निकासी तथा पैठारीमा संगठित गिरोह सक्रिय रहनु ।
- Bulk मा आउने सामानहरु वीरगञ्जमा Open Ground मा Dump गरेर पुरानो प्रज्ञापनपत्र मिसाउने गरेको ।

- चोरी पैठारी भएको सामानलाई Tax Invoice बाट २/४ चरण वरीपरीका करदाताहरुमा कारोवार गरेको देखाउने र सोही स्रोत कागजातका आधारमा अन्य ठूला शहरहरुमा लैजाने गरेको ।
- मालसामानको MRP नष्ट गर्ने, MRP नै छाप्न नलगाउने तथा सन्दर्भ मूल्य पुस्तिका भन्दा कमको MRP घोषणा गरी मालसामान जाचपास गर्ने ।
- मूलत: मोटर पार्ट्स, कपडा, कस्मेटीक, सुर्ती, गुड्खा, पानपराग अधिकमात्रामा चुहावट हुने गरेको ।

**ख) मूल्य अभिबृद्धि कर सम्बन्धी समस्याहरु**

- मु.अ.करको मुख्य समस्या विजकमा नै हो । जस्तै: विजक लिनेदिने बानी नहुनु, नक्कली VAT र PAN नम्बर, सिलसिलेवार विजक जारी नहुनु, दोहोरो विजक जारी गर्नु, समानान्तर विजक जारी गर्नु, विजक नम्बर उल्लेख नगर्नु, १० प्रतिशतको हिसाव लगाउनु वा १३ प्रतिशत भएपनि गलत हिसाव लगाउनु, विना विलको कारोवार गर्ने ।
- एकैदिन भंसार जांचपास भएर आउने सामानमा पनि VAT Bill प्रयोग गर्ने
- उपभोक्ताले कर बिजक नमाग्ने प्रबृति बढ्दै गएको ।
- खरिद तथा आयातको स्रोत नभए पनि कर बिजक जारी गर्ने ।
- मुख्य कार्यालय र शाखा कार्यालय नभएपनि नक्कली शाखा कार्यालय देखाई समानन्तर विल जारी गर्ने ।
- Non-Filer को संख्या बढ्दो ।
- क्रेडिट देखाउने तर मौज्दातमा सामान नहुने ।
- न्यूनविजकीकरण गर्ने ।
- घाटा देखाउने ऋणात्मक मूल्य अभिबृद्धि गर्ने ।
- कारोवार गरिरहे पनि शून्य विवरण बुझाउने ।
- अनिवार्यरूपमा VAT मा दर्ता गर्नुपर्ने कारोवारले पनि PAN विल जारी गर्ने
- नक्कली विल काट्ने तर कर फिर्ता बढी लिने ।
- Stock Transfer मा मूल्य नखुलाउने, १३ प्रतिशत VAT लगाएको हिसाव देखाउने ।
- खुद्रा विक्रेताले बिक्री चलानको अनुमति नै नलिने लिए पनि नियमनमा कमी ।
- खरिद विक्रीको वास्तविक अभिलेख नराख्ने ।
- ठूलो रकमको विललाई टुक्र्याएर सानो सानो बनाउने ।

**ग. आयकरसंग सम्बन्धित समस्याहरु :**

- अन्य व्यक्तिको (कामदार/कर्मचारी समेत) नामबाट दर्ता भएका फर्मबाट कारोवार गर्ने र केही समय कारोवार गरेपछि Nonfiller हुने ।
- फर्म पटक पटक फेरिरहने, नाम परिवर्तन भइरहने ।
- समयमा आयविवरण नबुझाउने र अनुमानित आय विवरण र कर दाखिला नगर्ने ।
- कागजपत्र खाता वही नराख्ने ।
- वास्तविक कारोवार लुकाउने ।
- नगदमा कारोवार गर्ने, बैकिङ कारोवार नगर्ने ।
- VAT मा दर्ता हुनुपर्ने PAN मा र PAN दर्ता हुनुपर्ने दर्ता नै नहुने र VAT मा दर्ता हुन नपाउनेले पनि VAT मा दर्ता हुने ।

**घ. अन्तःशुल्कसंग सम्बन्धित समस्याहरु :**

- बढी उत्पादन गरी कम देखाउने ।
- अन्तःशुल्क लाग्ने बस्तु उत्पादन हुने कारखाना (खासगरी मदिराजन्य तथा सूर्तिजन्य सामान) मा दक्ष अन्तःशुल्क निरिक्षकको अभाव ।
- अन्तःशुल्क लाग्ने बस्तुहरुको नियमन तथा नियन्त्रण प्रभावकारी नहुनु ।
- नक्कली स्टिकरको पहिचान, परिक्षण गर्नेतर्फ प्राविधिक ज्ञानको कमी, औजार उपकरणको कमी ।
- मदिरा तथा सुर्तिजन्य कारोवार गर्ने उत्पादकले बढी कच्चा पदार्थ खरिद गरी कम खरिद गरेको देखाउने तथा बढी उत्पादनलाई कम उत्पादन भएको देखाउने प्रवृति बढ्दै गएको ।
- आन्तरिक राजस्व कार्यालयबाट लिएको सम्पूर्ण स्टिकरको नम्बर "मध्येबाट प्रयोग" भन्ने उल्लेख हुने गरेको ।
- अन्तःशुल्कजन्य पदार्थ सूर्ति र सूर्तिजन्य पदार्थको प्रयोग बढी रहेको ।
- किसानले आफ्नै वारीमा उत्पादन गरेको सूर्ति भनी गाउं विकास समितिले ठुलो मात्रामा सिफारिस गर्ने गरेको ।

**ङ. आन्तरिक ओसारपसारतर्फ :**

- एउटै प्रज्ञापनपत्र तथा विजकबाट पटकपटक मालबस्तु ओसार्ने ।
- विल विजक नबोक्ने ।
- छुट्टाछुट्टै कारोवारको विचमा पनि Stock Transfer को कागज देखाउने ।
- विभिन्न आयोजनाका Site मा लैजाने भनी उपकरण तथा निर्माण सामाग्री तथा विना विल विजक तथा एउटाको नाममा पैठारी भई अन्य स्थानमा ओसारपसार गर्ने ।
- लुज विल तथा चिठीपत्रको प्रयोग गर्ने ।
- विल नम्बर र मिति उल्लेख नगर्ने तथा सच्याउने ।
- समानन्तर विल जारी गर्ने ।
- केता र बिक्रेताको स्थायी लेखा नम्बर, ठेगाना उल्लेख नगर्ने ।

- सिलसिलेवार विल जारी नगर्ने । आर्थिक वर्ष शुरूवात संगै बिजक नं. १ बाट बिजक जारी नगरी गत आ. व. को वीललाई निरन्तरता दिने तथा केरमेट गर्ने ।
- PAN मा मात्र दर्ता भई VAT को कारोवार गर्ने ।
- VAT मा दर्ता हुनुपर्ने कारोवारले समेत PAN विलबाट कारोवार गर्ने ।
- कारोवार गरीरहे पनि शून्य विवरण बुझाउने ।
- VAT १३ प्रतिशत लेखेपनि गलत हिसाव लगाउने ।
- न्यून विजकीकरण, घाटाको वा ऋणात्मक मूल्य अभिवृद्धि गर्ने ।
- क्रेडिट देखाउने तर मौज्दातमा सामान नहुने ।
- NonFiler को संख्या बढ्दो ।
- विना विलको कारोवार गर्ने ।
- Source Document नभइकनै पनि नक्कली VAT विल काट्ने ।
- केन्द्रिय कार्यालय र शाखा कार्यालय नभएपनि कारोवार लुकाउन शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पठाएको भनी देखाउने ।
- काठमाडौं उपत्यका जोड्न खुलेका नया सडकहरुमा हुन सक्ने चोरी पैठारी रोक्न तथा आन्तरिक ओसारसपार नियमित गर्न उक्त मार्गहरुमा पर्याप्त चेकजांच गर्न नसकिएको

## च. सूचना प्रविधि सम्बन्धी समस्याहरु

- Metal Detector, Bar Code Reader युक्त विजक ह्(च्बथ मेशिन लगायत चेकजांच एवं अनुगमनमा प्रयोग हुने अत्याधुनिक उपकरणको अभाव
- DRI–CIS मा कार्यालयको पहुंच नभएकोले विद्यमान एयचतबर्ि बाट करदाताको वास्तविक कारोवारको एकिन गर्न नसकिएको ।
- विल इन्ट्री गर्ने कार्यबोझको आधारमा भौतिक पूर्वाधार तथा जनशक्तिको कमी ।

## छ. संस्थागत तथा संगठनात्मक समस्याहरु

- राजस्व चुहावट नियन्त्रण तथा नियमनमा अनुसन्धानमुलक कार्य भन्दा पनि लिलाम विक्री र मुद्दा मामिलामा बढी केन्द्रित हुनुपर्ने ।
- राजस्व चुहावट नियन्त्रणका लागि सम्बन्धित विषयमा ज्ञान भएको कर्मचारी ल्याउन सक्ने व्यवस्था भएपनि विशेषज्ञ कर्मचारीको सट्टा काज, फाजिलमा गैर विशेषज्ञ कर्मचारी आउने परिपाटी रहेकोले व्यवस्थापन गर्न कठिनाई रहेको ।
- कार्यालय भवन, कर्मचारी आवास गृह, गोदाम, यार्ड, सेड, फर्निचर लगायतका संरचनाहरु अपर्याप्त छ । जसले गर्दा सामान चेकजांच गर्न, पक्राउ परी आएका गाडी, मोटरसाइकल लगायतका सामान थन्काउने ठांउंको अभाव छ ।

## ज. विविध समस्याहरु :

- सुरक्षा निकायहरुले सामान बुझाउनु भन्दा पहिले नै मिडियालाई सूचना चुहाउने र सञ्चार माध्यममा समाचार आएपछि सामान बुझाएको समेत अवस्था छ । यस्तो परिस्थितिमा अनुसन्धान तथा छानविन प्रभावित भएको छ ।
- नक्कली सुराकी/सुचनाले वेलावेलामा मन्त्रालय, विभाग र कार्यालयको वीचमा अविश्वासको वातावरण पैदा गरेको छ । यसबाट कार्यालयको समय, उपलब्ध जनशक्ति एवं साधनको दुरूपयोग भएको छ ।

- अनुसन्धान तथा तहकिकात गर्दा अपनाउनुपर्ने स्पष्ट निर्देशिका तथा कार्यविधिको अभाव छ ।
- भन्सारबाट सिल लगाएर पठाएको ट्रक कन्टेनरहरुलाई समेत विभिन्न निकायहरुबाट पटक पटक सुराकीको आधारमा भनी चेकजांचका लागि पठाउने गरेको ।
- सुरक्षा निकायहरुले बिल, बिजक र पज्ञापनपत्र सहितका मालबाहक ढुवानीका साधनहरु नियन्त्रणमा लिई उक्त मालसामान मालधनीको रोहवर विना आफनै परिसरमा मालसामान खोली गन्ती गर्ने, विना आधार मूल्य तोकी अवैध सामान भनी प्रतिवेदनका साथ थप कारवाहीको लागि बिलबिजक, प्रज्ञापनपत्र बिना नै बुझाउने र यस कार्यालयमा आवश्यक कारवाही र चेकजांच गर्दा समेत रोहवरमा बस्न दिंदा अनुसन्धान तथा चेकजांचलाई प्रभावित हुने गरेको ।


## ११. यस कार्यालयसंग सम्बन्धित समस्याहरुको समाधानका उपायहरु:

- भन्सारमा कारोवार मूल्यलाई यथार्थपरक बनाउने ।
- परिमाण संकेत नम्बर, उत्पतिको मुलुक आदि विवरण सही रूपमा घोषणा गर्न गराउन भन्सार एजेन्ट महासंघ र नेपाल उद्योग वाणिज्य महासंघलाई अनुरोध गर्ने
- भारततर्फको लोकल पैठारीलाई पनि बैकिंगङ्ग प्रणालीबाट भुक्तानी गर्नुपर्ने व्यवस्था गर्ने ।
- भारतीय नक्कली विल बनाई भन्सारमा पेश गरेको अवस्थामा त्यसलाई मान्यता नदिने ।
- भन्सार यार्डमा जांचपास भएका सामान र नभएका सामान एक आपसमा मिसिन नपाउने ब्यवस्था मिलाउने ।
- MRP लेखिएको भाग केरमेट गरिएमा त्यस्तोको स्थानीय बजार मूल्यको ४० प्रतिशत कारोवार मूल्य कायम गर्ने ।
- मू.अ.कर विजकका सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट अनुगमन गर्नुपर्ने । साथै जनचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने ।
- ऋणात्मक मूल्य अभिबृद्धि सम्बन्धमा नीतिगत निर्णय हुनुपर्ने ।
- Stock Transfer र खुद्रा बिक्री चलानका विषयमा आ.रा.वि.ले अझै स्पष्ट गरिदिनु पर्ने ।
- VAT को विल र पुरानो प्रज्ञापनपत्रलाई स्रोत कागज मानेको सम्बन्धमा नीतिगत निर्णय हुनुपर्ने ।
- आयोजनाले Site मा लैजाने सामान, ठेकेदारले रासन लगायतका सामान ओसारपसार गर्दा कार्यविधिमा समावेश गर्नुपर्ने ।
- भौतिक सुविधा, यन्त्रउपकरण आदिको विषयमा विभागले विशेष ध्यान दिनुपर्ने ।
- कर्मचारीहरुलाई पुनर्ताजगी तालिम बढाउनु पर्ने ।
- नयां कार्यालय भवन, यार्ड बनाउन प्राथमिकता दिनुपर्ने ।
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) निर्देशिका एवं कार्यविधि तर्जुमा गर्नुपर्ने
- प्रत्येक क्षेत्रीय कार्यालयमा आधुनिक उपकरणहरु Bar Code Reader Machine र चेकपोष्टहरुमा X-Ray मेशिन, Weighing मेशिनको ब्यवस्था हुनुपर्ने ।
- काठमाडौं उपत्यका जोड्न खुलेका नयां सडकहरुमा हुन सक्ने चोरी पैठारी रोक्न तथा आन्तरिक ओसारसपार नियमित गर्न उक्त मार्गहरुमा नियमित चेकजांच, द्रुत गस्ति एवं सूचना संयन्त्रको व्यवस्था गर्नुपर्ने ।
- सुरक्षा निकायहरुले गर्ने प्रक्रियागत त्रुटीहरुलाई समाधान गर्न सम्बन्धित निकायहरु स¤ग समय समयमा छलफल तथा अन्तरक्रिया गर्नुपर्ने ।

## (ग) राजस्व अनुसन्धान पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, बुटवल


### १. आ.व. ०७०/७१ को राजस्व असुली

| सि.न. | राजस्व शिर्षक | राजस्व रू. | कैफियत |
|---|---|---|---|
| १ | भन्सार | २७२७२२२६।०० | |
| २ | मूल्य अभिवृद्धि कर | १९१२६७०४।०० | |
| ३ | अन्त:शुल्क | २१४०४१।०० | |
| ४ | आयकर | ५३७३१४।०० | |
| ५ | अन्य | ०।०० | |
| | **जम्मा** | ४७,१५०,२८५।०० | |



## २. राजस्व असुलीको तुलनात्मक विवरण

| सि.न. | राजस्व शिर्षक | आ.व. २०६८।६९ | आ.व. २०६९।७० | आ.व.०७०/७१ |
|---|---|---|---|---|
| १ | भन्सार | १३६९०९३४ | ४०२०७०६२ | २०२८०४३८ |
| २ | मूल्य अभिवृद्धि कर | २९०९२७९ | ८२३६८७१ | १५९०४६४९ |
| ३ | अन्त:शुल्क | ८४८७५० | ७७५२०० | ४२१३५३ |
| ४ | आयकर | २३५०८ | ९२६४१३ | ५०१४२५५ |
| ५ | अन्य | ७७६२१ | ७२७८६८ | २२५९० |
| | जम्मा | १७५५००९२ | ५०८७३४१४ | ४१६४३२८५ |




## ३ मुद्दाको विवरण

| आ.व. | जिम्मेवारी सरेको | आ.व को दर्ता संख्या | कुल दर्ता | फछ्यौंट भएको संख्या | फछ्यौंट हुन बांकी संख्या |
|---|---|---|---|---|---|
| ०६८।६९ | २३ | २७८ | ३०१ | १९८ | १०३ |
| ०६९।७० | १०२ | २१६ | ३१८ | २७५ | ४३ |
| ०७०।७१ | ४५ | २०९ | २५४ | २४७ | ७ |

## ४. बेरुजुको विवरण

| मिति | आ.व. | विवरण | दफा | रकम (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| २०६९।०६।०३ | २०६६।६७ | धरौटी तर्फ | ५.१ | १०६९८०।०० | राजस्व खातामा दाखिला |
| २०६९।१२।१३ | २०६८।६९ | चालु तर्फ | १२ | १६११४।४६ | राजस्व खातामा दाखिला |
| २०७०।०२।३१ | २०६८।६९ | धरौटी तर्फ | २१ | १९२८४६९।०० | धरौटी सदरस्याहा |
| २०६९।०८।२६ | २०६८।६९ | धरौटी तर्फ | २२ | २५३३४६।०० | सुराकी खर्च धरौटी खातामा जम्मा |
| | | | जम्मा | २३०४९०९।४६ | |

## ५. अनुसन्धान गरी कारबाही गरिएका १० ठूला फर्महरूको विवरण

| सि.नं. | फर्मका नाम | स्थायी लेखा नम्वर | निर्धारण गरिएको मूं.अ.क.रकम | आयमा समावेश गराइएको थप विक्री रकम |
|---|---|---|---|---|
| १ | वोमराङ ररेष्टुरेन्ट, पोखरा, कास्की | ३००२०६८४९ | २४६३९३९।०० | ९३३२०६८।०० |
| २ | रवि एण्ड सन्नी कर्न्सन, पोखरा, | ३००१०९५९० | १२००६४७।०० | ४६१७८७३।०० |
| ३ | बिजी बि.क्याफे, पोखरा, | ३०२७२१७६४ | १०१०७३८।०० | ३८८७४५५।०० |
| ४ | पाटेश्वरी वस्त्रालय, बुटवल | ३०१८४३२१६ | १००१९९४।०० | ३८५३८२२।०० |
| ५ | न्यू पश्चिमाञ्चल टेडर्स, कृष्णनगर, | ३०५३०४७६४ | ८९२८८८।०० | ३४३४१८३।०० |
| ६ | शुभ श्रृजना ईम्पेक्स, पोखरा, | ३०५०४८१५८ | ८००२१२।०० | ३०७७७३७।०० |
| ७ | ओम शान्ती फेन्सी, बुटवल | ३०१२६९९८४ | ७१८५४५।०० | २७६३६३३।०० |
| ८ | ओम ईलेक्ट्रोनिक्स, चन्द्रौटा, | ३००३६४८७३ | ६०२२३८।०० | २३१६३००।०० |
| ९ | सोनाटा कास्मेटिक्स, भैरहवा, | ३०२१३७९५० | ५३५७३६।०० | २०६०५१६।०० |
| १० | ओम सुन्दर अर्घाखांची स्टोर्स, बुटवल | ३०४४१८७४३ | ५१५७८०।०० | १९८३७७०।०० |
| | जम्मा रकम | | ९७४२७१७।०० | ३७३२७३५७।०० |

## ६. लक्षित कार्यको प्रगती स्तर :-

| मालवाहक सवारी साधनको चेकजांच | सिमा क्षेत्र अनुगमन | बजार अनुगमन | लोकमार्ग अनुगमन |
|---|---|---|---|
| ७७४ | ६० | ५० | २९० |

## ७. ढुवानी साधनहरूको चेकजाँच र आकस्मीक निरिक्षण अनुगमनको विवरण :

| भन्सार बिन्दुबाट आएका सवारी तथा ढुवानी साधन चेकजांच | आन्तरिक ओसारपसारका ढुवानी साधनको चेकजांच | निकासी भएका सवारी साधनहरुको चेकजांचको स्थिति | गोदाम तथा कारोबार स्थलको चेकजांच |
|---|---|---|---|
| ३३७ | ५२६ | ६७ | ५० |

## ८. अन्य निकायहरूसँगको सूचना आदान-प्रदानको विवरण

- सशस्त्र प्रहरी, नेपाल प्रहरी लगायतसँग सूचना आदान-प्रदान हुने गरेको,
- सामुदायिक गस्ती एवम् छापा मार्ने कार्य समय-समयमा हुने गरेको,
- भन्सार कार्यालयसँग राजस्व चुहावटसम्बन्धी छलफल हुने गरेको,
- समय-समयमा राजस्व चुहावट नियन्त्रण समितिको बैठक बसी छलफल हुने गरेको,
- आ.रा.का. को सहयोगमा लगातार क्रेडिट विवरण बुझाउने करदाताको छानबिन गर्ने ।

## ९. DRI-CIS को वर्तमान अवस्था

- संकलित बिलको व्यवस्थापन गर्न कठिनाई भएको,
- बिल धेरै सङ्कलन हुने तथा ऊर्जा संकटको कारण सम्पूर्ण बिल प्रविष्टि हुन नसकेको,
- प्रविष्टि भएको बिलमा कार्यालयको पहुँच नभएको,
- विभागबाट उक्त बिलको आवश्यक सूचना प्राप्त हुन नसकेको ।

## १०. प्रमुख समस्या र चुनौतीहरू

- दक्ष, तालीम प्राप्त एवम् अनुभवी जनशक्तिको अभाव,
- कार्यालयभित्रको कर्मचारीको कार्यक्षेत्रको समस्या,
- विज्ञ, विशेषज्ञ एवम् दक्ष कर्मचारीको अभाव (चेकपोष्टमा विल, बीजक, प्रज्ञापनपत्र, स्टक ट्रान्सफर),
- कर्मचारीको आवश्यकता र आपूर्तिबीच तालमेलको समस्या (फाजिल),
- उपयुक्त तालीम एवम् प्रशिक्षणको अभाव,
- PROTAX मा पहुँच छैन,
- सुराकी व्यवस्थापन,
- IT Assessment गर्ने अधिकार नभएको,
- अनावश्यक राजनैतिक दबाब आउने ।


## ११. समाधानका लागि गरिएको प्रयास तथा सुझावहरू

- सबै तहका कर्मचारीहरूलाई काम र नैतिकतासम्बन्धी नियमित प्रशिक्षणको व्यवस्थापन गर्ने,
- कार्यालयमा जनशक्ति आवश्यकताको विश्लेषण गरी कर्मचारी पदस्थापन गर्ने,
- गस्ती समूहको आवश्यकताको विश्लेषण गर्ने,
- अन्तरकार्यालय र अन्तरविभाग सूचना सञ्जाल स्थापना गर्ने,
- PROTAX मा पहुँचको व्यवस्था गर्ने र Portal मा उपलब्ध Data हरूलाई नियमित अद्यावधिक गर्ने,
- सवारी साधनको उपलब्धता प्राथमिकताका आधारमा गर्ने,
- चेकपोष्टमा पेश गर्ने कागजात दरपीठ गर्ने व्यवस्था गर्ने,
- प्रत्येक महिना सबै क्षेत्रीय कार्यालयहरूको प्रतिनिधित्व गराई विभागमा समीक्षा बैठक गरी समसामयिक समस्या समाधान गर्न पहल गर्नुपर्ने,
- स्पष्ट कार्यविधि तथा निर्देशिका तर्जुमा गरी लागू गर्ने,
- Performance Based Incentive System (PBIS) लागू गर्ने,
- विदेशी विनिमयसम्बन्धी अनुसन्धान गर्ने अधिकार विकेन्द्रीकरण गर्ने,
- निजी सवारी साधनहरू भारतबाट अस्थायी पैठारी गर्दा अज्ञानतावश प्रवेश शर्त उल्लघंन भएको ठहरिएमा Heavy Penalty को व्यवस्था स्पष्ट गर्ने ।

## (घ) राजस्व अनुसन्धान मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, कोहलपुर


### १. राजस्वको असुली

| सि.नं. | राजस्व शिर्षक | राजस्व असुली रकम | कैफियत |
|---|---|---|---|
| १ | भन्सार | २४,५४३,८७९।०० | |
| २ | मू.अ.कर | ४,४८६,८७५।०० | |
| ३ | अन्त:शुल्क | १,७३७,६६०।०० | |
| ४ | आयकर | २१९,६३५।९२ | |
| ५ | बहाल कर | ( | |
| ६ | धरौटी | १५,६७,३५७ | |
| | जम्मा : | ३०,९८८,०४९।९२ | |




### २. गत तीन वर्षको राजस्व असुलीको तुलनात्मक विवरण

| सि.नं. | राजस्व शिर्षक | आ.ब.०६८/६९ | आ.ब. ०६९/७० | आ.ब. ०७०/७१ |
|---|---|---|---|---|
| १ | भन्सार महसूल | १३,९८९,७६२।५० | २१,९१२,०५३।०० | २४,५४३,८७९।०० |
| २ | मू.अ.कर | ३,३५१,५०१।५० | ७,२९३,४२१।०० | ४,४८६,८७५।०० |
| ३ | अन्त:शुल्क | १०७,५००।०० | ६९०,५६०।०० | १,७३७,६६०।०० |
| ४ | आयकर | ८४,०००।०० | १९३,६२०।०० | २१९,६३५।९२ |
| ५ | गैरकर र अन्य | १३०,४०१।०० | ( | १,५६७,३५७।०० |
| | | १७,६६३,१६५।०० | ३०,०८९,६५४।०० | ३२,५५५,४०६।९२ |




| | | भन्सार महसुल | मु.अ.कर | अन्त:शूल्क | आयकर | गैरकर र अन्य |
|---|---|---|---|---|---|---|
| आ.ब. ०७०/७१ | | २४,५४३ | ४,४८६, | १,७३७, | २१९,६३ | १,५६७, |
| आ.ब. ०६९/७० | | २१,९१२ | ७,२९३, | ६९०,५६ | १९३,६२ | ( |
| आ.ब.०६८/६९ | | १३,९८९ | ३,३५१, | १०७,५० | ८४,००० | १३०,४० |

## ३. मुद्दाको विवरण

| आ.ब. | जिम्मेवारी सरेको | आ.ब.को दर्ता संख्या | कुल दर्ता | फर्छ्यौंट भएको संख्या | फर्छ्यौंट हुन बाकी संख्या |
|---|---|---|---|---|---|
| ०६८/६९ | ३ | ९६ | ९९ | ७२ | २७ |
| ०६९/७० | २७ | ८५ | ११२ | ९९ | १३ |
| ०७०/७१ | १३ | ७७ | ९० | ७९ | ११ |

## ४. बेरुजुको विवरण

| आ. ब. | विनियोजन | राजस्व | धरौटी | फछ्यौंट भएको | जम्मा प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| ०६८/६९ | - | - | - | - | - | बेरूजु नरहेको |
| ०६९/७० | - | - | - | - | - | बेरूजु नरहेको |
| ०७०/७१ | - | - | - | - | - | म.ले.प.हुन बांकी |

## ५. अनुसन्धान गरी कारवाही गरिएका १० ठूला फर्महरको विवरण

| सि.नं. | फर्म वा व्यत्तिको नाम | माल बस्तुको नाम | असुल गरिएको राजस्व रु. | राजस्व शिर्षक |
|---|---|---|---|---|
| १ | देउती गुट्खा ईन्डष्ट्रीज, कैलाली | गुट्खा | ८,७२,२२६।०० | ११४१३ |
| २ | के.पि. पान प्रोडक्ट प्रा.ली., बाँके | गुट्खा | ५,०३,६०४।०० | ११४१३ |
| ३ | सरिफ जनरल स्टोर्स, नेपालगँज | कस्मेटिक सामान | ४,३०,१६४।०० | ११४१३ |
| ४ | धौवलागिरी सप्लायर्स, बर्दिया | हार्डवेयर सामाग्री | ३,६८,३८०।०० | ११४१३ |
| ५ | भागेश्वर फ्लोर मिल, कैलाली | मैदा | ३,६४,७३४।०० | ११४१३ |
| ६ | भगवती चिउरा मिल, कोहलपुर | चिउरा | २,१९,६३५।९२ | ११११ |
| ७ | रिजाल ईन्टरप्राईजेज, राजापुर बर्दिया | हार्डवेयर सामाग्री | २,०३,०५८।०० | ११४१३ |
| ८ | तुलसिपुर फ्लोर मिल प्रा.लि., दाङ्ग | मैदा | १,९४,६५०।०० | ११४१३ |
| ९ | गुरुङ्ग बस्त्रालय, दाङ्ग | कपडा (थोक) | १,६३,८८०।०० | ११४१३ |
| १० | बुटवल बस्त्रालय, दाङ्ग | कपडा (थोक) | १,६२,८४४।०० | ११४१३ |

## ६. ढुवानी साधनहरूको चेकजाँचको स्थिति

| कार्यालयको नाम | भन्सार बिन्दूबाट आएका सवारी तथा ढुवानी साधन चेकजाच | आन्तरिक ओसारपसारका ढुवानी साधनको चेकजाच | निकासी भएका सवारी साधनहरूको चेकजांचको स्थिति | कैफियत |
|---|---|---|---|---|
| राजस्व अनुसन्धान म.प.तथा सू.प. क्षेत्रिय कार्यालय, कोहलपूर | ५ | ८७ | सन्तोषजनक | |

## ७. कार्यगत लक्ष्य प्रगतिको विवरण

| मालबाहक ढुवानी साधनहरूको चेकजाँच | राजमार्ग अनुगमन | सिमाक्षेत्र अनुगमन | बजार अनुगमन | कैफियत |
|---|---|---|---|---|
| ४८ | ७२ | ४२ | २७ | |

## ८. अन्य निकायहरूसँगको सूचना आदान-प्रदानको विवरण

- सशस्त्र प्रहरी, नेपाल प्रहरी, आन्तरिक राजस्व कार्यालय, भन्सारलगायत जिल्लास्थित कार्यालय र छिमेकी अनुसन्धान कार्यालयमा सूचना आदान-प्रदान गरिएको ।

## ९. DRI-CIS को वर्तमान अवस्था

- अस्थायी चेकपोष्ट अत्तरियामा सङ्कलन भएका विलहरू इन्ट्री हुन नसकेको । यस कार्यालयमा सङ्कलन भएका बिलहरू इन्ट्री भइरहेको ।

## १०. कार्यालयका प्रमुख समस्या र चुनौतीहरू

**समस्याहरू:**

(क) बर्दियाबाट सुर्खेत तर्फजाने तथा पूर्व पश्चिम लोक मार्गमा चल्ने सवारी साधनहरू नियमित चेकजाँचहुन नसकेको ।

(ख) भारु ५०० र १००० का नोटको अपचलनका लागि स्थानीय तहमा कारवाही गर्न नसकिएको ।

(ग) लिलाम विक्रीको सूचना राष्ट्रीय स्तरको पत्रिकामा पटक पटक प्रकाशन गर्नको लागि रकम अभाव हुने गरेको ।

(घ) मुगु, हुम्ला र डडेलुधुरा जिल्लाहरूको स्थानीय तहमा भन्सार कार्यालयहरू नहुदा तथा प्रभावकारी रुपमा उपस्थित नहुदा अवैध निकासी पैठारी हुनेगरेको ।

(ङ) कार्यालयमा रहेका गाडीहरू निकै पुरानो भएकाले मर्मत खर्च अत्याधिक हुने गरेको ।

(च) राजमार्ग विस्तारको क्रममा यस कार्यालयको चेकपोष्ट (गेट) समेत सडक क्षेत्रभित्र परेकाले सो को शिघ्र निर्माण गर्नुपर्ने ।

**चुनौतीहरू**

(क) भन्सार चोरी पैठारी भै आएका सामानहरू भण्डारण गरी राखेको सूचना प्राप्त हुँदा समेत कतिपय स्थानहरूमा सुरक्षा संवेदनशीलताले गर्दा कारवाही गर्न नसकिएको ।

(ख) कार्यालयको भौगोलिक कार्यक्षेत्र ठूलो र सो अनुरुपको पर्याप्त जनशक्ति र साधास्रोत उपलब्ध हुन नसकेकोले तराइका व्यापारिक क्षेत्रहरूमा संगठनको प्रभावकारी उपस्थिती जनाउन सकिएता पनि पहाडी जिल्लाका व्यापारिक क्षेत्रहरूमा पर्याप्त उपस्थिती जनाउन नसकिएको ।

## ११. समाधानका लागि गरिएको प्रयास तथा सुझावहरू

(क) बर्दियाबाट सुर्खेत तथा पुर्वजाने सवारी साधनहरू र पूर्वबाट पश्चिमतर्फ जाने सवारी साधनहरू चेकजाँच गर्न र बाँकेको कोहलपुर चोकमा अस्थायी चेकपोष्ट राख्दा अनुगमन प्रभावकारी हुने ।

(ख) लिलाम विक्रीको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशनगर्न नपुग बजेट विभागमा माग गर्ने गरिएकोले चालु आ.ब.को भन्दा थप गरी विनियोजन हुनुपर्ने ।

(ग) भारतीय रु.५०० र १००० का नोटहरू अपचलनको कारवाहीकोलागि विभागमा पठाउने गरिएको भएतापनि निश्चित सिमा अर्थात ५ लाख सम्मको अधिकार प्रत्यायोजन स्थानीय तहमा भएमा काममा सहजता आउने ।

(घ) मुगु, हुम्ला र डडेलुधुरा जिल्लाहरूको स्थानीय तहमा भन्सार कार्यालयहरूको प्रभावकारी उपस्थिति हुनुपर्ने ।

# भाग – छ

# समस्या तथा समाधानका उपायहरू

## ६.१ हालका समस्या

### (क) कानूनी समस्या

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा समयानकूल संशोधन हुन सकेको छैन । प्रत्येक वर्षको आर्थिक ऐनअनुसार यसको संशोधन गर्ने प्रयास भइरहेको छ ।
- भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन तथा अन्तःशुल्क ऐनको अधिकार प्रत्येक व्यक्तिको लागि छुट्टा-छुट्टै रुपमा अर्थ मन्त्रालयबाट प्रत्यायोजन गर्नुपर्ने कारणले निर्णय प्रक्रियामा ढिलाई हुने गरेको छ ।
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ एवम् नियमहरू, २०२० ज्यादै पुरानो भएकोले समसामयिक बनाउन पूर्ण रुपमा परिमार्जनको आवश्यकता रहेको छ । वि.सं. २०१९ सालमा बनेको ऐन हालसम्म कार्यान्वयनमा छ । जसले गर्दा कार्यसम्पादनको क्रममा आउने विवादहरूको यथोचित निरुपण हुन नसकी सरकारको पक्षमा फैसला हुन नसकेको अवस्था छ ।
- राजस्व चुहावटका मुद्दा विशेष अदालतमा दायर गर्ने व्यवस्था नभई सम्बन्धित जिल्लाको जिल्ला अदालतमा दायर गर्ने व्यवस्था छ । मुद्दा फछ्र्यौटको कार्य तथा मुद्दाको प्रकृतिको आधारमा यस्ता मुद्दाहरू विशेष अदालतमा दायर गर्ने व्यवस्था हुनु उपयुक्त हुनेछ ।

### (ख) संरचनागत समस्या

विभागको आवश्यकता पहिचान गरी सोहीअनुसारको संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने ठूलो चुनौती विभागसमक्ष रहेको छ । कामको प्रकृति, कार्यक्षेत्र, राजस्व प्रशासनमा कर्मचारीको सरुवा प्रणाली र संगठनको आवश्यकताअनुसारको जनशक्तिको पूर्वानुमान, आपूर्ति र स्थिरीकरण हालको मुख्य समस्याको रुपमा रहेको छ । विभागको हालको संगठनात्मक स्वरुप र जनशक्तिबाट विद्यमान कार्यबोझ तथा चुनौती दुवैलाई सम्बोधन गर्न सकिने अवस्था छैन । विभागअन्तर्गत ४ वटा क्षेत्रीय कार्यालय र अस्थायी चेकपोष्टहरूबाट व्यापारिक मालवस्तुको ओसारपसार गर्दाका बिल बिजक सङ्कलन गर्ने र ढुवानीका साधनको छड्के चेकजाँच गर्ने तथा संकलित बिल बिजकहरू DRI-CIS मा प्रविष्टि गर्ने कार्यमा सीमित छन् । प्रमुख राजमार्गमा प्रत्येक दिन हजारौंको संख्यामा मालवाहक ढुवानीका साधन आवात-जावत हुने गर्दछन् । सबैको बिल बिजक सङ्कलन तथा प्रविष्टिबाट थप अनुसन्धानको कार्य गर्न नसकिएको तीतो यथार्थ पनि हाम्रा सामु रहेको छ ।

निश्चित स्थानमा अवस्थित चेकपोष्टहरूबाट सबै नाकाहरूमा उत्तिकै दृष्टि पुऱ्याई अनुसन्धान कार्य गर्न सकिएको छैन । तसर्थ क्षेत्रीय कार्यालयहरूको सुझाव र आवश्यकताको आधारमा पनि थप चेकपोष्ट स्थापना गर्न सकिएको छैन । ठूला र जटिल प्रकृतिका राजस्व चुहावटसम्बन्धी सूचना सङ्कलन र अनुसन्धानमूलक कार्यमा जनशक्ति र विशेषज्ञताको अभाव छ ।

### (ग) मानव संशाधन विकाससम्वन्धी समस्या

विभागको समग्र उद्देश्य हासिल गर्ने गतिशील साधन भनेका कर्मचारीहरू नै हुन् । अर्थ मन्त्रालय अन्तर्गतका अन्य विभागको तुलनामा यस विभागका कर्मचारीहरूलाई वैदेशिक तालीम र शिक्षाका अवसर न्यून मात्रामा प्राप्त भएका छन् अथवा छँदै छैनन् भने पनि हुन्छ । व्यावसायिक दक्षतालाई अगाडि बढाउने, अनुसन्धान क्षमता भएका, उच्च आत्मसम्मान र मनोबलयुक्त दक्ष, सबल तथा उत्तरदायी मानव संशाधन विकास हुन सकेको छैन । सामान्यतः अर्थ मन्त्रालय अन्तर्गतका आन्तरिक राजस्व विभाग र भन्सार विभागबाट यस विभागमा कर्मचारीहरू सरुवा भई आउने व्यवस्था छ । निजामती सेवा ऐन तथा नियमावलीअनुसार दुई वर्षको लागि आन्तरिक राजस्व र भन्सार विभागबाट सरुवा भई आउने र जाने प्रथाले विभागमा अनुभवी कर्मचारीको अभाव नै रहने र Institutitutional memory नहुने अवस्था छ । संगठनको आवश्यकता र उद्देश्यअनुरुपको जनशक्ति विकास गर्ने समस्या विद्यमान रहेको अवस्थामा तालिम र क्षमता विकास गरिएको जनशक्ति बाहिरिने प्रवृत्तिले विभागले आवश्यकतानुरुपका कर्मचारीको विकास र स्थिरीकरण गर्न सकिएको छैन । राजस्व चुहावट तथा आर्थिक अपराधका तौर तरीकाहरूमा आएको परिवर्तन र प्रविधिमा आएको विकासका कारणले पनि विभागमा अनुसन्धान कार्यका लागि आवश्यक विज्ञ/विशेषज्ञ कर्मचारीको खाँचो देखिन्छ । राजस्व चुहावट ऐनमा भएको व्यवस्थाअनुरुपको विज्ञहरूको सेवालाई करारमा लिई अनुसन्धान कार्यलाई थप प्रभावकारी र नतिजामुखी बनाउने तर्फ ध्यान पुग्न सकेको छैन ।

### (घ) सूचना प्रणालीसम्बन्धी समस्या

राजस्व चुहावट नियन्त्रण गर्ने संवेदनशील कार्यको लागि भरपर्दो सूचना संयन्त्रको आवश्यकता पर्छ । तर हालसम्मको अवस्थालाई हेर्दा प्रभावकारी सूचना प्रणालीको विकास र प्राप्त सूचनाको उपयोग पूर्णरुपमा हुन सकेको छैन । क्षेत्रीय कार्यालय र चेकपोष्टमा DRI-CIS मा प्रविष्टि भएका बिल बिजकहरूलाई चुहावट नियन्त्रण तथा अनुसन्धानको लागि सूचना र प्रमाणको आधार बनाउनु पर्नेमा अभिलेख तथा विश्लेषणको पूर्वाधारको अभावमा सो हुन सकेको छैन । अन्य सरकारी निकाय र निजी क्षेत्रहरूबाट नियमित रुपमा सूचना प्राप्त गर्ने उपयुक्त सूचना सञ्जालको विकास गर्न आवश्यक छ । क्षेत्रीय कार्यालयहरूमा प्राप्त बिल बिजकहरूलाई DRI-CIS मा प्रविष्टि गर्ने प्रयोजनको लागि करिब १५ जना कम्प्यूटर अपरेटर करारमा लिई कामकाज गरेको भए तापनि त्यसको उपलब्धि र सान्दर्भिकता पुष्टि हुनसक्ने आशातित नतिजा प्राप्त हुन सकेको छैन । आन्तरिक राजस्व विभागको Protax भन्सार विभागको ASYCUDA र राजस्व अनुसन्धान विभागको DRI-CIS बीच आपसमा link गरी सूचना प्रणालीको उपयोग गर्ने संयन्त्रको विकास हुन सकेको छैन ।

### (ङ) संगठनात्मक समस्या

नेपालभरि हुने राजस्व चुहावट नियन्त्रणका लागि स्थायी संरचनाको रुपमा एउटा विभाग र मातहत रहने गरी चारवटा क्षेत्रीय कार्यालयहरू छन् । भौगोलिक रुपमा ठूलो क्षेत्रलाई यही

संरचना र जनशक्तिले समेट्न गाह्रो भएको अवस्थामा देहाय अनुसारका संगठनात्मक समस्याहरू देखिएका छन्:

- संगठनात्मक स्वरुप अनुसन्धानमूलक एवम् कार्यमूलक छैन ।
- विशेषज्ञतामा आधारित अधिकृतमूलक संरचनाको अभाव रहेको छ ।
- भौगोलिक तथा कार्यमूलक रुपमा चुहावटका सम्भाव्यक्षेत्रको पहिचान गरी सोको रोकथामका लागि रणनीतिक रुपमा जान सकिएको छैन ।
- अनुसन्धानमा भन्दा चेकपोष्टमा खटिने तल्लो तहका कर्मचारीहरू संख्यात्मक रुपमा बढी रहेको छ ।
- विभाग र मातहत क्षेत्रीय कार्यालयहरूको उपयुक्त भौतिक संरचनाको अभाव रहेको छ ।
- कार्यालयहरूमा पर्याप्त फर्निचर, फर्निसिङ्ग र अन्य आवश्यक उपकरणहरूको अभाव रहेको छ ।
- कार्यबोझ, जनशक्ति र कार्यालयको अवस्था बिच तालमेल नभएको अवस्था छ ।
- मौजुदा कर्मचारी संख्या र कार्य प्रकृतिका तुलनामा कार्यालयहरू साँघुरा र साना भएका छन् ।
- माथिल्लो निकायबाट दरबन्दी भन्दा बढी कर्मचारीहरू पठाई दिने गरेको अवस्था छ ।
- फाजिल भनी अनावश्यक र अनुत्पादक कर्मचारीहरूको बोझ थपिएको छ ।

### (च) प्रकृयागत समस्या

- राजस्व अनुसन्धान विभागको उद्देश्य अनुरुप बढी भन्दा बढी राजस्व परिचालनमा सहयोग पुग्ने गरी चुहावट नियन्त्रण तथा आर्थिक अपराधहरूको रोकथाम गर्ने दूरगामी सोचको अभाव रहेको देखिन्छ ।
- कार्यमूलक संगठनात्मक संरचना बनाई अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन नसकिएको स्थिति छ ।
- आर्थिक क्षेत्रका जटिल प्रक्रिया, व्यापारिक छल, अन्तर्राष्ट्रिय व्यापार, लेखा प्रणालीको ज्ञान र कर छली योजना अनुरुप गरिएको राजस्व चुहावट पत्ता लगाई नियन्त्रण गर्ने कार्यविधि, प्रकृया र जनशक्तिको विकास भएको छैन ।
- भन्सार, आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्कका क्षेत्रमा भएका राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण गर्ने स्पष्ट कार्य प्रकृयाको अभाव छ ।
- न्यून मूल्याङ्कन र न्यून बिजकीकरणका कारण व्यापार व्यवसायमा परेको नकारात्मक असरको सम्बोधन गर्न सकिएको छैन ।
- सूचना र सुराकीको गम्भीरताको आधारमा प्राप्त सूचनाको विश्लेषण गरी दक्ष अनुसन्धान अधिकारी तोकी निर्धारित समयमा कार्यसम्पादन गर्नुपर्ने व्यवस्थित प्रक्रियाको अभाव छ ।
- अर्थ मन्त्रालय तथा अन्य Oversight agency बाट प्राप्त उजुरीको अनुसन्धान, तहकिकात र सोको एकीकृत Inventory को अभाव छ ।

### (छ) स्रोत साधन सम्बन्धी समस्या

अर्थ मन्त्रालय अन्तर्गतका अन्य विभागहरूको तुलनामा यस विभागमा आवश्यक स्रोत साधनको अभाव रहेको छ । विभागको नाममा विनियोजित बजेटबाट राजस्व गस्ती प्रहरीको रुपमा परिचालित सशस्त्र प्रहरीको समेत Logistic management गर्नु परेको छ । स्रोत साधन/Logistic सम्बन्धी समस्याहरू देहायबमोजिम छन् :-

- सानो, पुरानो र जीर्ण भौतिक संरचनाको कारण सेफ रुम र अभिलेख व्यवस्थापन कमजोर हुनु,
- पर्याप्त बजेट र सवारी साधनको अभाव हुँदा हुँदै यस विभागसँग अन्य निकायले समय-समयमा सवारी साधन र इन्धन माग गर्ने कारणले थप समस्या हुनु,
- सूचना प्रविधिको पर्याप्त प्रयोग हुन नसक्नु,
- विशिष्ट योग्यता, अनुभव, सीप, क्षमता र तालीम प्राप्त मानव संसाधनको निरन्तर विकास र उपयोगको योजना तथा कार्यक्रमको अभाव हुनु,
- विभाग र अन्तर्गत कार्यालयका कर्मचारीहरूको कार्यप्रकृति हेर्दा जुनसुकै समयमा पनि कार्यालयको काममा खटिनु पर्ने, तर सो अनुरुपको प्रोत्साहन ब्यवस्थाको अभाव हुनु,
- कर्मचारीहरूलाई आन्तरिक एवम् बाह्य तालिम एवम् अध्ययनको अवसर नहुनु,
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू नहुनु,
- राजस्व चुहावट, विदेशी मुद्रा अपचलनका मुद्दामा प्रहरीले पक्राउ गरी विभागमा बुझाउन ल्याएका अभियुक्तलाई राख्ने हिरासत कक्ष नहुनु ।

## ६.२ समस्या समाधानका उपायहरू

कार्यसम्पादनको क्रममा देखिएका उल्लिखित समस्याहरूको निदानको लागि राजस्व अनुसन्धान विभागको आधुनिकीकरण तथा सुधारको कार्ययोजनासहितको प्रस्ताव आ.व. ०६८/६९ मै अर्थ मन्त्रालयमा पेश गरिएको छ । अर्थ मन्त्रालयको समन्वय र सक्रियतामा अन्य विभागहरूसँग सहकार्य गरी विद्यमान कानूनी, संगठनात्मक, संरचनात्मक तथा स्रोत साधनसम्बन्धी समस्याहरू समाधानको लागि देहायका उपायहरू अवलम्वन गर्नुपर्ने देखिन्छ :-

- राजस्व चुहावट नियन्त्रण ऐन, २०५२, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा नियमहरू, २०२० लाई समसामयिक रुपमा परिमार्जन गर्ने,
- भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन तथा अन्तःशुल्क ऐन अन्तरगतको अधिकार सम्बन्धित ऐनमा नै राजस्व अनुसन्धान विभागले समेत प्रयोग गर्न पाउने कानूनी व्यवस्था गर्ने,
- राजस्व अनुसन्धान विभागको वर्तमान संगठन संरचनालाई आवश्यक जनशक्तिको पूर्वानुमान गरी समसामयिक रुपमा पुनर्संचरना गर्नुपर्ने,
- विभाग र मातहतका कर्मचारीहरूको गुणात्मक अनुसन्धान गर्ने क्षमता एवम् दक्षता अभिवृद्धि गर्ने गरी तालिम, प्रशिक्षण, गोष्ठी, सेमिनार तथा अध्ययन अवलोकनका अवसरहरू उपलब्ध गराउनु पर्ने,

- विभागको DRI-CIS लाई सुदृढीकरण र उपयोग गरी सूचनामा आधारित अनुसन्धान, तहकिकात अनुगमन प्रणाली विकास गर्नुपर्ने,
- विभाग, क्षेत्रीय कार्यालयहरू र चेकपोष्ट लगायत सबै स्थानहरूमा CC Camera जडान गरी विभागबाट Online अनुगमन गर्ने प्रणालीलाई निरन्तरता दिनुपर्ने,
- सुराकी परिचालन कार्यलाई वैज्ञानिक र पारदर्शी बनाउन सुराकी परिचालन कार्य विधि, २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,
- कार्यसम्पादन प्रक्रियालाई पारदर्शी र नतिजामुखी बनाउने उद्देश्यले व्यबस्थित Work flowchart सहितको अभिलेख प्रणाली विकास गर्ने कार्यको शुरुवात गर्ने,
- अन्तरनिकाय समन्वय कायम गरी अन्तरविभागीय एकीकृत सूचना संजाल बनाउनु पर्ने,
- विभाग र मातहतका कार्यालयको संस्थागत र Logistic पाटो सुधार गर्ने,
- कार्यालय भवन, यार्ड, गोदाम घर, सवारी साधन र अन्य भौतिक पूर्वाधारको यथेष्ट व्यवस्था गर्नुपर्ने,
- विभागको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, नतिजाहरू र आवश्यक रणनीति, कार्यनीतिअनुरुप कार्यसम्पादन पद्धति विकास गर्ने,
- राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रण गर्न र विभागमा वहु सेवा, वहु समूह र वहु सीपयुक्त जनशक्ति हुन जरुरी छ । राजस्व समूहअन्तर्गत अनुसन्धान उपसमूह राख्ने । अन्य क्षेत्रबाट सेवा करार वा काजमा ल्याएर विविध क्षेत्रका विज्ञहरूबाट गुणस्तरीय अनुसन्धान तथा तहकिकातको कार्य गर्नुपर्ने,
- राजस्व चुहावटको प्रकृति र यसको गाम्भीर्यतालाई हेर्दा मौजुदा सांगठनिक संरचना र जनशक्तिले अपेक्षित नतिजा दिन नसक्ने भएकोले उद्देश्य मुताविकको संगठन संरचना र जनशक्ति विकास गर्नुपर्ने ।
- राजस्व समूह भन्दा बाहिरका कर्मचारीहरूलाई पनि अनुसन्धान कार्यमा संलग्न गराई थप सशक्त रुपमा कारवाही अगाडी बढाई कर्मचारीलाई नैतिकवान बनाउने ।

# भाग – सात
# आगामी गन्तव्य

## ७.१ राजस्वको संकलनको वर्तमान अवस्था

आर्थिक विकासको तत्कालीन आधार भनेको कृषिलाई आधुनिकीकरण गरी व्यावसायिक बनाउने, पर्यटनक्षेत्रका सम्भावनाहरूको उजागर गर्ने तथा प्राकृतिक श्रोतसाधनहरूको महत्तम उपयोग नै हुन् । हालका वर्षहरूमा सेवा व्यवसाय, आवास र निर्माण, वीमा एवम् बैंकिङ्ग जस्ता क्षेत्रहरूको उदय भएको छ । नेपालको उत्तरतर्फ विश्वको दोस्रो ठूलो औद्योगिक राष्ट्र चीन तथा दक्षिणमा विशाल अर्थतन्त्र भएको मुलुक भारतको अवस्थितिले गर्दा औद्योगिक विकासले त्यति गति लिन नसक्ने अवस्था देखिएपनि प्राकृतिक स्रोत साधनको उचित व्यवस्थापन र उपयोग एवम् व्यापारीकरणको सम्भावना छ । नेपालको आर्थिक संरचना नै यस्तो भएको कारणले राजस्वको आधार (Base) लाई बढी फराकिलो बनाउन नसकिएको हो । व्यापारक्षेत्र विशेषतः आयात व्यापारमा भएको वृद्धिको कारणले पनि सरकारको राजस्वको आधार र आकारमा परिवर्तन आउने गरेको छ ।

जब राजस्वका आधारहरू परिवर्तन हुन्छन्, तब राजस्व चुहावटका नवीनतम शैलीहरू पनि देखा पर्न थाल्दछन् । परम्परागत रुपको चुहावट नियन्त्रण शैलीले परिवर्तित अवस्थामा सोको नियन्त्रण गर्ने पक्षलाई सम्बोधन गर्न नसक्ने भएकोले राजस्व अनुसन्धान विभागले आफ्नो सोच, दृष्टिकोण, रणनीति एवम् कार्यशैलीमा समयानुकूल परिवर्तन गर्नुपर्ने हुन्छ । संस्थागत सुदृढीकरण, स्पष्ट कानूनी प्रावधानहरू, रणनीतिहरू र मानव संशाधनलाई पनि सोहीअनुसार परिमार्जन गर्दै लैजानु पर्ने हुन्छ । समग्रमा अबको राजस्व अनुसन्धान विभागले परम्परागत रुपमा मात्र हैन अर्थ मन्त्रालय अन्तर्गतका अन्य विभागहरूसँगको सूचनाको सञ्जाललाई उपयोग गरी गैरस्थलगत सूचना सङ्कलन, विश्लेषण र सोही अनुसारका कार्यनीति अवलम्वन गर्नुपर्ने हुन्छ ।

## ७.२ कार्यसम्पादन स्तर एवम् सुधारका सोचहरू

“आर्थिक अपराध मुक्त क्षेत्र र राजस्व अभिवृद्धिको वातावरण उच्च, फराकिलो एवम् दिगो अर्थतन्त्रको विकासमा योगदान ।” विभागको दीर्घकालीन सोच रहेको छ । यस अभियानलाई साकार पार्ने प्रयास स्वरुप विभागले आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको छ । अर्थतन्त्रको संरचनात्मक परिवर्तन, राजस्वको आधार, आकार र प्रवृतिमा आएको परिवर्तन एवम् राजस्व चुहावटका नवीनतम शैली/प्रवृत्तिहरूलाई समयमा नै सम्बोधन गर्न राजस्व अनुसन्धान विभागको आधुनिकीकरण तथा सुधारको प्रस्ताव प्रस्तुत गरिएको छ । राजस्व चुहावटजन्य गतिविधिलाई नियन्त्रण गरी आफ्नो कार्यसम्पादनमा उत्कृष्टता हासिल गर्ने प्रथम प्रयासको रुपमा आन्तरिक राजस्व विभाग, भन्सार विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबीच आपसी समन्वय र सूचनाको एकीकृत सञ्जाल स्थापना गरी कार्यप्रणालीलाई व्यवस्थित गर्ने कार्यको शुरुवात गरिएको छ । सुशासन तथा सेवा प्रवाहलाई जनताको आवश्यकताअनुसार समय, लागत, गुणस्तरको दृष्टिले उपयुक्त खालको संयन्त्र स्थापना गरी तत्काल देहायबमोजिमका सुधार कार्य गर्ने विभागको भावी सोच रहेको छ :-

### (क) राजस्व चुहावटका नवीन क्षेत्रहरूको पहिचान र नियन्त्रणका सम्भाव्य उपायको खोजी

अर्थतन्त्रको संरचनात्मक परिवर्तन, सूचना प्रविधिको क्षेत्रमा भएको विकास तथा राजस्व चुहावटजन्य गतिविधिमा संलग्न व्यक्ति तथा समूहको सक्रियता तथा चुहावटको शैली एवम् तौरतरिकामा आएको परिवर्तनले समग्र राजस्व प्रशासनमा चुनौती थपिएको छ । राजस्व अनुसन्धान विभागले यी चुनौतीहरूको समयमा नै निदान गरी समसामयिक रणनीतिहरू चाल्नुपर्ने आवश्यकता देखिएको छ । विभाग र मातहतका कार्यालयहरूमा कार्यरत जनशक्तिलाई समयानुकूल अनुसन्धानसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका तालिम तथा गोष्ठीहरूमा सहभागी गराई क्षमता विकास गर्ने, आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबीच आपसी समन्वय, सहकार्य र सूचनाको अधिकतम आदानप्रदान तथा प्रयोग, अन्य सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, सञ्चार जगत र सूचनादाताहरूको व्यवस्था, समन्वय तथा संरक्षण गरी यस्ता नविन क्षेत्रको पहिचान गर्नुका साथै, यसलाई समसामयिक बनाँउदै लैजाने विभागको भावी कार्यक्रम रहनु पर्ने हुन्छ । यस अभियानलाई सार्थक बनाउन सबैको सहयोगको अपेक्षा समेत गरिएको छ ।

### (ख) कार्यसञ्चालन निर्देशिका (Standard Operating Procedure) बनाउने

राजस्व अनुसन्धान विभागबाट सम्पादन हुने कार्यहरूलाई थप वैज्ञानिक, पारदर्शी र अभिलेखबद्ध गर्ने उद्देश्यले विभागले Work Flow Chart बनाई तदनुरुप कार्य सञ्चालन गरिरहेको छ । यसलाई थप सरल र सहज बनाई सम्पूर्ण गतिविधिहरूको वैज्ञानिक अभिलेखांकन गरी थप अध्ययन अनुसन्धान गर्ने कार्यमा समेत सहयोग पुगोस् भन्ने उद्देश्यले नियमावली बनाई त्यसको आधारमा Work Flow Chart लाई व्यापक बनाई कार्यसञ्चालन निर्देशिका बनाउने कार्यको शुरुवात भएको छ । छिट्टै यसले अन्तिम रुप लिनेछ ।

### (ग) जन गुनासोको सम्बोधन

विभागले प्रशासन गर्ने ऐन/नियमावली/कार्यविधि/निर्देशिका तथा समग्र कार्य सम्पादन सम्बन्धी सेवाग्राही तथा सरोकारवालाले पटक-पटक उठाइरहने प्रश्न र तिनको सरल भाषामा उत्तर तयार गरी विभागको website मा राखिएको छ । यसले गर्दा सर्वसाधारणदेखि सरोकारवाला सबैले आफ्नो जिज्ञासाको लागि सम्बन्धित व्यक्ति तथा निकायमा धाउनुपर्ने वा कुनै परामर्शदाताको सहयोग लिइरहनु पर्ने छैन । विभागको अधिकार क्षेत्र, सम्पादन गर्ने कार्यहरू, सोको कानूनी आधार जिम्मेवार व्यक्ति आदिको बारेमा तथा बेलाबेलामा आईपर्ने स-साना समस्या समाधानको लागि यो प्रयास धेरै उपयोगी हुनेछ । साथै, यसलाई आवश्यक परिमार्जन गरी समसामयिक बनाउँदै लगिने छ ।

### (घ) सुराकी खर्च परिचालन कार्यविधि, २०६८ को पारदर्शी कार्यान्वयन

राजस्व चुहावटमा संलग्न विभिन्न व्यक्ति तथा निकायहरूको बारेमा विभागलाई सूचनाहरू विभिन्न माध्यमबाट उपलब्ध हुन्छन् । यी सूचनाहरूको सङ्कलन तथा विश्लेषण गरी विभागले आफ्नो कार्यक्षेत्र र निर्धारित परिधिभित्र रही अनुसन्धान गरी चुहावट नियन्त्रण गर्ने कार्य गर्दछ । सूचना दिने व्यक्ति/निकाय/सुराकीलाई सुराकी खर्च दिने स्पस्ट आधार नभएको हुँदा ऐनको दफा ३०(क) को अधिकार प्रयोग गरी सूचनाको सत्यताको आधारमा कस्तो सूचनालाई कति सुराकी खर्च दिने भन्ने समस्या समाधानको लागि विभागले हालै सुराकी खर्च परिचालन

कार्यविधि, २०६८ बनाई स्वीकृत गरेको छ । अब उप्रान्त प्राप्त हुने सुराकीको लगत राखी कार्यविधिमा उल्लेख भए बमोजिमको सुराकी खर्च दिने कानूनी आधार तय भइसकेकोले विभागको भावी कार्यसम्पादन थप सरल, सहज र प्रभावकारी हुनेछ । साथै, सुराकीको विभागप्रतिको विश्वसनियतामा अभिवृद्धि हुनेछ । यसलाई सरोकारवालाको सल्लाह, सुझाव र विभागको पृष्ठपोषणको आधारमा थप परिमार्जन र परिस्कार गर्दै लैजाने विभागको भावी सोच रहेको छ ।

### (ङ) मालवस्तुको ओसार-पसार तथा चेकजाँचसम्बन्धी जानकारी पुस्तिका, २०६८ को कार्यान्वयन

राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान कार्यमा कार्यरत निकायहरू भन्सार,आन्तरिक राजस्व र राजस्व अनुसन्धान विभाग तथा सुरक्षाकर्मीका काममा सहजीकरण तथा समन्वय गर्ने सिलसिलामा ततसम्बन्धी कार्यमा संलग्न निकायको काम कर्तब्यका बारेमा सबैलाई जानकारी गराउने उद्देश्यले विभागले यस्तो पुस्तिका तयार गरी लागू गरेको छ । कुनै पनि व्यक्ति वा निकायले मालवस्तुको आन्तरिक ओसारपसार तथा भन्सार जाँचपासपश्चात् छाडिएका मालवाहक सवारी साधनहरूको राजमार्गमा चेकजाँच गर्दा हेर्नुपर्ने मुख्य-मुख्य विषयहरू उल्लेख गरिएको छ । चेकजाँचको क्रममा शंकास्पद बिल बिजक देखिएको अवस्थामा नजिकको क्षेत्रीय कार्यालय तथा चेकपोष्टमा बुझाउनु पर्ने लगायतका विषयहरू उल्लेख गरिएको छ । यो पुस्तिकाको प्रयोगबाट ब्यबसायीहरूले राजमार्गमा भोग्नु परेका कठिनाइहरूमा कमी आउने र चुहावट नियन्त्रण कार्यमा सहयोग पुग्ने देखिन्छ ।

### (च) विभागबाट क्षेत्रीय कार्यालयको Online अनुगमन

कम समय, श्रोतसाधन र लागतमा आधुनिक प्रविधिको उपयोग गर्न सक्षम संगठनको उत्पादकत्व तुलनात्मक रुपमा बढी नै हुन्छ । राजस्व अनुसन्धान विभागले प्रविधिमा आधारित अन्य Tools को अलावा मातहत क्षेत्रीय कार्यालय र चेकपोष्टहरूमा रहेका CC camera मार्फत ती निकायका गतिविधिहरू विभागबाट नियमित र प्रत्यक्षरुपमा अनुगमन गर्ने प्रयोजनको लागि हाल सबै क्षेत्रीय कार्यालयहरूमा CC camera जडान गरी प्रत्यक्ष अनुगमनको कार्य भइरहेको छ । यसबाट संकलित सूचनाको आधारमा क्षेत्रीय कार्यालयमा आवश्यक सुधारका कार्यहरू गर्न सहयोग पुग्नेछ ।

### (छ) DRI-CIS को Upgrading

राजस्व अनुसन्धान विभागको अबको कार्यनीति प्रविधिको प्रयोग गरी गैर स्थलगत सूचना सङ्कलन र विश्लेषणका साथ कार्यक्षेत्रमा अगाडि बढ्नु हो । DRI-CIS प्रणालीले विभिन्न क्षेत्रीय कार्यालयहरू र चेकपोष्टहरू मार्फत आयात-निर्यात र ओसार-पसार भएका मालवस्तुहरूको केन्द्रीय सूचना सङ्कलन र विश्लेषण प्रणालीलाई समेटेको छ । भन्सार विभाग, आन्तरिक राजस्व विभाग र सम्पत्ति शुद्धीकरण विभागसँग पनि एक आपसमा सूचना आदान-प्रदान गर्न सकिने प्रणाली स्थापना भएमा राजस्व चुहावट नियन्त्रणमा ठूलो फड्को मार्न सकिने देखिएको छ । यो प्रणालीमा प्रविष्टि गरिएका सूचनाहरूको आधारमा विभिन्न प्रयोजनको लागि आवश्यक पर्ने Report Generate गर्नसक्ने, मातहतका कार्यालयहरूलाई समेत यसको Access दिई सूचनाको

वहुउपयोग गर्ने तथा आन्तरिक राजस्व कार्यालयहरूको पूर्ण कर परीक्षणमा समेत यी तथ्यांकको प्रयोग गर्नसक्ने गरी Link स्थापना गर्ने, भन्सारको Asycuda System बाट सिधै पैठारीकर्ताको Status DRI-CIS मा Link गर्ने प्रविधिको विकास गर्नुको साथै, राजस्व चुहावट तथा चोरी पैठारी नियन्त्रण गर्ने उद्देश्यले आ.व. ०६९/७० को बजेट बक्तव्यमा मालवस्तुको आन्तरिक ओसारपसार प्रक्रियालाई थप वैज्ञानिक बनाई स्वच्छ ब्यबसायलाई प्रोत्साहन पुग्ने गरी बिद्युतीय माध्यमबाट अनुगमन हुने गरी सवारी साधनको आन्तरिक ओसारपसार गर्ने प्रणाली लागू गर्ने प्रतिवद्धताअनुरुप परामर्शदाताबाट सोको Software तयार भई मन्त्रालय तथा आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागमा प्रस्तुतीकरण भएको छ । साथै, आ.व. ०७०/७१ भित्रै सबै मालवाहक ढुवानीका साधनहरूको web-based monitoring गर्नुको साथै, vehicle tracking device समेत जडान गर्ने कार्यक्रम रहेको छ । यसबाट विभिन्न स्थानबाट प्रत्येक दिन छुटेको मालवाहक ढुवानी साधनहरूको बिद्युतीय माध्यमबाट अनुगमन गरी विभागले आफ्नो अनुसन्धान तथा नियन्त्रणका गतिविधि सहज रुपमा सञ्चालन गर्नसक्नेछ । यसको कार्यान्वयनपछि एउटै प्रज्ञापन पत्र र बिल बिजकबाट बारम्बार सामान ल्याउने सवारी/ढुवानीका साधनहरू बाटोमै हराउने तथा चोरी पैठारीजस्ता गतिविधिहरू निरुत्साहित हुनेछन् र विभागको अनुसन्धान तथा नियन्त्रण कार्य सशक्त हुनेछ ।

### (ज) गस्ती परिचालन गर्ने

काठमाडौं उपत्यका र यसको उत्तरीक्षेत्र तथा काठमाडौं उपत्यकाबाहिर नियमित रुपमा गस्ती परिचालन, राजमार्ग गस्ती साथै, बजार अनुगमन कार्यलाई निरन्तरता दिई राजस्व चुहावटजन्य गतिविधिमा नियन्त्रणमा ल्याइनेछ ।

# अनुसूचीहरू

## अनुसूची -१

**आ.व. ०७०/७१ को सवारी/ढुवानीका साधन लिलाम र बिक्रीको विवरण**

| सि.नं. | मुद्दा नं. | सवारी साधनको विवरण | लैजाने व्यक्ति | जम्मा रू. |
|---|---|---|---|---|
| १. | २०।०७०।७१ | पल्सर मोटरसाइकल | तुल्सी राउत, सिन्धुपाल्चोक | ५०,१००।०० |
| २. | २४।०७०।७१ | बा.९ च टाटा कार (सेतो) | आ.रा.का. भद्रपुर | १,१००,०००।०० |
| ३. | २५।०७०।७१ | महेन्द्रा जाइलो जीप | महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौ | २,१००,०००।०० |
| ४. | ४३।०७०।७१ | बा.१० च ७०२४ टाटा सफारी | अर्थ मन्त्रालय, काठमाण्डौ | १,३००,०००।०० |
| ५. | ४३।०७०।७१ | बा.१० च ७०७७ स्कारपीयो जीप | केन्द्रीय बाल कल्याण समिति | ९००,०००।०० |
| ६. | ४४।०७०।७१ | बा.२ च २६७७, टाटा सफारी | भौतिक पूर्वाधार मन्त्रालय | १,५००,०००।०० |
| ७. | ४५।०७०।७१ | बा.६ च ११२२ बलेरो जीप | बन मन्त्रालय अन्तरगत वन उपभोक्ता समिति | ६००,०००।०० |
| ८. | ४७।०७०।७१ | ग.१ ज्ञ ४७४ सेन्ट्रो कार | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ८००,०००।०० |
| ९. | ४८।०७०।७१ | बा.१० च ७०७४ XUV500 जीप | राजस्व अनुसन्धान विभाग | ३,५००,०००।०० |
| १०. | ५६।०७०।७१ | मे.१ च. १९९५ बलेरो जीप | महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौ | १,०००,०००।०० |
| ११. | ७१।०७०।७१ | बा.५ च ७३५२ बलेरो जीप | निजामती किताबखाना, ललितपुर | ९००,०००।०० |
| **जम्मा** | | | | **१३,७५०,१००।००** |

संकलित राजस्वबापतको रकम नेपाली रुपैयाँ एक करोड सैतिस लाख पचास हजार एक सय मात्र ।

## अनुसूची - २

## आ.व. ०७०/७१ मा विदेशी विनिमय अपचलन सम्बन्धी मुद्दा दायरको विवरण

| गत आ.व. बाट जिम्मेवारी सरी यस आ.व.मा दर्ता भएको मुद्दाको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | जाहेरवाला र मिति | प्रतिवादी | विदेशी विनिमय | ने.रु. विगो | दायर मिति र अदालत | कैफियत |
| १. | २०६९।९।२० सशस्त्र प्रहरी वल राजस्व एवम् भन्सार गस्ती सुरक्षा वेश, तातोपानी | दावा लामु कार्की | चाइनिज युआन ५०,००० | ७००,५००।०० | २०७०।०४।९ सिन्धुपाल्चोक जिल्ला अदालत | |
| २. | २०६९।१०।२२ जि.प्र.का. नुवाकोट | राजु कुमार | भा.रू. ६७,००० | १०७,३००।५० | २०७०।४।६, नुवाकोट जिल्ला अदालत | |
| ३. | २०६९।१२।०२, ई.प्र.का. बुटवल | महेश घिमिरे,<br>पारसमणि अर्याल | भा.रू. १,१६,५००<br>समेत | २२०,३७६।००<br>१६८,५७४।७५ | २०७०।५।६, रूपन्देही जिल्ला अदालत | |
| ४. | २०७०।०१।२४, सीमा प्रहरी चौकी, कोदारी, सिन्धुपाल्चोक | साङ्डोमा शेर्पा,<br>चित्र बहादुर श्रेष्ठ | चाइनिज यूआन १,३६,०००,<br>अमेरिकी डलर ७८,९६० | १,९२०,३२०।००<br>६,८६२,४१३।६० | २०७०।०४।३०, सिन्धुपाल्चोक जिल्ला अदालत | |
| ५. | २०७०।०२।१७, सशस्त्र प्रहरी वल राजस्व एवम् भन्सार गस्ती सुरक्षा वेश, तातोपानी | श्याम बहादुर श्रेष्ठ | भा.रू.१३,०८,३०० | २,०९५,२४२।४४ | २०७०।०४।९ सिन्धुपाल्चोक जिल्ला अदालत | |
| जम्मा ने.रू. | | | | १२,०७४,७२७।२९ | | |

| आ.व. ०७०/७१ मा दर्ता भएको मुद्दाको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| **सि.नं.** | **जाहेरवाला र मिति** | **प्रतिवादी** | **विदेशी विनिमय** | **नेपालीमा विगो** | **दायर मिति र अदालत** | **कैफियत** |
| १. | २०७०।१०।२१, महानगरीय प्रहरी वृत्त, महाराजगंज, काठमाण्डौ | शालिकराम डुम्रे | हुण्डी सम्बन्धी नेपाली रू. १६,००,००० | ३,७९४,३५०।०० | २०७०।११।२०, काठमाण्डौ जिल्ला अदालत | |
| २. | २०७०।१२।२३, महानगरीय प्रहरी परिसर, काठमाण्डौ | चिनीया नागरिक छाओ ताइछिन समेत १४ जना | अमेरिकी डलर ३,९५,४७७, यूरो १६,७५०, अस्टेलियन डलर १४,०५५, क्यानेडियन डलर ३,६२०, पाउण्ड स्टर्लिंग १९,२७०, हंगकंग डलर, १०,६५०, सिंगापुर डलर १,७५७, चिनीय यूआन ७८,३५०, जापानी यन ७१,८७,००० समेत | ६६,३७१,९७६।८३ | २०७१।०१।१९, काठमाण्डौ जिल्ला अदालत | |
| **जम्मा विगो रू.** | | | | ७०,१६६,३२६।८३ | | |
| **कूल जम्मा विगो रू.** | | | | ८२,२४१,०५४।१२ | | |
| **जम्मा मुद्दा थान - १५९** (अघिल्लो आ.व.को ७९ + यस आ.व.को ८०) | | | | | | |
| **आ.व. ०७०/७१ मा अदालतमा दर्ता भएको मुद्दा थान - ७** | | | | | | |
| **महान्यायाधिवक्ताबाट मुद्दा नचलाउने निर्णय भएको मुद्दा थान - २** | | | | | | |
| **अनुसन्धानको क्रममा रहेका मुद्दा संख्या (बाँकी मुद्दा थान)- १५०** | | | | | | |

# अनुसूची - ३

## राजस्व असुलीको विवरण

## (आ.व. ०७०/७१)

| सि.नं. | कारवाहीको व्यहोरा | राजस्व असुलीको विवरण | | | | | शीर्षक जम्मा रु. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | विभाग | इटहरी | पथलैया | बुटवल | कोहलपुर | | |
| १. | **भन्सार** चोरी पैठारी नियन्त्रणको सिलसिलामा विभिन्न मितिमा कब्जामा लिएका मुद्धाहरूका सामानहरू जफत गरी धरौटी समेत लिई आवश्यक कारवाही भइरहेको । | ३४२३२७ | २०२८० | १७७२ | २७२७२ | २४५४४ | **४१६१९६** | |
| २. | **मू. अ. कर** छलेको आशंकामा बिभिन्न मितिमा विभिन्न करदाताहरूको कारोबारको सम्बन्धमा गरिएको छानबिनबाट कर निर्धारण गरिएको । | ६६२२५ | १५९०५ | १५४९० | १९१२७ | ४४८७ | **१२१२३३** | |
| ३. | **अन्तःशुल्क**तर्फ भएको असुली | १००४९ | ४२१ | २२५१ | २१४ | १७३८ | **१४६७३** | |
| ४. | विभिन्न व्यावसायिक फर्महरूबाट दाखिला गराइएको तथा असुल गर्न लेखी पठाइएको समेत (**आयकर**) । | ० | ५०१४ | ० | ५३७ | २२० | **५७७१** | |
| ५. | **राजस्व चुहावट**तर्फको विगो कायम गरी मुद्धा दायर गरिएको । | ० | ० | ० | ० | ० | **०** | |
| ६. | **विदेशी विनिमय**को अवैध कारोबार तथा अपचलन सम्बन्धमा भएको छानबिनबाट सम्बन्धित अदालतमा मुद्धा दायर गरिएको । | ३०००० | ० | ० | ० | ० | **३००००** | |
| ७. | **विविध** विषयबाट प्राप्त असुली | १५०९ | २३ | ४७५८४ | ० | १५६७ | **५०६८३** | |
| **जम्मा असूली रु. हजारमा** | | **४५०१०९** | **४१६४३** | **६७०९८** | **४७१५०** | **३२५५५** | **६३८५५६** | |

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**

## राजस्व अनुसन्धान विभागको

### मालसामान बिक्रेताहरूलाई अनुरोध

विजयादशमी, शुभ दिपावली तथा छठको पूर्वसन्ध्यामा व्यापारिक कारोबार गर्दै हुनुहुन्छ । तपाईंले व्यापार व्यवसाय मात्र नगरेर सरकारको तर्फबाट राजस्व सङ्कलन गर्ने जिम्मेवारी समेत निर्वाह गर्दै हुनुहुन्छ । तपाईंले बिक्री गरेको मालवस्तु/सेवाको कारोबारमै राजस्व निर्भर गर्ने भएकोले कृपया **कारोबार मूल्यमै अनिवार्य रुपमा बिल, बिजक जारी गरी** राजस्व असुली गर्न तथा राजस्व चुहावट नियन्त्रण गर्न सहयोग गर्नुहुन अनुरोध छ । **बिल बिजक जारी नै नगरेमा वा कारोबार मूल्यभन्दा घटी मूल्यमा जारी गरेमा मूल्य अभिवृद्धि कर ऐन, २०५२** र प्रचलित कानून बमोजिम कारवाही हुनेछ । अतः व्यापार व्यवसाय अभिवृद्धि भइरहेको वर्तमान अवस्थामा कानूनबमोजिम बिल बिजक जारी गरी निर्धक्क भई सम्मानका साथ आफ्नो व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध छ । यस वर्षको विजयादशमी, शुभ दिपावली तथा छठ पर्वको मंगलमय शुभकामना !

**विभागको हट लाईनः ०१-५०१००८**
**टोल फ्रि नम्बरः १६६०–०१–५५०००**

**राजस्व अनुसन्धान विभाग**
**हरिहरभवन, ललितपुर**

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**

## राजस्व अनुसन्धान विभागको

### सर्वसाधारण उपभोक्ता महानुभावहरूलाई अनुरोध

आदरणीय उपभोक्ताहरू,

नेपालीको महान् चाड विजयादशमी, शुभ दिपावली तथा छठको पूर्वसन्ध्यामा तपाईंहरू आवश्यक उपभोग्य वस्तु एवम् सेवा खरीद गर्दै हुनुहुन्छ । **तपाईंहरूले खरीद गरेको मालवस्तु वा लिएको सेवाको मूल्यमा सरकारी राजस्व समेत समावेश हुने भएकोले बिक्रेता र सेवा प्रदायकसँग अनिवार्य रुपमा बिल बिजक लिन नभुल्नु होला ।** तपाईंले बिक्रेतालाई तिरेको रकमबाटै सरकारले राजस्व सङ्कलन गर्ने हुँदा बिल नलिएको खण्डमा सो रकम सरकारी ढुकुटीमा आउदैंन । त्यसैले कसैले मालवस्तु वा सेवाको बिक्रीवितरण गर्दा बिल बिजक जारी नगरेको, कारोबार मूल्यभन्दा घटी मूल्यको बिल जारी गरेको वा PAN/VAT मा दर्ता नै नगरी कारोबार गरेको पाउनु भएमा हामीलाई तत्काल खबर गरी राजस्व चुहावट नियन्त्रण कार्यमा सहयोग गर्नुहुन अनुरोध छ । यस वर्षको विजयादशमी, शुभ दिपावली तथा छठ पर्वको मंगलमय शुभकामना !

विभागको हट लाईनः ०१-५०१००८५
टोल फ्रि नम्बरः १६६०–०१–५५०००

**राजस्व अनुसन्धान विभाग, हरिहरभवन**

## राजस्व अनुसन्धान विभागको सूचना

राजमार्गमा गुडिरहेको कुनै मालवाहक गाडीले अवैध मालसामान ओसारपसार गरिरहेको वा भन्सार र कर छलेर मालसामान ढुवानी गरिरहेको सूचना तपाईंसँग छ भने हामीलाई जानकारी गराउनुहोस् । नाम र ठेगाना गोप्य राखी तपाईंलाई पुरस्कृत गरिनेछ ।

| | |
|---|---|
| **राजस्व अनुसन्धान विभाग**<br>**हरिहरभवन, ललितपुर**<br>टेलिफोन नं. १६६०-०१-५५००० [पैसा नलाग्ने (Toll Free) नम्बर]<br>टेलिफोन नं. : ०१-५०१००८५, ०१-५०१००५७, ५०१०१०६<br>फ्याक्स नं. : ०१-५५४२०२३<br>इमेल : info@dri.gov.np<br>वेवसाइट : www.dri.gov.np | **पूर्वाञ्चल क्षेत्रीय कार्यालय**<br>**इटहरी, सुनसरी**<br>टेलिफोन नं. : ०२५-५८०८३५<br>०२५-५८२६०४<br>फ्याक्स नं. : ०२५-५८०८३५<br>चारआली चेकपोष्ट: ०२३-४६०६४४ |
| **मध्यमाञ्चल क्षेत्रीय कार्यालय**<br>**पथलैया, बारा**<br>टेलिफोन नं. : ०५३-५२०२८८, ०५३-५२०४५८,<br>फ्याक्स नं. : ०५३-५२०२८८<br>वर्दिवास चेकपोष्ट: | **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**<br>**बुटवल, रुपन्देही**<br>टेलिफोन नं. : ०७१-५४१०१७<br>फ्याक्स नं. : ०७१-५४१०१७<br>रामनगर चेकपोष्ट: ०७१-५५१२२९<br>वर्दघाट चेकपोष्ट: ०७८-५८०७७१ |
| **मध्य तथा सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**<br>**कोहलपुर, बाँके**<br>टेलिफोन नं. : ०८१-५४०००४<br>फ्याक्स नं. : ०८१-५४०२३९<br>अत्तरिया चेकपोष्ट: ०९१-५५१२०० | |